CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मर्यादा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

Public Domain. Digitization by eGangotri.Funding: MIDF
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDH

मर्यादा

२

(श्री ५ वीरेन्द्र गद्दीआरोहण रजतमहोत्सवाङ्क)

२०५३

संपादक मण्डल

सह प्रा. श्री स्थानेश्वर गौतम
सह प्रा. डा. श्री भोजराज पन्त
उप प्र. श्री गंगामणि शर्मा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIL

प्रकाशक :
महेन्द्र संस्कृत विश्वविद्यालय
मध्यपश्चिमाञ्चल क्षेत्रीय शास्त्रानुसन्धान परिषद्
विश्वविद्यालय विद्यापीठ, दाङ।

वि. सं. : २०५३ साल

कम्प्युटर : महेशकुमार शर्मा

मुद्रक :
राप्ती अफसेट प्रेस
त्रिभुवननगर घोराही, दाङ।
फोन नं. ०८२-६००८४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF



श्री ५ महाराजाधिराज वीरेन्द्र वीरविक्रम शाहदेव
कुलपति – महेन्द्र संस्कृत विश्वविद्यालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MIL

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MIL

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभकामना

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको गद्दी आरोहण रजत महोत्सवको म अवसरमा महेन्द्र संस्कृत विश्वविद्यालय अन्तर्गत मध्यपश्चिमाञ्चल क्षेत्रीय शास्त्रानुसन्धान रषद्द्वारा "मर्यादा" पत्रिकाको द्वितीयपुष्प प्रकाशित हुन लागेको यस शुभघडीमा सर्वप्रथम यस रवविद्यालयका संस्थापक तथा कुलपति श्री ५ महाराजाधिराज सरकारका जुनाफमा सुस्वास्थ्य, र्घायुष्य तथा सुखसमृद्धिको हार्दिक शुभकामना समर्पण गर्दछु। मध्यपश्चिमाञ्चल क्षेत्रबाट प्रकाश्यमान ार्यादाले आफ्नो क्षेत्रमा वसोवास गर्ने विभिन्न जातजातिका मानिसहरुले परम्परागत रुपमा मान्दै र पालन गर्दै आएका विभिन्न धार्मिक, सांस्कृतिक एवं व्यावहारिक मर्यादाहरुको स्थिति र त्यसको माणिक आधारका साथै त्यसमा रहेका वैज्ञानिक मर्मलाई सबैले बुझ्न र अनुसरण गर्न सक्ने खालका जपूर्ण लेखहरु प्रकाशित गर्नेछ । हाम्रो समाजले मान्दै र व्यवहारमा प्रयोग गर्दै आएका मूल्य र न्यताहरु वैज्ञानिक दृष्टिले उपयोगसिद्ध छन् भन्ने कुराको यस प्रकाशनले प्रामाणिक अभिव्यक्ति न गरी दृढविश्वास जगाउन समेत सक्षम हुनेछ ।

मर्यादा पत्रिकाको यस अंकले नेपाल र नेपालीको एकताका प्रतीक राजा र राजसंस्थाको मामय अभिलेखलाई समावेश गरी राजा र नेपाली जनताका बीचको पारस्परिक सुमधुर प्रेम र भावलाई उजागर गर्नेछ ।

अन्तमा यस अंकका लेखक र सम्पादन कार्यमा संलग्न विद्वान्हरुप्रति हार्दिक साधुवाद ज्ञापन मर्यादा पत्रिका आफ्नो उद्देश्य परिपूर्ति गर्न सक्षम हुनेछ भन्ने विश्वासका साथै पत्रिकाको रोत्तर प्रगतिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु ।

माधवराज गौतम
उपकुलपति
महेन्द्र संस्कृत विश्वविद्यालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MIL

शुभकामना

श्री ५ महाराजाधिराज सरकारको गद्दीआरोहण रजत महोत्सवको शुभ उपलक्ष्यमा त परिषद्ले "मर्यादा" नामक अनुसन्धानमूलक पत्रिका प्रकाशन गर्न लागेको सुन्दा खुसी लागेको

यस पत्रिकाले नेपाली संस्कृति, परम्परा तथा अन्य शास्त्रीय विषयहरुमा अध्ययन अनुसन्ध गरी हाम्रा सांस्कृतिक मूल्य मान्यताहरुलाई प्रकाशमा ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्नेछ भ शुभकामना प्रकट गर्दछु ।

प्रा.डा. वावुराम पोखेल
शिक्षाध्यक्ष
महेन्द्र संस्कृत विश्वविद्यालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शुभकामना

यो अनुसन्धानको युग हो । अनुसन्धान, खोज, अन्वेषण गरेमा मात्र सारतत्त्व निक्लन्छ । पृथ्वी भित्रको हीरा खोज्नै पर्छ, मोती पाउन समुद्रमा गोता लाउनु पर्छ । हाम्रा शास्त्रहरुको अध्ययन नुसन्धान गरेमा नपाइने केही पनि छैन । भनेको पनि छ – "यदींहास्ति तदन्यत्र यन्नेहास्ति न त्क्वचित्" । शास्त्रहरुको गहिरो अध्ययन नहुँदा शास्त्रानुसन्धान हुन सक्दैन । शास्त्र अध्ययन गर्ने ावृत्ति लोप हुँदै गइरहेको छ, अनुसन्धान कसरी हुने ? आजभोलिसम्म केही विद्वान्हरु अनुसन्धान गर्न क्षम भए पनि तत्परता छैन । संस्कृतका ग्रन्थहरुको अनुसन्धान गरेर केही दिन नसकेमा संस्कृतप्रति नास्था बढ्न सक्छ । अनास्था बढ्दै गएमा संस्कृत अध्ययनप्रति अरुचि पैदा होला । संस्कृतको ध्ययन अध्यापन हराउँदै गएमा हामी हराउन बेर छैन, हाम्रो अस्तित्व समाप्त भएर जान के बेर ? यसकारण बेलैमा सबै कुरा सोच्नै पर्छ । यही सोचको उपज हो शास्त्रानुसन्धान परिषद् । ास्त्रानुसन्धान परिषद्ले मर्यादा पत्रिका मार्फत् अनुसन्धानको जो गोरेटो बनाउँदै गइरहेको छ, त्यो शंसनीय छ । प्रथम चरणमा परिषद्ले जातीय एकताको भनौं या नेपाली एकताको एकसूत्र बनाउने यासले नेपालमा बसोबास गर्ने सबै जात–जातिको मूल थलो र धर्म, संस्कृति, देवता आदिको ानुसन्धान गर्ने कार्य प्रारम्भ गरेको छ; यो ज्यादै राम्रो हो, यो नै पहिलो आवश्यकता पनि हो । एकता भएमा अरु अनेकन अनुसन्धान हुनसक्छ भन्नु साहस मात्र हो । एकता कायम गर्ने संकल्प र दृढता नै पर्छ । मुखले एकता हुँदैन व्यवहारबाट हुनुपर्छ । पहिले ठूलो समूहको एकता हुन नसके पनि संघ ंघबाट महासंघ बनेजस्तै सानो सानो समूहको एकताबाट ठूलो समूहको एकता हुन्छ । यो भार शेष गरेर संस्कृतका युवकहरुको काँधमा छ । सँस्कृतका सबैथरीका युवकहरु जागरुक हुनुपर्छ । ास्त्रहरुको विशाल फाँट छ । विशाल फाँटमा विचरण गर्न विशाल हृदय हुनुपर्छ । अर्को विशेष ध्यान नुपर्ने कुरा छ विधर्मी संस्कृतिको प्रवेश कसरी रोक्ने ? यो हामी हामीमा नै भेदभाव गरेर रोक्न किंदैन । त्यसतर्फ उन्मुख हुने जातिगत समाजको मर्का बुझ्नुपर्छ । त्यसको समाधान हुनुपर्छ । अनि कता कायम हुन्छ । हिन्दुत्व स्थिर रहन्छ इत्यादि कुरा पत्रिकामार्फत सर्वत्र पुगोस् यही रो शुभाशंसा छ ।

दत्तात्रेय शर्मा दाहाल
कुलसचिव
महेन्द्र संस्कृत विश्वविद्यालय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

सम्पादकीय

नेपाल अधिराज्यमा रहेका विभिन्न जात जातिका धर्म, संस्कृति, भाषा, रीतिरिवाज, रहनसह र विधिव्यवहारमा पाइने विविधतालाई शास्त्रसम्मत दृष्टिकोणबाट विवेचना गरी त्यसमा रहेका यथा वस्तुस्थितिलाई सर्वसाधारणले पनि बुझ्न सक्ने शैलीमा स्पष्ट्याउने र शास्त्रका बारेमा जनसाधारण रहेका द्विविधाहरुलाई सबैका सामु छर्लङ्ग्याउने दृष्टिकोणले महेन्द्र संस्कृत विश्वविद्यालयले अधि ाज्यका पाँचै विकास क्षेत्रमा "शास्त्रानुसन्धान परिषद्" का शाखाहरुको गठन गरेको कुरा हामील विदितै छ ।

शास्त्रानुसन्धान परिषद्का पाँचवटा शाखाहरुमध्ये "मध्यपश्चिमाञ्चल क्षेत्रस्तरीय" यो प एउटा शाखा हो । यस शाखाले विगत वर्षमा श्री ५ महाराजाधिराज सरकारको स्वर्णजन्मोत्सवको पावन अवसरमा शास्त्रानुसन्धान परिषद्को मुखपत्रका रुपमा "मर्यादा" पत्रिकाको प्रकाशन आर गरेको थियो । यस वर्ष पनि संयोगवश श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको गद्दी आरोहण रजतवर्ष परेकोले यस पत्रिकालाई खण्ड "क" र खण्ड "ख" मा विभाजन गरी खण्ड "क मा रजतवर्षको शास्त्रीय दृष्टिकोणमाथि प्रकाश पार्ने प्रयास गरिएका लेखहरुलाई समावेश गरेका भने खण्ड "ख" मा विविध समसामयिक चिन्तनप्रधान शास्त्रीय एवं सांस्कृतिक विषयहरुसंग सम्ब लेखहरुलाई समेट्ने प्रयास गरेका छौं ।

प्रस्तुत अंकमा समावेश गरिएका सामग्रीमा रहेका कमी कमजोरीका बारेमा यथासम सुझाव, निर्देशन र मार्गदर्शन पाउनका लागि मर्यादा परिवार विज्ञ पाठकहरुमा हार्दिक अनुरो गर्दछ । विविध कठिनाइहरुको उपस्थितिले गर्दा चाहँदा चाहँदै र प्रयास गर्दागर्दै पनि प्रस्तुत अंक कलेवर दुब्लो नै छ, यसलाई समृद्ध र सबल बनाउने अभिभारा पनि हामी पाठकवर्गसंग भागव गर्न चाहन्छौं । प्रारम्भ गर्ने दायित्व हाम्रो र पत्रिकालाई सबल र समृद्ध पार्ने काममा स्तरीय योगद पुऱ्याउने जिम्मेवारी तपाईंहरुमा पनि निहित छ भन्ने कुरामा हामीहरुले आशा एवं विश्वास लिए छौं ।

शास्त्रानुसन्धान परिषद्ले युगसापेक्षरुपमा खेल्नुपर्ने भूमिकाका बारेमा र "मर्यादा" मर्यादित स्तर उकाल्नमा गर्नुपर्ने प्रयासहरुका सम्बन्धमा विद्वान् लेखक, समालोचक र जिज्ञासु सबै मार्गनिर्देशनको कदर गर्ने वाचा गर्दै प्रस्तुत अंकले "शास्त्रानुसन्धान परिषद्" को उद्देश्य परिप्राप्ति यत्किञ्चित् पनि योगदान पुऱ्याउन सक्यो भने हामी हाम्रो प्रयासलाई सफल हुनसक्ने ठान्ने छौं

अन्त्यमा प्रस्तुत अंकको प्रकाशन गर्नमा सहयोग पुऱ्याउनुहुने विद्वान् लेखक र पत्रिका आवरण बनाइदिई सहयोग गर्नुहुने उप-प्रा. श्री काशीराज पोखेल तथा पत्रिका प्रकाशनमा निरन् लगनशील भई सहयोग गर्नुहुने श्री श्यामप्रसाद खनाललाई साधुवाद दिँदै सहयोगी अन्य महानुभावहरु साथै पत्रिकालाई आफ्नो अमूल्य सम्मति दिनुभै उत्साह अभिवृद्धि गरिदिनुहुने विश्वविद्यालय आदरणीय पदाधिकारीज्यूहरुप्रति कृतज्ञता व्यक्त गर्नु पनि हामी आफ्नो कर्तव्य मान्दछौं ।

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारको गद्दी आरोहणको रजत वर्ष पावन अवसरमा मौसुफका जुनाफमा सुस्वास्थ्य, दीर्घायुष्य र दीर्घसुशासनका लागि परमेश्वर मर्यादा परिवार हार्दिक प्रार्थना गर्दछ ।

इतिशम्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषय–सूची

क्र सं	के	कसको	कहाँ
	(खण्ड–क)		
१.	गद्दीआरोहण रजतमहोत्सव : श्री ५ मा अभिवन्दना र महोत्सवबारे विवेचना	– स्थानेश्वर गौतम	१
२.	राष्ट्रिय एकताका प्रतीक श्री ५ वीरेन्द्र	– प्रा. दामोदर शर्मा	५
	(खण्ड–ख)		
३.	आयुर्वेदको उत्पत्ति र अष्टाङ्ग विभाजन तथा आयुर्वेदको मौलिक आधार	– डा. लक्ष्मीकान्त चापागाईं	८
४.	वर्ण–विवेचन	– प्रा. दत्तात्रेय शर्मा दाहाल	१७
५.	वातावरणको सन्दर्भमा पौरस्त्य चिन्तन	– स्थानेश्वर गौतम	२३
६.	आदर्श नारी	– डा. विष्णुप्रसाद शर्मा देवकोटा	३०
७.	खैरावाङ् (भुवनेश्वरी) भगवती : एक चर्चा	– रत्नाकर देवकोटा	३४
८.	सनातन हिन्दू धर्मको स्वरूप र मूर्तिपूजाको महत्त्व	– चतुर्भुज शर्मा पौडेल	४०
९.	पैतृक संपत्तिमा छोरीको हक	– देवमणि भट्टराई	४५
१०.	मगर जातिबारे केही जानकारी	– लालमणि लामिछाने	५१
११.	अन्तर्वार्ता		५२
१२.	सन्देह निर्णय समितिका निर्णयहरु		५६
१३.	मध्यपश्चिमाञ्चल क्षेत्रीय शास्त्रानुसन्धान परिषद् र सन्देह निर्णय समितिका सदस्यहरुको नामावली		५८

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खण्ड - क

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गद्दीआरोहण रजतमहोत्सव : श्री ५ मा अभिवन्दना र महोत्सवबारे विवेचना

– स्थानेश्वर गौतम

२०५३ वैक्रमाब्द हामी सम्पूर्ण नेपालीको लागि अतिशय गौरव र खुसीको वर्ष हो । नेपालको राष्ट्रिय एकताका प्रतीक परमप्रिय राजा श्री ५ वीरेन्द्रवाट गद्दीआरोहण गरिवक्सी लोकहितकारी सुशासन प्रारम्भ गरिवक्सेको २५ वर्ष भएको छ यस वर्ष । अर्को थप गौरवको विषय के पनि छ भने मौसूफको स्वर्ण शुभजन्मोत्सव वर्ष पूरा हुनु र गद्दीआरोहण रजत वर्ष प्रारम्भ हुनुले वैदिक सँस्कृतिको आश्रम व्यवस्था अनुरुप व्रह्मचर्याश्रमको अवस्था पूर्ण हुनुसँगै दोस्रो चरण गृहस्थाश्रममा प्रारम्भ भएको वैदिक धर्मावलम्वी राजाको लोकहितकारी सुशासनको रजत महोत्सव मनाउन पाउनु महत्वपूर्ण हुन गएको छ ।

"राजा प्रकृति रञ्जनात्" जनतामा अमनचयन कायम गर्नाले नै राजामा राजत्व रहन्छ भनेझैं जनताको हित नै आफ्नो हित ठानेर लोकसम्मति अनुकूल शासनव्यवस्था कायम गर्ने उदात्त परम्परा अनुसार नै मौसूफवाट गद्दीआरोहणको प्रारम्भदेखि नै लोकहित र राष्ट्रोन्नतिका अनेकौं सफल कार्यहरु गरिवक्सेर प्रत्येक जनताको हृदयमा स्थान ग्रहण गरिवक्सेको छ । राजाको निमित्त सवैभन्दा ठूलो विजय जनताको हृदय विजय नै हो "नरदुर्गं सुदुर्लभम्" ।

२०२८ साल माघ १७ गते श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव सरकारवाट राजगद्दी आरोहणको शुभकार्य सम्पन्न भएपछि सुशासनको वाग्डोर मौसूफका हातमा आएको हो र त्यसको केही दिन पछि नै "भोक र रोगले पीडित मेरा प्यारा प्रजाप्रति मेरो जिम्मेवारी छ" भन्ने सद्भावना अभिव्यक्त गरिवक्सेको थियो । २०२८ साल माघ १७ गते गद्दीआरोहण भएतापनि मौसुफवाट वैदिक विधिपूर्वकको शुभ राज्याभिषेक २०३१ साल फागुन १२ गतेको शुभलगनमा श्री ५ वडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवीका साथ ग्रहण गरिवक्सेको हो र उक्त शुभ मुहूर्तकै सन्दर्भमा मौसूफ सरकारवाट "नेपाली राजमुकुट प्रजाको निमित्त, नेपाली प्रजा राजमुकुटका निमित्त, राजा र प्रजा दुवै नेपाल र नेपालीका निम्ति" भन्ने अमर भावना अभिव्यक्त गरिवक्सेर प्यारो राष्ट्र नेपाल र प्यारा प्रजा नेपालीका प्रति नै नेपाली राजसंस्था छाएको छ भन्न सकिन्छ । त्यसैगरी (१) यो देशको सार्वभौमिक स्वतन्त्रता जसवाट मात्र प्रत्येक नेपालीका व्यक्तिगत स्वतन्त्रता प्रादुर्भाव हुन सक्दछ,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDH

त्यो सार्वभौमिक स्वतन्त्रतालाई कसरी रक्षा गर्ने ? (२) कसरी हाम्रा प्यारा प्रजाको परिपालन र कल्याण गर्ने ? (३) कसरी हाम्रा देशवासीलाई सच्चा निसाफ दिलाई सुख शान्ति र स्वतन्त्रताको वाटोमा अग्रसर तुल्याउने ?

"हामी चाहन्छौं हाम्रो देशमा कोही भोका नाङ्गा नरहून्, ओखतीमूलोको अभावमा कसैले दुःख भोल्नु नपरोस्" आदि मौसूफका महिमामय अभिव्यक्तिहरुबाट श्री ५ वीरेन्द्र गद्दीआरोहणको प्रारम्भदेखि नै नेपालको सार्वभौमिक स्वतन्त्रता, जनताको वैयक्तिक स्वतन्त्रता, गास, वास, कपास, स्वास्थ्य, शिक्षा, सुरक्षाको हकभोग दिलाई देश विकास र प्रजातन्त्रप्रति जनतालाई अग्रसर तुल्याउन चिन्तित होइवक्सन्थ्यो भन्नलाई हिच्किचाउनु पर्दैन ।

सम्पूर्ण विकास, उन्नति र स्वतन्त्रताको आधार शिक्षा नै हो भन्ने सोचिवक्सेर नयाँ शिक्षाको प्रारम्भ गरिवक्सियो ।

लोकसम्मतिलाई नै शासन व्यवस्थाको आधार मान्न २०३६ सालमा जनमतसंग्रह घोषणा गरिवक्सनुको साथै परिवर्तित समयानुकूलको लोकसम्मतिलाई नै हृदयङ्गम गरिवक्सेर २०४६ को जनआन्दोलनलाई फलीभूत तुल्याइवक्स्यो ।

नेपालको सन्तुलित विकासको चाहना गरिवक्सी क्षेत्र विभाजन तथा निरीक्षण भ्रमण गरिवक्सनुका साथै कृषि उन्नतिका लागि भौगोलिक अवस्थिति अनुकूल कृषि नीतिको घोषणा गरिवक्स्यो ।

आफ्नो प्यारो राष्ट्र नेपाललाई अन्तर्राष्ट्रियस्तरमा परिचित र प्रतिष्ठित तुल्याउन विभिन्न राष्ट्रहरुको भ्रमण तथा अन्तर्राष्ट्रिय सभासम्मेलनमा भाग लिइवक्सेर नेपालको सार्वभौमिक प्रतिष्ठालाई उच्च गराइवक्सनाले "रक्षार्थमस्य लोकस्य राजानमसृजत् प्रभुः" भन्ने प्राचीन राजर्षिहरुको परिकल्पना र आधुनिक राज्य व्यवस्थाको अवधारणाअनुसार पनि श्री ५ वीरेन्द्र सर्वतोभावेन राष्ट्रिय एकताका प्रतीक तथा राष्ट्र र संविधानका परमसंरक्षक होइवक्सेको छ ।

लोकहितकारी राजाको मंगलमय सुशासनको २५ वर्ष पुगेको महोपलक्ष्यमा सभक्ति वधाई एवं सुस्वास्थ्य तथा दीर्घ सुशासनको लागि मंगलमय हार्दिक शुभकामना अर्पण गर्दै २५ औं वर्ष रजत महोत्सवको रुपमा किन र कसरी भन्ने सन्दर्भमा केही शास्त्रीय युक्ति चिन्तन प्रस्तुत गर्न चाहन्छु ।

विशिष्ट महापुरुषहरुको जन्म, संघ-संस्था र विशेष कार्य आरम्भ भएको पच्चीसौं वर्षमा रजत महोत्सव मनाउने गरेको सर्वत्र देखिन्छ तापनि यो परम्परा कहिलेदेखि कहाँवाट चल्यो यसै किटेर भन्न सक्ने स्थिति छैन ।

वैदिक सिद्धान्त एवं विधिविधान अनुसार विशेष विशेष कार्यहरु विशेष विशेष समयमा मात्र गर्नुपर्ने हुन्छ, जो स्वाभाविक पनि छ । ऋतुविशेष अनुसार फरक फरक कार्य गर्ने व्यवस्था प्रकृतिसिद्ध तथा अनुभवसिद्ध छँदैछ । अन्तरिक्षमा रकेट प्रक्षेपण गर्ने यान्त्रिक काम त जहिले तयार हुन्छ उहिले प्रक्षेपण नगरी ग्रहस्थिति हेरेर उचित समयमा उचित कोण दिशामा प्रक्षेपण गर्नु पर्दछ भने खगोल भित्रका विभिन्न ग्रह देवताहरुको सूक्ष्मशक्ति आकर्षण गरी फल प्राप्त गरिने दीर्घकालिक यज्ञादि कार्यहरुको लागि विभिन्न ग्रहहरुको के कस्तो स्थिति ठीक हुन्छ भन्ने ठीक मुहूर्त पत्ता लगाउनै पर्दछ । वैदिक परम्पराअनुसार कालगणनाको लागि ५ वटा विधि प्रचलित छन् ।–

१)	सौरमान अनुसार ३६५ दिनको	सौर संवत्सर
२)	वृहस्पतिमान अनुसार ३६१ दिनको	वार्हस्पत्य संवत्सर
३)	सावनमान अनुसार ३६० दिनको	सावन संवत्सर

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

४) चान्द्रमान अनुसार ३५४ दिनको चान्द्र संवत्सर
५) नक्षत्रमान अनुसार ३२४ दिनको नाक्षत्र संवत्सर

ती विभिन्न संवत्सरहरुमध्ये आब्दिक कार्य (कम्तीमा १ वर्ष लगाएर गरिने यज्ञादि कार्य) र पितृ कार्यको लागि चान्द्रमान ठीक हुन्छ भनिएको छ ।

शुक्ल यजुर्वेदको सावित्रीचयन प्रकरणमा चान्द्र संवत्सरका अवान्तर भेदको उल्लेख गरिएको छ –

"संवत्सरोऽसि परिवत्सरोऽसीदावत्सरोऽसीद्वत्सरोऽसि वत्सरोऽसि" २७/४५ ।

त्यसैगरी ब्रह्मवैवर्तपुराणमा पनि पहिलो संवत्सर, दोस्रो परिवत्सर, तेस्रो इदावत्सर, चौथो अनुवत्सर र पाँचौं इद्वत्सर हुन्छ, यी पाँचको समुदाय एक युग हुन्छ भनिएको छ ।

संवत्सरस्तु प्रथमो द्वितीयः परिवत्सरः ।
इदावत्सरस्तृतीयश्चतुर्थश्चानुवत्सर ः॥
इद्वत्सरः पञ्चमस्तु तत्संघो युगसंज्ञक ः॥

यहाँ विशेष यो छ कि प्रभवदेखि क्षयसम्मका जम्मा ६० संवत्सर हुन्छन् । यिनीहरुलाई ५-५ को समुदाय वनाएर भाग गर्दा जम्मा १२ पञ्चक गोष्ठी वन्दछन् । तदनुसार पहिलो पञ्चक संवत्सर दोस्रो पञ्चक परिवत्सरका क्रमले ५×५=२५ वर्षको एक युग हुन्छ भनी ज्यौतिष शास्त्रमा स्पष्ट गरिएको छ भनेर माधवाचार्यले व्याख्या गरेका छन् ।

"प्रभवमारभ्य क्षयान्तेपु षष्टिवर्षेपु द्वादश पञ्चकानि । तत्रैकस्मिन् वर्ष पञ्चके एकैक क्रमेण संवत्सरादयो भवन्ति । तदेतत्सर्वं ज्योतिः शास्त्रादवगन्तव्यम्" इति कालमाधवे । अव विष्णुधर्मोत्तर पुराणमा (३।११७।२-३) वताएअनुसार संवत्सरमा तिलदान, परिवत्सरमा जौ दान, इदावत्सरमा वस्त्रदान, अनुवत्सरमा धान्यदान र इद्वत्सरमा रजतदान महाफलदायक हुन्छ भनिएको छ। यी तिल आदि दान यज्ञका अधिष्ठातृ देवता क्रमैले अग्नि, सूर्य, सोम, प्रजापति र महेश्वर निर्दिष्ट गरिएका छन् ।

संवत्सरे तु दातृणां तिलदानं महाफलम् ।
परिपूर्वे तथा दानं यवानां द्विजसत्तम ॥
इदापूर्वे च वस्त्राणां धान्यानां चानुपूर्वके ।
इत्पूर्वे रजतस्यापि दानं चोक्तं महाफलम् ॥

पाँच पाँच वर्ष तिल आदि दान गरेर महाफल प्राप्त गरिने यो कुन यज्ञ हो ? पुत्रप्राप्तिको पुत्रेष्टि भने जस्तो यो २५ वर्षे यज्ञलाई अमुक फल पाइने अमुक यज्ञ भनेर केही उल्लेख गरिएन। अर्को कुरा २५ वर्ष लगाएर साधारण गृहस्थीले यज्ञ गर्न सक्ने कुरा पनि भएन । यस्ता दीर्घकालिक यज्ञ त या त ऋषि महर्षिहरुले गर्दथे, या त सरकारको हैसियतमा राजा महाराजाहरुले मात्र गर्न सकिने हुन्छ ।

अव यी दुईमध्ये यहाँ "दातृणां महाफलम्" दान गर्नेहरुलाई महाफल प्राप्त हुन्छ भनेको हुनाले ऋषिहरुले लौकिक महाफलको लागि दान यज्ञ गर्ने कुरै भएन । उनीहरुले त ज्ञान यज्ञ गर्दथे । अतः यो विनानामको दान गर्ने यज्ञ कुन हुन सक्ला ? अवश्य पनि राजाले आफ्नो राजकार्यको प्रारम्भ गरेपछि पाँच पाँच वर्षका पाँचवटा पञ्चवर्षीय योजना वनाई गर्ने राष्ट्रोन्नति यज्ञ नै हुनुपर्दछ ।

यहाँनेर शङ्का के हुन सक्दछ भने उसो भए राजाले किन २५ वर्षे योजना मात्र बनाए ? अथवा २६औं वर्षदेखि फेरि तिलदान यज्ञ शुरु गर्ने कि ? यो कुरा होइन । उहिलेका मानिसहरु प्रायः पूर्णायुका हुन्थे १००

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वर्ष । त्यस्तै आश्रम व्यवस्थाको पनि पूर्ण पालना हुन्थ्यो । २५ वर्षको उमेरसम्म युवराजको रुपमा अध्ययन, २६ औं वर्षमा राज्यारम्भ, ५१ औं वर्षमा युवराज समर्थ भएपछि राज्यभार सौंपेर वानप्रस्थाश्रम गर्ने चलन थियो । त्यसकारण एउटा राजाको राज्यकाल भनेको २५ वर्ष नै थियो । यही कुरालाई नै आधार मानेर प्राचीनकालको इतिहास लेख्दा क्रमवद्ध वंशावली पत्ता नलागेमा २५ वर्षका दरले गणना गरी कुनै राजवंशको पुस्ता गन्ने चलन हुन्छ । यो व्यवस्था इतिहासकारलाई भलीभाँती ज्ञात हुनु पर्दछ ।

रजत महोत्सवको सन्दर्भमा अव विचार गर्नुपर्ने कुरा के भने २५ वर्ष राष्ट्रोन्नतिको यज्ञ हो भने प्रथम पांच वर्षमा तिलदानको क्रमले तिल, जौ, वस्त्र, धान्य, रजत दानको के संवन्ध ? हो, रहस्यको गाँठो यहींनेर छ र गाँठी कुरा यही हो । विना जमीन अन्न खेती हुँदैन भने विना वुद्धि राष्ट्रोन्नति पनि हुँदैन । तिल, जौ आदि यथार्थ र प्रतीक दुवै भएका छन् यहाँ । प्राच्य कृषिविज्ञानमा खेतीको जमीन विग्रियो भने भूमिशोधन कसरी गर्ने भन्दा त्यस्तो अनुत्पादक भएको सम्पूर्ण जमीनमा पहिले तिल छर्ने र तिल उम्रेपछि फुल्नेफुल्ने वेलामा सम्पूर्ण तिलका वोटहरुलाई त्यही जमीनमा मिलाइदिएपछि जमीन पुनः उर्वर हुन्छ भनिएको छ । राष्ट्रको सम्पूर्ण जमीनमा एकै वर्षमा यसरी तिल छरेर भूमिशोधन गर्ने काम मात्र त भएन । अतः पाँच खण्ड गरी ५ वर्षमा शोधनकार्य पूरा गर्नको लागि ५ वर्ष तिलवर्ष भयो । त्यसपछि पूर्ण खण्डीकृत जमीनको क्रमको कोमल, स्वास्थ्यकर र प्रदूषणरहित अन्न जौ मानिन्छ, अतः स्वस्थ भोजनवाट स्वास्थ्य व्यवस्थाको दोस्रो पञ्चक भयो, तदन्तर तेस्रो क्रममा वस्त्रव्यवस्था, उत्पादन, चौथो क्रममा विविध खाद्यान्न उत्पादन र पाँचौं क्रममा नगदे वाली आदिवाट आय आर्जन, रजत आदि खनिज उत्पादन गरी राष्ट्र समृद्ध वनाउन भूमिपक्षमा यथार्थ हो भने वुद्धि पक्षमा पनि तत् तत् यथार्थ वस्तुको प्रतीकात्मकता मिल्न आउँछ । सुख र दुःख चक्र जस्तै घुमिरहने कुरा हुन्, सम्पन्नतामा विलास हुन्छ, विलासितावाट वुद्धि भ्रष्ट हुन्छ, वुद्धि भ्रष्ट भए विनाश हुन्छ, अतः विनाशवाट वचाउनको लागि पनि नयाँ राजाले आफ्नो नयाँ राज्यकालमा राष्ट्रोन्नतिका लागि सर्वप्रथम जनताको वुद्धिरुपी भूमिशोधन गर्नको लागि तिलवाट भूमिशोधन गरेझैं शिक्षा र अनुशासनद्वारा वुद्धिशोधन, त्यसपछि स्वास्थ्यरुपी जौ, त्यसपछि सुरक्षारुपी वस्त्र (कपास), चौथो चरणमा विविध वौद्धिक उन्नति (धान्य, कलाकौशल) अन्तमा व्यापार वाणिज्यआदिद्वारा समग्र राष्ट्रोन्नतिको फलस्वरुप राजाको सत्कीर्तिको प्रतीक चाँदी (रजत) । यसरी समग्र रुपमा राष्ट्रको उन्नति गरेर कीर्ति कायम गर्ने राजाले आफ्नो राज्यकालको अन्तमा रजत दान गरी पारलौकिक भूमिशोधन गर्नु स्वाभाविक हुन आउँछ । कीर्ति महोत्सवको रुपमा यस्तो रजतमहोत्सवको कार्य २५ औं वर्षमा नै हुने हुँदा परापूर्वकालदेखि नै रजतमहोत्सव गर्ने परम्परा चलिआएको भन्न सकिन्छ । राष्ट्रोन्नतिको यज्ञमा प्रत्येक राजाले गर्ने पर्ने शाश्वत विविध दानकार्य शास्त्रीय रुप दिई मार्गदर्शन गर्ने हाम्रा पूर्वज महर्षिहरुको यस्तो उदात्त चिन्तन सदासर्वदा अमर रहोस् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

राष्ट्रिय एकताका प्रतीक श्री ५ वीरेन्द्र

— प्रा. दामोदर शर्मा

राजाको राजतालाई सुरक्षित गरून् हरि ।
भन्दै म हरिको ध्यान गर्छु मन्ले सधैंभरि ॥१॥
राजाको राजता त्यो हो सर्वप्रकृतिरञ्जन ।
त्यसैले शास्त्रले भन्छन् राजा प्रकृतिरञ्जनात् ॥२॥
राजा नाम त्यसै हुन्न विना प्रकृतिरञ्जन ।
भन्दै राजाहरु गर्छन् सर्वप्रकृतिरञ्जन ॥३॥
प्रजारञ्जन त्यो हुन्न विना दुःखप्रभञ्जन ।
भन्दै राजाहरु गर्छन् प्रजादुःखप्रभञ्जन ॥४॥

यसबारेमा राम र लक्ष्मणको संवाद छ :–

रामचन्द्र भगवान्ले लक्ष्मणलाई भन्नुहुन्छ - अहिले म राजा छु । राजाको कर्तव्यलाई मैले सावधान भएर पूरा गर्नुपर्छ, राजाको कर्तव्य हो -प्रजाहरुमध्ये कस–कसलाई के के कुराको खाँचो छ त्यो कुरा संभव भएसम्म यथासमय पूरा गर्नु, त्यसबारेमा पूर्ण सावधान हुनु, नत्र राजा नाम सार्थक नहुनुका साथै आफ्नु कर्तव्य पूरा नगरे वापत राजामाथि ठूला ठूला विपत्ति आइलाग्छन्, यसबारेमा म दुईवटा कुरा भन्छु सुन–

१) नृग राजा ठूला दानी थिए । धेरै धेरै गाई दान गर्दा भूल भएर एउटा ब्राह्मणको गाई पनि दान गरेछन् । दान पाउने ब्राह्मण र गाईको मालिक ब्राह्मण भेट भएर कसरी यस्तो भयो ? जाऔं राजासंग कुरा गरौं भन्दै नृग राजाको दरवारमा गए, ४/५ दिन कुर्दा पनि राजाको दर्शन हुन सकेन र यस्ता असावधान स्वकर्तव्यमा अतत्पर राजा छेपारो भएर धेरै वर्ष दुःख पाऊन् भन्दै श्राप दिएर गए, नृग राजा पनि छेपारो भएर धेरै वर्ष दुःख पाए । (वाल्मीकि रामायण उत्तरखण्ड ५३ सर्ग)

२) अर्को कथा - निमि राजाले ठूलो यज्ञ गर्ने विचार गरेर यज्ञको आचार्यको रुपमा आफ्ना गुरु वसिष्ठलाई वरण गर्ने निश्चय गरेर वसिष्ठसंग कुरा गर्दा वसिष्ठ मुनि "अहिले म इन्द्रले गर्ने यज्ञमा इन्द्रद्वारा वरण भैसकेको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDR

छु, इन्द्रको यज्ञ सकिएपछि आउँछु र हजुरको यज्ञ गरौंला, तवतक पर्खनुहोस्" भनेर जानुभयो । निमि राजाले इन्द्रको यज्ञ सकेर गुरु आउन्जेल र त्यसपछि पनि यज्ञ पूर्ण होउन्जेल वाँचिने हो होइन, जीवनकाल अनिश्चित छ, अहिले गर्न खोजिएको यज्ञ अर्के मुनिलाई आचार्य वनाएर भए पनि अहिले नै गर्न पऱ्यो, शुभस्य शैघ्रम्, राम्रो काम चाँडो गर्नुपर्छ भन्दै अर्के मुनिलाई आचार्य वनाएर यज्ञ गर्नुभयो । वसिष्ठ मुनि इन्द्रको यज्ञ सकेर आउँदा त निमि राजाको यज्ञ पनि सकिनै लागेको देखेर मुनिलाई सानु सानु रिस त उठ्यो, तर श्राप दिन लगाउने ठूलो रिस उठेन, आइहालें राजासंग भेटघाट कुरोकानी गरेर जान्छु भनेर धेरैवेर वस्दा पनि राजाको दर्शन हुन सकेन र मुनिलाई ठूलो रिस उठ्यो र मुनिले "यी निमि राजा मरिजाऊन्" भन्दै श्राप दिनुभयो । (वाल्मीकि रामायण उत्तरखण्ड ५३ सर्ग)

यी दुवै कथाको तात्पर्य हो- राजावाट प्रजाहरुको उचित चाहना यथासमय निर्वाधरुपले पूर्ण होस् र प्रजाहरु प्रफुल्लित होऊन्, जसवाट राजामा पनि प्रजामा पनि सम्पत्ति ओइरो लाग्दछ, जस्तै नीतिशास्त्रको भनाइ छ– जनानुरागप्रभवा हि सम्पदः= प्रजा प्रसन्न भएपछि सम्पत्ति ओइरो लाग्छ ।

यसको लागि आफू गुणी हुनु पर्छ, गुणी हुनको लागि विनयी हुनु पर्छ, विनयी भनेको इन्द्रिय जित्नु र केवल स्वार्थमा लम्पट नभएर प्रजाहरुको हितको लागि जागरुक हुनु हो । जस्तै नीतिशास्त्रको भनाइ छ :–

जितेन्द्रियत्वं विनयस्य लक्षणं गुणप्रकर्षो विनयादवाप्यते ।
गुणप्रकर्षेण जनोऽनुरज्यते जनानुरागप्रभवा हि सम्पदः ॥

इन्द्रिय जित्नु विनय हो, विनय भएपछि राम्रो गुणी वनिन्छ, यस्ता गुणीसँग प्रजा प्रसन्न हुन्छन्, प्रजा प्रसन्न भएपछि सम्पत्तिहरु प्राप्त हुन्छन् ।

प्रजाको हित गर्ने कुरामा राजावाट थोरै पनि असावधानी हुनुहुन्न, वाहिर ढोकामा जाऊ त लक्ष्मण! मसँग कुनै कुरा विन्ती गर्न कोही आएका त छैनन् ?

लक्ष्मणजीले वाहिर गएर हेर्दा एउटा भिक्षुकवाट आफूमाथि भएको अन्याय निवेदन गर्न आएको कुकुर देखियो । रामचन्द्र भगवान्ले अन्याय गरेका भिक्षुकलाई के सजाय दिने हो त ? भनेर कुकुरलाई सोद्धा कुकुरले त्यस भिक्षुकलाई कालञ्जर क्षेत्रको मठको महन्त वनाइदिनुहोस् भन्यो र रामचन्द्र भगवान्ले त्यसै गर्नुभयो, कुकुर पनि प्रसन्न भयो । यता ती भिक्षुकको लागि पनि उचितै भयो किनभने अन्यायको दण्ड राजावाट पाएपछि अन्याय गरेवापत नरक जान पर्दैन, जस्तै यिनै भिक्षुकले भनेका छन्–

क्रोधेन क्षुधयाऽऽविष्टस्ततो दत्तोऽस्य राघव ।
प्रहारो राजराजेन्द्र ! शाधिमामपराधिनम् ॥३०॥
त्वया शस्तस्य राजेन्द्र! नास्ति मे नरकाद् भयम् ॥
(वाल्मीकि रामायण उत्तरखण्ड प्रक्षिप्तसर्ग २)

मलाई भोक लागेको थियो । यो कुकुर वाटोमा भएर चाँडो जान नपाउँदा रिस उठ्यो र मैले यसलाई हानें, म अपराधी हुँ । मलाई दण्ड दिनुहोस्, हजुरवाट दण्ड पाएपछि मैले नरक भोग्न पर्दैन ।

राजा रामचन्द्रवाट कुकुररुपी प्रजाको त रञ्जन भयो भयो, दण्ड पाउने भिक्षुकरुपी प्रजाको पनि रञ्जनै भयो ।

राजाको यस्तो प्रभाव हुनुमा कारण छ–राजा भनेको विष्णु, व्रह्मा, महेश्वर, इन्द्र, वायु, धर्मराज, सूर्य, वरुण, कुवेर, चन्द्रमा, पृथ्वी, अग्नि, समुद्र आदि गरिएका वर दिन र श्राप दिन पनि समर्थ सवै देवताहरुको अंश हो, यी सवै देवताहरु राजाको शरीरमा हुन्छन् :–

University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विष्णुर्विरिञ्चो गिरिश इन्द्रो वायुर्यमो रविः ।
पर्जन्यो धनदः सोमः क्षितिरग्निरपाम्पति ः॥२६॥
एते चान्ये च विवुधाः प्रभवो वरशापयो ः।
देहे भवन्ति नृपतेः सर्वदेवमयो नृपः ॥२७॥
(श्रीमद्‌भागवत ४ स्क.१४ अ.)

राजालाई सानै उमेरका भए पनि मनुष्य भावना गरेर हेला गर्न हुन्न, किनभने राजा त वास्तविक मनुष्य नभएर मनुष्यरुपले रहेका ठूला देवता हुनुहुन्छ –

वालोऽपि नावमन्तव्यो मनुष्य इति भूमिपः ।
महती देवता ह्येषा नररुपेण तिष्ठति ॥
(मनुस्मृति ७/८)

यो दिग्दर्शनमात्र हो, शास्त्रमा खोजेपछि यस्ता वचन करोडौं पाइन्छन् ।

हाम्रा राजा श्री ५ वीरेन्द्र वीरविक्रम शाहदेव पनि राजा रामचन्द्र भगवान् जस्तै प्रजाको भलाइको लागि निरन्तर सावधानताका साथ तत्पर होइवक्सन्छ ।

मौसूफले प्राचीन शिक्षापद्धतिमा शिक्षाको राम्रो विकास हुन नसकेको देखेर २०२८ सालमा नयाँ शिक्षा योजना लागू गरिवक्सियो । विशेष विकासको लागि पूर्वाञ्चल (धनकुटा), मध्यमाञ्चल (काठमाडौं), पश्चिमाञ्चल (पोखरा), मध्यपश्चिमाञ्चल (सुर्खेत), सुदूरपश्चिमाञ्चल (डोटी) ५ विकासक्षेत्र घोषित गरिवक्सियो ।२०३१ सालमा नेपाल शान्तिक्षेत्र घोषित भयो भने नेपाली प्रजामा सुखशान्ति फैलिन्छ भनेर कैयौं भिन्न भिन्न राष्ट्रमा पुगेर तत् तत् राष्ट्रद्वारा आफ्नो नेपाललाई शान्तिक्षेत्र समर्थन गराइवक्सियो । प्रजाहरुले प्रजातन्त्रको खुवै चाहना गरेको देखेर २०४६ सालमा प्रजातन्त्र प्रदान गरिवक्सियो । २०३१ सालमा कक्षा १ देखि क्रमशः निःशुल्क शिक्षा प्रदान गर्ने घोषणा गरिवक्सियो । यस्ता प्रजाहितकारी कार्यहरु हाम्रा राजावाट धेरै सम्पन्न भए ।

साथै शिष्टता र सदाचारको वारेमा पनि हाम्रा राजा कम होइवक्सन्न । "मातृदेवो भव, पितृदेवो भव, आचार्यदेवो भव" को पालनमा हाम्रा राजाको राम्रो ध्यान छ । एक दिनको कुरा हो–कसैले नेपालमा संस्कृत विश्वविद्यालय दाङ वाहेक अर्कै ठाउँमा वनाउने कुरा गर्दा हाम्रा राजाले भनिवक्सेको थियो–पिताजीको सङ्कल्प संस्कृत विश्ववविद्यालय दाङमा वनाउने थियो, त्यस्तो हुनाले म दाङमा नै संस्कृत विश्वविद्यालय वनाउँछु । पितृ भक्तिले गर्दा नै वीरेन्द्र संस्कृत विश्वविद्यालय नाम नराखेर महेन्द्र संस्कृत विश्वविद्यालय नाम राखिवक्सियो ।

यी सवै गुणहरु राष्ट्रिय एकताका मूल आधार हुन् जो कि मौसूफमा मौजूद छन्, साथै निम्न आधारहरु पनि पूर्णरुपमा छन्–

कम्युनिष्ट, कांग्रेस, प्रजातन्त्र आदि कति नै पार्टी किन नहुन्, राजा सवैका साझा होइवक्सन्छ, गङ्गा जस्तै, सूर्य चन्द्र जस्तै सवैमा सम होइवक्सन्छ । राष्ट्रिय एकतामा जसवाट धक्का लाग्न सक्छ त्यस्तो कुनै पार्टीविशेषको पक्ष विशेषलाई लिएर काम गरिवक्सन्न, संविधानको मर्म वुझेर ठीक संविधानकै भावना अनुसार काम गरिवक्सन्छ । जुनै पार्टीको सरकार हुँदा पनि मौसूफको आफ्ना प्रजामा, राज्यमा सुख शान्तिकामना उत्तिकै छ, राष्ट्रान्तरवाट या अन्य कुनै उपायवाट स्वराष्ट्रको हितको चिन्ता र कार्यकलाप उत्तिकै छ ।

अन्तमा मौसूफको चिरायु र सुखशान्तिको हार्दिक मंगलमय शुभ–कामना अर्पण गर्दछु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खण्ड - ख

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आयुर्वेदको उत्पत्ति र अष्टाङ्ग विभाजन तथा आयुर्वेदको मौलिक आधार

—डा. लक्ष्मीकान्त चापागाई*

आयुर्वेदको उत्पत्ति र इतिहास

चराचर जगत्सृष्टिकर्ता ब्रह्माजीबाट आफ्नो सृष्टिलाई मर्यादित, संतुलित तथा विकसित गर्दै लैजानका लागि विविध रोगबाट आक्रान्त हुन सक्ने मानव जातिको रक्षार्थ अनादिकालमा स्वयं ब्रह्माजीबाट नै आयुर्वेद शास्त्र (Science of life) को रचना गरिएको हो। यस शास्त्रमा विश्व ब्रह्माण्डमा रहेका प्राणीहरुको अणु परमाणुको संरचनालाई विश्लेषण र विवेचना गरेको पाइन्छ। त्यसमा पनि विशेषतः मानवउत्पत्तिक्रमदेखि लिएर पूर्णावधिसम्मको जीवन सार्थक पार्न इहलौकिक तथा पारलौकिक सुख प्राप्त गर्ने एक मात्र अमूल्य आधार नै उत्तम स्वास्थ्य हो भने विना आरोग्य धर्म, अर्थ, काम, मोक्ष जस्ता मानव जीवनोपयोगी अत्युत्तम लक्ष्य प्राप्त गर्न नसकिने हुँदा प्रधान कारण नै उत्तम स्वास्थ्य पनि मानिएको छ। यथा"धर्मार्ऽर्थ काममोक्षाणामारोग्यं मूलमुत्तमम्।"

उत्तम स्वास्थ्य निर्माणका लागि आयुर्वेदशास्त्रले निर्देशित गरेका विषयहरुमा ऋतुचर्या, दिनचर्या, आहार, विहार, ब्रह्मचर्य, सदाचार आदि मुख्य हुन्। जसको पालनबाट शरीरमा हुने लाभ र त्यसको विपरीत आचरणबाट हुने हानि तथा त्यसको निराकरणका लागि गरिने निदान चिकित्सा समेतको विस्तृत वर्णन र विवेचना गरिएको छ। यसलाई हामीहरुले व्यावहारिक रुपमा लागू गर्न सकेमा शरीरमा लाग्ने विविध रोग, छिट्टै आउने वृद्धावस्था र अकाल मृत्युबाट हुन सक्ने खतरालाई पनि सजिलै टार्न सकिन्छ।

माथि उल्लेखित मूलभूत सिद्धान्त र उद्देश्यले आयुर्वेदशास्त्रको संरचना स्वयं ब्रह्माजीबाटै भएको निम्नोक्त गद्य पद्यांशबाट स्पष्ट हुन्छ। यथा, इह खल्वायुर्वेदमष्टाङ्गमुपाङ्गमथर्ववेदस्यानुत्पाद्यैव प्रजाश्लोक शतसहस्रमध्याय सहस्रञ्च कृतवान् स्वयम्भू:। (सु.सं.अ.१/६)

विधाताऽथर्व सर्वस्वमायुर्वेदं प्रकाशयन्।
स्वनाम्ना संहितां चक्रे लक्षश्लोकमयीमृजुम्॥ (भै.र १/९)

ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्ववेद र पुराणहरुमा आ-आफ्नै प्रकारले चिकित्सोपयोगी मन्त्र, तन्त्र, औषधि र शल्यक्रिया सम्बन्धी वर्णन गरिएको छ तापनि अधिकाधिक अथर्ववेदमा भएको हुनाले आयुर्वेदलाई अथर्ववेदको उपाङ्ग वा पाँचौं वेदको रुपमा मानिएको छ। आयुर्वेदमा शरीर इन्द्रिय मन र आत्माको संयोग हुनुलाई आयु भनिएको छ र आयुको विषयमा विशेष वर्णन गरिएको हुनाले आयुषो+वेद= आयुर्वेद भनिएको र यो एक लाख श्लोक र एक हजार अध्यायमा तथा आठ अङ्गमा विभाजन समेत ब्रह्माजीबाटै भएको देखिन्छ।

* चिकित्सक – आयुर्वेद चिकित्सालय, बिजौरी दाङ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आयुर्वेदको अध्ययनक्रममा गुरु परम्परा

आफूसंग भएको ज्ञान, विद्या, कला, कौशल आदि योग्य शिष्यलाई शिक्षा दिन परोपकारी मानवहरू त उद्यत हुन्छन् भने स्वयं परंगुरु व्रह्माजीलाई इच्छा नहुने कुरै थिएन। त्यसैले दक्षप्रजापतिलाई व्रह्माजीवाट र दक्षप्रजापतिवाट अश्विनीकुमारहरुले साङ्गोपाङ्ग आयुर्वेद अध्ययन गरेको पाइन्छ । अध्ययन पछि स्वर्वैद्य अश्विनीकुमारहरुले देवलोकमा देवताहरुलाई लागेका विविध रोगको उपचार गर्नुको साथै देवासुर संग्राममा क्षत-विक्षत भएका देवगणलाई चमत्कारपूर्ण प्रक्रियावाट उपचार गर्नुभएको र क्रुद्ध भैरवद्धारा व्रह्माको शिरच्छेदन हुंदा तत्काल शिरसन्धान, देवराज इन्द्रको वाहुस्तम्भ, चन्द्रमाको राजयक्ष्मा र वृद्ध च्यवनलाई युवावस्थामा फर्काउन महत्वपूर्ण उपचार गर्नुहुने देववैद्य अश्विनीकुमारहरुसंग देवराज इन्द्रले पनि साङ्गोपाङ्ग आयुर्वेदको अध्ययन गरेको पाइन्छ। त्यस्तै आयुर्वेदका विशेष ज्ञाता मानिनुहुने देवदेवीहरुमा रुद्र, अग्नि, वरुण, मरुत् र सरस्वती हुनुभएको प्रमाण वैदिक ग्रन्थहरुमा पाइन्छ । त्यसै अवस्थादेखि देवलोकमा प्रचुर मात्रामा आयुर्वेदको प्रचार प्रसारमा औषधिको प्रयोग भएको समेत पाइन्छ। यस देवभूमिमा प्राणीहरुलाई कृश वनाउने, वलनाश गर्ने, चेष्टा हरण तथा इन्द्रियशक्तिको नाश गरी सम्पूर्ण शरीर पीडित वनाएर तप, उपवास, अध्ययन, व्रह्मचर्य, व्रत आदि कार्यको लागि वाधक वनेको रोग यत्र तत्र व्याप्त हुन थालेपछि परोपकाररत ऋषि–महर्षिहरुले रोग निराकरण गर्ने शक्ति प्राप्त गर्नका लागि काश्यप, आत्रेय, भरद्वाज, गौतम, विश्वामित्र, नारद आदि सयौं ऋषि–महर्षिहरु हिमवत्क्षेत्रमा भेला भई रोग निराकरण गर्ने उपायको विचार विमर्श गर्दा देवराज इन्द्रसंग देवलोकमा आयुर्वेदको अध्ययनार्थ भरद्वाज ऋषिलाई प्रेषित गरेको प्रमाण चरक संहितामा उल्लेख गरिएको छ । यथा,

अश्विभ्यां भगवञ्छक्र: प्रतिपेदेह केवलम् ।
ऋषिप्रोक्तो भरद्वाजस्तस्माच्छक्र मुपागमत् ॥ (च.सं. १/५)

त्यस्तै यस भूमण्डलमा शिक्षादीक्षा संवर्धन गरी रोग परास्त गर्ने प्रमुख ऋषिहरुमा अत्रि, आत्रेय (पुनर्वसु), काश्यप र शेषभगवान्को अंश रुपमा चरक एवं आयुर्वेदका प्रवर्तक भगवान् धन्वन्तरिको अंशको रुपमा काशीराज दिवोदासलाई मानिएको छ । अग्निवेशले तयार पारेको संहितालाई चरकले परिमार्जन र विस्तृत पारी चरक संहिताको निर्माण गर्नुभयो। चरक संहिता विशेषत: काय चिकित्साको लागि सर्वोत्तम संहिता मानिन्छ जो अद्यावधि अध्ययन र कर्माभ्यासमा प्रयुक्त भइरहेको छ । त्यस्तै भगवान् धन्वन्तरि वनारसमा काशीराज दिवोदासको रुपमा उत्पन्न भई सुश्रुत आदि ऋषि महर्षिहरुलाई शल्यप्रधान भएको आयुर्वेदशास्त्र अध्यापन गराउनु भएको र पछि सुश्रुतले आफ्नै नाममा सुश्रुत संहिता तयार पार्नु भएको छ। जो आयुर्वेदको एक अमूल्य निधिको रुपमा लिइएको छ। त्यस्तै काश्यप ऋषिले तयार पार्नु भएको काश्यप संहिता वालरोगको लागि विशेष रुपमा मानिएको छ र द्वापर युगको अन्त्यमा पाण्डवका राजवैद्यको रुपमा रहनु भएका वाग्भटले अष्टाङ्ग आयुर्वेदको सारांशको रुपमा अष्टाङ्गहृदय तयार पार्नुभएको पाइन्छ। यस्तै अनेक ऋषि मुनिहरुले आयुर्वेद अध्ययन गरी आ-आफ्ना नाममा संहिता ग्रन्थ तयार पारेको र लंकाधीश रावणले तयार पारेको नाडीविज्ञान समेत आयुर्वेदको एक अमूल्य निधिको रुपमा लिइएको छ। वैदिक कालदेखि नै यस भूमण्डलमा हाम्रा अग्रज ऋषि महर्षिहरुले आयुर्वेदशास्त्रमा हजारौं वर्षको अनुसन्धान र प्रयोगवाट सिद्ध भएको चिकित्सा पद्धति हिजो जति प्रभावकारी थियो आज पनि उत्तिकै प्रभावकारी र उपयोगी भएको पाइन्छ ।

आजको वदलिंदो आहार, विहार र वातावरणीय प्रभावका कारण हाम्रो देशमा पनि थप अनुसन्धान र अन्वेपण गर्दै लैजानु पर्ने आवश्यकता छ। यसै आयुर्वेद शास्त्रलाई आर्यावर्त क्षेत्रवाट युनान, ग्रिस, इंग्लैण्ड आदि

University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

देशका विद्वान्हरुले आ-आफ्नो भाषा र शैलीमा थप अनुसन्धान र अन्वेषण गरी नवीनतम रुपमा परिणत गर्दै प्रयोगमा ल्याइरहेको कुरा आयुर्वेदको इतिहासबाट जान्न सकिन्छ ।

आयुर्वेदमा अष्टाङ्ग विभाजन

"अनन्तपारंकिलशब्दशास्त्रं स्वल्पं तथायुर्वहवश्चविघ्ना:" भने झैं यो आयुर्वेदशास्त्र धेरै र गहन विषय भएको हुँदा कलियुगका नरनारीहरु अल्पायु र अल्पमेधस् हुने भएकाले अध्ययन र कर्माभ्यासमा सहज वनाउन व्रह्माजीबाट नै आठ अंगमा विभाजन गरिएको हो । पछि सुश्रुत, चरक, काश्यप, वाग्भट आदिले परिमार्जन र संवर्धन गरी संहिता ग्रन्थहरु तयार गरेको पाइन्छ ।

(१) शल्य (Surgery) :– मानव शरीरमा हतियार, काठ, ढुङ्गा, नङ, रौं, हाडले वनाएका र हिंस्रक आदि जन्तुको आक्रमण वा टोकाइबाट हुने व्रणका साथै भीर, पाखा, पहराबाट लडेर हुने व्रणका अतिरिक्त दूषित व्रणह एवं अन्तशल्य र गर्भशल्य संवन्धी विविध विकारलाई वाहिर निकाल्ने प्रक्रियाको ज्ञान दिइने विषय हो । यसमा यन्त्रकर्म, शस्त्रकर्म, क्षारकर्म र अग्निकर्मबाट गरिने उपचारको ज्ञान दिइन्छ । त्यस्तै शरीरमा हुने व्रणहरुमा आम, पक्व र पच्यमान अवस्थाको समेत राम्रो ज्ञान गराउने र तदनुसारको चिकित्सा गर्ने प्रविधिको उल्लेख गरिएको छ । यो शीघ्र लाभदायक भएको हुनाले आयुर्वेदमा शल्यशास्त्र (**Surgery**) को आफ्नै विशेषता र महत्व छ । यसको विशेष वर्णन सुश्रुत संहितामा गरिएको हुँदा Sushrut is father of the surgery भनेर सुश्रुतलाई आधुनिक सर्जनहरुले पनि मानेका छन् ।

(२) शालक्य :– शरीरको सर्वोपरि अंगको रुपमा मानिएका उर्ध्वजत्रुगतरोग त्यसमा पनि विशेषत: आँखा, नाक, कान, मुख र घाँटीमा हुने रोग र त्यसको उपचारमा प्रयोग गरिने शलाकायन्त्रको प्रयोग संवन्धी वर्णनका साथै औषधि र चिकित्साक्रमको वर्णन गरिएको तन्त्र नै शालक्य तन्त्र हो । यो निमितन्त्रमा र सुश्रुत संहिताको उत्तरार्धमा विशेष उल्लेख गरिएको छ ।

(३) काय चिकित्सा :– काय शब्दले विशेषत: सबै शरीरलाई र अग्निलाई जनाउँछ । शरीरमा अग्निको विषमताबाट उत्पन्न हुने ज्वर, रक्तपित्त, शोथ, उन्माद, अपस्मार, कुष्ठ, प्रमेह, अतिसार आदि रोग लाग्ने कारण र लक्षण तथा रोगहरुको उपचार क्रियालाई काय चिकित्सा भनिएको छ । काय चिकित्साको विशेष वर्णन चरक संहितामा उल्लेख गरिएको छ ।

(४) भूतविद्या :– आठ अंगमध्ये भूतविद्या (**Semnology**) लाई एक अङ्ग मानिएको छ यसलाई अमानुषोपसर्ग पनि भनिन्छ । यस भूतविद्यामा देव, असुर, गन्धर्व, यक्ष, रक्ष, पितृ, पिशाच, नाग आदि ग्रहहरुबाट आक्रान्त रोगीहरुको लक्षण तथा ती ग्रहहरुको शान्तिका लागि गरिने शान्तिपाठ, वलिदान, हवन, मन्त्र तन्त्रको प्रयोग रत्नधारण तथा औषधिको वारेमा समेत विस्तृत विवेचना गरिएको छ । भूतविद्यामा नै उल्लेख भएअनुसार मन्त्र तन्त्रको प्रयोग शान्तिपाठ, देवार्चन, हवन आदिबाट रोगशान्ति भएको समेत पाइन्छ । यसको उल्लेख छान्दग्योपनिषद्, चरक, सुश्रुत र वाग्भट संहितामा गरिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDR

(५) कौमारभृत्य :– आठ अंगमध्येको कौमारभृत्य **(Science of paediatric)** पनि एक हो । अष्टाङ्ग अन्तर्गत प्रसूति तन्त्र पनि यसैभित्र परेको पाइन्छ । गर्भधारणदेखि लिएर शिशुको जन्मसम्मका क्रिया यसमै पर्दछन् र कौमारभृत्यसंग प्रसूति तन्त्रको अन्योन्याश्रित संवन्ध छ भन्नुमा अत्युक्ति हुने छैन । यस तन्त्रमा वालकको भरणपोषण धातृ तथा माताको दूधमा हुने दोषहरुको संशोधन तथा दूषित दूधपानबाट लाग्ने रोग र त्यसको निराकरणका उपायहरु छन् । माताको दूध शिशुको लागि अमृत समान लाभदायक भएको हुनाले स्वस्थ माताले आफ्नो शिशुलाई स्तनपान गराउनु सर्वोत्तम मानिएको कुरा यसमा वर्णन गरिएको छ । त्यस्तै वालग्रहहरुको आक्रमणबाट लाग्ने रोगहरुको लक्षण तथा तिनको शान्तिका लागि गरिने रक्षाविधान धूप, वलि पूजा, शान्तिपाठ, तन्त्र, मन्त्र, रत्नधारण र औषधि उपचारको काश्यप संहितामा विशेष वर्णन गरिएको छ । यो नेपालमा पाइएको महत्वपूर्ण संहिता हो ।

(६) अगदतन्त्र :– अगदतन्त्र **(Toxicology)** आठ अंगमध्ये एकमा पर्दछ । देवासुरहरुले समुद्र मन्थन गर्दा उत्पन्न भएको विष महादेवले पान गर्दा चुहेको अंश जंगम र स्थावरको माध्यमवाट मानिसमा पर्ने विषप्रभावको विषयमा वर्णन गरिएको छ । जस्तै जंगम विषहरुमा सर्प, विच्छी, माकुरा आदि अन्य कीटहरुका साथै पागल कुकुर, स्याल आदिले टोकेर हुने विषको लक्षण त्यसको प्रतिकार चिकित्सा, स्थावर विषमा पर्ने वत्सनाभ, कुचिला आदि स्वाभाविक र कृत्रिम विष एवं संयोगविष सेवन हुन जाँदा पर्ने विषका लक्षणहरुको साथै त्यसको प्रतिकारमा गरिने तन्त्र मन्त्र र औषधिको प्रयोगसंवन्धी वर्णन अगदतन्त्रमा गरिएको छ ।

(७) रसायनतन्त्र :– यस रसायनतन्त्रमा धेरै समयसम्म युवावस्थालाई स्थायित्व दिने उपायका साथै आयुधारण शक्ति, वल वृद्धि गर्ने उपायका साथै शरीरको स्वाभाविक रोगको प्रतिरोध गर्ने शक्तिको क्षमता वृद्धि गर्ने **(Natural immunity)** प्रक्रियाको वर्णन गरिएको छ । रसायन औषधिको सेवनले रस, रक्त, मांस, मेद, अस्थिमज्जा र शुक्रधातु एवं धातुसारको रुपमा रहेको ओजको समेत वृद्धि हुन गई स्मरण शक्ति र धारण शक्तिको वृद्धि, आरोग्य प्राप्ति, तरुणावस्थालाई दीर्घकालपर्यन्त स्थिर गर्न सकिने प्रभा, वर्ण, स्वरमा मधुंरता ल्याउने, इन्द्रियहरु वलवान् वनाउने, वाग्सिद्धि नम्रता प्राप्त गर्ने र शरीर समेत सुन्दर वनाउने शक्ति निरन्तर प्राप्त भइरहेको हुन्छ । कुटी प्रावेशिक र वातातपिक नियमअनुसार रसायन औपधिको सेवन गरेर दीर्घाजीवी भएका प्रमाणहरु फेला परेका छन् ।

(८) वाजीकरण :– वाजीको अर्थ घोडा, शुक्र र शक्ति हुन्छ । प्राचीनकालदेखि आजसम्म शक्ति **(Power)** मापक यन्त्रको उपमा अश्वशक्ति **(Horse Power)** लाई मान्ने गरिन्छ र पुरुप पनि कति शक्तिशाली छ भन्ने ज्ञान गराउन घोडाकै उपमा दिइएको हो । वाजको अर्थ शुक्र वा वेग भएको र जुन विज्ञानद्वारा पुरुषको शुक्र वा वेग वृद्धि भई संभोग गर्न समर्थ हुन्छ त्यसैलाई वाजीकरण भनिएको हो । यथा,

येन नारीषु सामर्थ्यं वाजीवल्लभते नर : ।
व्रजेच्चाभ्याधिकं येन वाजीकरणमेव तत् ॥ (च.चि. ४/४०)

आहार, विहार र औपधिको सेवनवाट मानिसले घोडा समान धेरै समय र पटक पटक संभोग गर्ने सामर्थ्य वनाउने औपधि क्रियालाई वाजीकरण भनिन्छ । वाजीकरण क्रियाद्वारा शुक्रक्षीण तथा अशक्त पुरुपलाई संभोग क्रियामा समर्थवान् वनाई सांसारिक सुखभोगका साथै असल सन्तान उत्पादन गरी धर्म, अर्थ, काम, मोक्ष

University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्राप्तिको लक्ष्यमा पुग्न समर्थ हुन्छ। यो वात्स्यायन कामसूत्रको औपनिषद् प्रकरणमा उल्लेख छ। यसैलाई कुचुमाकरले छुट्टै विषय वनाएको र त्यसैको आधारमा चरक र सुश्रुतले वर्णन गरेको पाइन्छ।

आयुर्वेदको मौलिक आधार

"स्वस्थस्य स्वास्थ्यरक्षणं आतुरस्य विकारप्रशनम्"

आयुर्वेद शास्त्रले स्वस्थ मानिसको स्वास्थ्य रक्षा गर्दै रोगीको रोग निवारण गर्ने उद्देश्य लिएको छ।

स्वस्थ लक्षण :- मानिस स्वस्थ रहनको लागि निम्न आधारहरुको पालना गर्नुपर्ने कुरा सुश्रुत संहितामा यसरी स्पष्ट पारिएको छ। यथा,

समदोषः समाग्निश्च समधातु मलक्रियः
प्रसन्नात्मेन्द्रियमनाः स्वस्थ इत्यभिधीयते ॥ (सु.सं. १५/४८)

शरीरस्थित वात, पित्त, कफ र कायाग्नि तथा रस, रक्त, मांस, मेद, अस्थि, मज्जा, शुक्र समेतका सप्त धातुको अवस्था समान हुनु पर्दछ। त्यस्तै मलमूत्रादिको उत्सर्जन क्रिया नियमित हुनुपर्ने र आत्मा इन्द्रिय एवं मन जस्ता सक्रिय तत्वको समेत अवस्था समान भए मात्र मानिस स्वस्थ रहन्छ।

आयुर्वेदको त्रिसूत्र

"हेतुलिङ्गौषधज्ञानं स्वस्थातुरपरायणम्" (च.सू. १/२४)

स्वस्थ र आतुरसंग प्रत्यक्ष संवन्ध भएको आयुर्वेदशास्त्रले निर्देशित गरेका विषयहरुमा हेतुसूत्र, लिङ्गसूत्र र द्रव्य (औषधि) सूत्र पर्दछन्। यिनैलाई मूल आधार बनाई आयुर्वेदको सिद्धान्त निर्धारित गरिएको छ।

हेतुसूत्र

कालवुद्धीन्द्रियार्थानां योगो मिथ्या न चाति च।
द्वयाश्रयाणां व्याधीनां त्रिविधो हेतु संग्रहः ॥ (च.सू. १/५४)

कालको चरण :- काल शब्दले ग्रीष्म, वर्षा र शीतकाल लिएको र यिनै ऋतुको समूहलाई काल भनिन्छ र पर्यायवाचीको रुपमा परिणामलाई पनि लिइएको छ। ऋतु अनुसार शिशिरमा जाडो, ग्रीष्ममा गर्मी र वर्षा ऋतुमा वर्षा हुनु प्राकृतिक नियम भित्र पर्दछन्। वढी, घटी र अभाव हुनुलाई अतियोग, अयोग र मिथ्यायोग भनिन्छ। उक्त कारणवाट मानिसहरुको आहार विहारमा प्रतिकूल असर पर्ने र त्यसैबाट जरा, तृषा, क्षुधा र असामयिक मृत्यु हुन सक्ने हुनाले यसलाई कालजन्य वा परिणामजन्य हेतु मानिन्छ।

असात्मेन्द्रियार्थ संयोग :- यसमा चक्षु इन्द्रिय, श्रवण इन्द्रिय, रसनेन्द्रिय, घ्राणेन्द्रिय तथा त्वगिन्द्रियको विषयार्थमा पनि अतियोग, अयोग र मिथ्यायोग हुनुलाई असात्मेन्द्रियार्थ संयोग भनिन्छ। जस्तै चक्षु इन्द्रियले अति तेज वस्तु धेरैवेर हेर्नु अतियोग, हेर्दै नहेर्नु अयोग र बीभत्स वस्तु हेर्नु मिथ्यायोग हो। अन्य इन्द्रियहरुको आ-आफ्ना विषयार्थमा अतियोग, अयोग र मिथ्यायोग हुनुलाई असात्मेन्द्रियार्थ संयोग भनिन्छ। यसै प्रसंगमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDR

छोटो उदाहरण प्रस्तुत गरिएको छ ।

कुरङ्गमातङ्गपतङ्गभृङ्गमीनाहता: पञ्चभिरेवपञ्च ।
एक:प्रमादी स कथं न हन्यते य: सेवते पञ्चभिरेवपञ्च ॥ (सुभाषित)

हरिण शब्दसंग, मातङ्ग (हात्ती) स्पर्श (संभोग) संग, पतङ्ग (पुतली) रुपसंग, भ्रमर गन्धसंग, मीन रससंग मोहित हुन्छन् । यी केवल एक एक इन्द्रियका विषयमा मात्र वशीभूत भएर नाश हुन जान्छन् भने मानिस पाँचै इन्द्रियका विषयको रसज्ञ भएको हुनाले र पञ्चेन्द्रियका विषयले आकर्षण गर्ने हुँदा किन नाश नहोला ? तसर्थ असात्मेन्द्रियार्थ संयोग हुन नदिन धैर्यका साथ विवेक र बुद्धिको प्रयोग गर्नु पर्दछ । यदि त्यसो नगरेमा असात्मेन्द्रियार्थ संयोगजन्य कारणवाट ज्यादै कष्टकर व्याधि उत्पन्न हुन्छ ।

कर्मको लक्षण :– मन, वाणी र शरीरको चेष्टालाई कर्म भनिन्छ । वाणी, मन र शरीरलाई कुनै पनि कार्यमा ज्यादा लगाउनु अतियोग, लगाउँदै नलगाउनु अयोग भनिन्छ, त्यस्तै मल, मूत्र, वायु, छिक्का आदिको वेग रोक्नु, वेग नभएमा वलपूर्वक मलमूत्रादिको निष्कासनको लागि प्रेरित गर्नु, ज्यादै हिंड्नु, लड्नु, शरीरका अंगलाई विषम स्थितिमा राख्नु, त्यस्तै अवयवहरुलाई दूषित अवस्थामा राख्नु, ज्यादा मर्दन र प्राणवायु रोक्ने कार्य शारीरिक मिथ्यायोगमा पर्दछन् ।

वाणीको मिथ्यायोग :– कठोर, अप्रिय र मिथ्या कुरा वोल्नु, सुनाउनु, अनावश्यक झगडा र विपरीत आचरण गर्नु, साथै विना प्रसंग वोल्नुलाई पनि वाणीको मिथ्यायोग भनिन्छ ।

मनको मिथ्यायोग :– त्रसित हुनु, शोकाकुल हुनु, द्वेष, लोभ, मोह, घमण्ड, ईर्ष्या गर्नु तथा मिथ्यादर्शन आदिलाई मनको मिथ्यायोग भनिन्छ ।

प्रज्ञापराध :–

वुद्धया विषमविज्ञानं विषमञ्च प्रवर्तनम् ।
प्रज्ञापराधं जानीयान्मनसा गोचरं हि तत् ॥ (च.सं.शा. १/१०९)

उचित रुपमा बुद्धिले काम गर्न नसक्नाको कारण कुनै काम कुरा कुनै वेला ठीक, कुनै वेला वेठीक ठानी अनुचित कार्यमा प्रवृत्त हुनुलाई प्रज्ञापराध भनिन्छ । संक्षेपमा कायिक, वाचिक, मानसिक कार्यहरु गर्दा हाम्रो सामाजिक र आध्यात्मिक संरचनाका साथै आयुर्विज्ञानले निर्देशित गरेका नियमभित्र रही चल्न नसक्नु नै अयथार्थ ज्ञान हो । यसैका कारणले वुद्धि, धैर्य, स्मृति नष्ट भई अशुभ कार्यहरु जो हुन्छन् तिनै कारणवाट दोषहरु प्रकुपित भई लाग्ने रोगहरुलाई प्रज्ञापराधजन्य भनिन्छ ।

धीधृति:स्मृति विभ्रष्ट: कर्म यत्कुरुतेऽशुभम् ।
प्रज्ञापराधं तं विद्यात् सर्वदोषप्रकोपणम् ॥ (च.सं. १/१०२)

लिङ्ग सूत्र :–

"लिङ्गचते व्याधयो अनेन इति लिङ्गम्" यो परिभाषाअनुसार शरीरमा लागेका निज र आगन्तुक रोगका विषयमा यथार्थ ज्ञान दिलाउने सूत्रलाई नै लिङ्ग सूत्र भनिन्छ । रोगका लक्षणहरुको ज्ञान गर्ने प्रकृयालाई पञ्च निदानको रुपमा लिइएको छ । यिनीहरुमा पूर्वरुप, रुप उपशय, अनुपशय, संप्राप्तिका भेदले पाँच प्रकारका

University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छन् । यथा,

निदानं पूर्वरुपाणि रुपान्युपशयस्तथा ।
संप्राप्तिश्चेति विज्ञानं रोगाणां पञ्चधा स्मृतम् ॥

पंचनिदानका लक्षणहरुको ज्ञान गर्न रोगीलाई स्पर्श गरेर, हेरेर अनि रोग र रोगको इतिहास संवन्धी प्रश्न सोधेर पनि जान्न सकिन्छ । साथै रोगीको नाडी, मल, मूत्र, जिब्रो, नेत्र आदि हेरेर र आकृति तथा रोगीको वाणीबाट पनि केही रोगहरुको जानकारी गर्न सकिन्छ भने रक्त, शुक्र, आर्तवको परीक्षण गरी रोग ज्ञान गर्ने विधिको उल्लेख गरिएको छ । शारीरिक रोगहरु वात, पित्त र कफ प्रदूषित भएर उत्पन्न हुन्छन् भने मानसिक रोग रज, तम दोषका कारणबाट उत्पन्न हुन्छन् । यथा,

वायु: पित्तं कफश्चोक्त: शारीरीदोष संग्रह: ।
मानस: पुनरुद्धिष्टो रजश्च तम एव च ॥ (च.सू. १/५७)

शारीरिक एवं मानसिक कारणबाट अनगिन्ती रोगहरुको उत्पत्ति हुने हुँदा उक्त रोग लाग्ने ज्ञान यही लिङ्ग सूत्रका आधारमा गरिन्छ ।

औषध (द्रव्य) सूत्र :– मानिसहरुले शरीर रक्षाका लागि आहारका रुपमा विभिन्न द्रव्यहरुको प्रयोग गर्दछन् । यसरी प्रयोग गरिने द्रव्यहरुमा आहार द्रव्य र औषध द्रव्यहरु पर्दछन् । त्यही आहार द्रव्यबाट शरीरमा रहेका दोष, धातु र मलहरुको घटीवढी हुनाका कारणबाट दोषवैषम्य हुन गई मानिसहरु रोगी हुन्छन् । दोषलाई साम्यावस्थामा राख्न समुचित औषधि (द्रव्य) को प्रयोग गर्नुपर्दछ । "सर्वं द्रव्यं पाञ्चभौतिकम्" यो सिद्धान्त अनुसार शरीर र औषध द्रव्यहरु दुवै नै पाञ्चभौतिक भएको हुनाले दुवैमा तात्विक समानता पाइन्छ । यति हुँदाहुँदै पनि औषध द्रव्यहरु कुनै दोष शामक, कुनै धातु प्रकोप र कुनै स्वास्थ्य हितकर भएको हुनाले ती द्रव्यहरुको गुणदोष पहिचान गरी समुचित प्रयोगमा ल्याउन यसै द्रव्यसूत्रले निर्देशित गरेको छ । द्रव्यहरू चेतन र अचेतन गरी दुई प्रकारका छन् । चेतन द्रव्यहरुमा बहिरन्तश्चेतन र अन्तश्चेतन गरी दुई प्रकारका मानिन्छन् । वहिरन्तश्चेतन द्रव्यमा जाङ्गम पर्दछन्, तिनमा जरायुज, अण्डज, स्वेदज, उद्भिज गरी चार प्रकारका छन् । त्यस्तै अन्तश्चेतन द्रव्यमा औद्भिद पर्दछन् । यिनमा वनस्पति, विरुध, वानस्पत्य र औषधि गरी चार प्रकारका छन् । अचेतनमा प्राकृतिक र कृत्रिम खनिज धातु पर्दछन् । पाञ्चभौतिकको हिसावले पार्थिव आप्य, तैजस, वायव्य र आकाशीय गरी पाँच प्रकारका छन् । उक्त पाँचै प्रकारका द्रव्यहरुको उत्पत्तिमा आकाश, वायु, अग्नि, जल र पृथ्वीको संवन्ध रहेको पाइन्छ । त्यसमा पनि पृथ्वी आश्रयस्थान र जल कारण मानिन्छन् । सबै द्रव्यमा पञ्चमहाभूतको अंश यत्किञ्चित् रहेकै हुन्छ । द्रव्यहरुमा पाइने रसमा मधुर, अम्ल, लवण, कटु, तिक्त र कषाय गरी ६ प्रकारका छन् । द्रव्यहरुले रस, गुण, वीर्य, विपाक र प्रभावका आधारमा काम गरेको पाइन्छ । दोषको दृष्टिले हेर्दा कटु, तिक्त, कषाय, रस, वातवर्धक छन् भने मधुर, अम्ल, लवण रस वातशामक मानिन्छन् । पित्तवर्धक रसहरुमा कटु, अम्ल र लवण पर्दछन् भने पित्त शामकमा मधुर, तिक्त, कषाय रस मानिएको छ । कफवर्धक रसहरुमा मधुर, अम्ल पर्दछन् भने कषाय, कटु, तिक्त रसले कफलाई शमन गर्दछन् । त्यसैले समान मात्रामा सबै रसको उपयोग प्रतिदिन गरेमा वातादि दोष यथास्थानमा रही मानिस वलवान् बन्दछ "सर्वरसाभ्यासो वलकारणम्" । "जगत्येवमनौषधम्" संसारमा पाइने सबै वस्तुहरु औषधि द्रव्यमा पर्दछन् । खनिजद्रव्यमा सामान्य लवणदेखि बहुमूल्य सुवर्ण, पारद, हीरा, मोतीसम्म र जाङ्गममा सामान्य जनावरका हाड, सेंग, रौंदेखि लिएर कस्तुरी (मृगनाभि) सम्म पर्दछन् । वनस्पति द्रव्यहरुमा दैनिक प्रयोग हुने जिरा, मरिच, लसुन,

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वेसारदेखि लिएर यार्चागुम्वासम्मका वहुमूल्य द्रव्यहरु पर्दछन् साथै वत्सनाभ जस्ता विषहरुको शोधन, मारण, वैशिष्टी र सामान्यीकरण गरी एकद्रव्यीय र वहुद्रव्यीय औषधिको प्रयोग गर्ने विधि उल्लेख गरिएको छ ।

त्रिदोष सिद्धान्त :– त्रिदोष सिद्धान्तलाई आयुर्वेद चिकित्साशास्त्रले मौलिक आधारशिलाको रुपमा लिएको छ । सैद्धान्तिक विषयको आफ्नै महत्व र विशेषता हुने हुँदा यहाँ त्रिदोषको विवेचना गर्नु अपरिहार्य भएको हुनाले प्रस्तुत गरिएको छ ।

वातका गुण र प्रमुख कार्यहरु :– "वा गतिगन्धनयो" धातुबाट बनेको वायु गतिशील भएर अरुलाई समेत गति प्रदान गर्ने क्षमता भएको पाइन्छ त्यसैले भनिएको पनि छ :–

पित्तं पङ्गु कफः पङ्गु पङ्गवो मल धातवः ।
वायुना यत्र नीयन्ते तत्र गच्छन्ति मेघवत् ॥

शरीरस्थित पित्त, कफ र मल धातुहरु पङ्गु भएकाले प्रकृतिस्थित वायुले मेघलाई दौडाए झैं शरीरस्थित वायुले पनि कफ, पित्त र मल धातुलाई आ–आफ्ना स्थान र कार्यमा संलग्न गराउने हुँदा वायुको स्थान सर्वोपरि मानिएको छ र वायु पाँच प्रकारको छ ।

वायुका गुण :– रुक्ष, लघु, शीत, सूक्ष्म, चल, विषद र खर छन् ।

वायुका प्रमुख कार्यहरु :– शरीरमा रहेको वायुले श्वासप्रश्वासको गति नियमित गर्ने, इन्द्रियार्थको ज्ञान गराउने र शरीरमा रहेका धातुहरुलाई आ-आफ्ना स्थानमा काम गर्न निर्देशित गर्ने मानिन्छ । त्यस्तै वाणीको प्रवर्तक, मनको प्रणेताको रुपमा मानिनुका साथै अग्निलाई उद्दीप्त गर्न प्रेरणा दिने र शरीरस्थित मल, मूत्र, शुक्र, आर्तव एवं गर्भ वाहिर निष्कासन गर्न प्रेरणा दिने काम गर्दछ ।

पित्तका गुण र प्रमुख कार्यहरु :– "तप संतापे" धातुवाट पित्तको उत्पत्ति भएको हुँदा तापको द्योतक भएको मानिन्छ । पित्त पनि पाँच प्रकारको छ । पित्तका गुणहरुमा उष्ण, तीक्ष्ण, द्रव, अम्ल, खर र कटु छन् । शरीरमा रहेको पित्तले आहार रस पारिपाक गर्ने, वर्ण प्रकाशित गर्ने, भोजन रसलाई रक्तमा परिणत गर्ने, रुपको ज्ञान गराउन सहायता दिने र कार्यसिद्धिको लागि प्रेरणा दिने काम गर्दछ ।

कफका गुण र प्रमुख कार्यहरु :– "केन जलेन फलतीति कफ" यो व्युत्पत्तिअनुसार जलीय तत्वबाट कफ बनेको र यसको पर्यायवाची शब्द श्लेष्मा भएको र श्लेष्माको अर्थ आलिङ्गन हो । कफले अङ्ग प्रत्यङ्गमा टाँसिए नरम वनाई शरीर संचालन गर्ने काम गर्दछ। कफ पनि पाँच प्रकारको छ । गुरु, शीत, मृदु, स्निग्ध, मधुर, स्थिर र पिच्छिल कफका गुणहरु मानिएका छन् । आहार रसलाई भिजाउने, मस्तिष्क स्निग्ध वनाउने, हृदययन्त्रको धारण गर्ने र संधिहरु स्निग्ध वनाएर जोड्ने र संचालन गर्ने काम गर्दछ। त्यस्तै शरीरको उत्पत्ति क्रमलाई लिंदा पञ्चमहाभूतमध्ये पृथ्वीतत्व केवल आधार र आकाश तत्व अवकाश मात्रै मानिन्छ भने वायु, अग्नि र जल तत्वको प्रतिनिधित्व वात, पित्त, कफले गरेको र यिनै तीन तत्वको शरीर उत्पत्तिमा सक्रियता देखिएको हुनाले पनि वात पित्त र कफको विशेष महत्व हुन आएको छ । यसै संबन्धमा प्राणाचार्य सुश्रुतले सोम, सूर्य र वायुलाई क्रमशः

University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कफ, पित्त र वातको प्रतीक मान्दै उहाँ भन्नुहुन्छ कि चन्द्रमाले पृथ्वी र प्राणीमा आफ्नो शीतल किरणद्वारा स्निग्धता र शीतलता प्रदान गरे झैं कफले पनि मानव शरीरमा शीतलता र स्निग्धता प्रदान गर्दछ । सूर्यले आफ्नो उष्ण किरणद्वारा पृथ्वीको जलीयांश खिचेर ताप प्रदान गरे झैं पित्तले पनि शरीरको अन्नरस खिचेर पाचन गराउने काम गर्दछ । त्यस्तै वायुले जगत्मा शीत, उष्ण र वर्षा गराउन प्रेरणा दिए झैं शरीरान्तरस्थित वायुले पनि मल, मूत्रादि वाहिर निकाल्न र कफ पित्तलाई आ-आफ्ना स्थानमा राखी रक्षात्मक काम गर्दछ । प्राकृतिक अवस्थामा रहेका सोम, सूर्य र अनिलले विसर्ग आदान र विसर्जनक्रियाद्वारा संसारको रक्षा गरेझैं कफ, पित्त र वायुले पनि शरीरको रक्षा गर्दछन् । यथा,

विसर्गादानविच्छेपैः सोमसूर्यानिला यथा.।
धारयन्ति जगद्देहं कफपित्तानिलास्तथा ॥ (सु.सू. २१/८)

त्यस्तै विषम प्रकृतिले सोम, सूर्य र वायुलाई प्रदूषित पारी प्रचण्ड हुरी, बतास, आँधीवेरी, गर्मी, हिमपात, ठण्डी, असिना र वर्षा हुन गई वाह्य जगत्लाई विकृत पारे झैं शरीरान्तस्थित कफ, पित्त र वात पनि दूषित भएर मानिसलाई रोगी बनाउँदछन् । वात, पित्त, कफले शरीरलाई दूषित बनाउने हुँदा दोष र धारण गर्ने हुँदा धातु तथा शरीरका अङ्ग प्रत्यङ्ग मलिन गराउने हुँदा मल पनि भनिन्छ । यथा,

शरीर दूषणात्दोषा धातवो देह धारणात् ।
वातपित्तकफज्ञेया मलिनीकरणान्मला : ॥ (अ.स.अ. ६)

चिकित्सा चतुष्पाद :– आयुर्वेदको मौलिक आधारमध्ये चिकित्सा चतुष्पादलाई लिनुपर्दछ । यसमा योग्य चिकित्सक, गुणयुक्त औषधद्रव्य, योग्य परिचारक र रोगी पनि गुणवान् हुनु परम आवश्यक छ । यी सवैको संयोगविना चिकित्सामा सफलता प्राप्त गर्न सकिंदैन । त्यसैले भनिएको पनि छ–

भिषग्द्रव्याण्युपस्थाता रोगी पादचतुष्टयम् ।
गुणवत् कारणं ज्ञेयं विकारव्युपशान्तये ॥ (च.सू. ९/३)

सत्व, रज र तम गुणको महत्व :–

शरीरसंग प्रत्यक्ष संवन्ध भएको वात, पित्त र कफलाई मौलिक आधारशिलाको रुपमा लिए झैं मनसंग प्रत्यक्ष संवन्ध भएका महागुणहरुमा सत्व, रज र तम गुण छन् । सत्व, रज र तमका गरी सोह्र प्रकारका मानस प्रकृतिको विवेचना गरेको पाइन्छ । जसमा रज र तमलाई दोषको रुपमा र सत्व गुणलाई गुणको रुपमा लिइएको हुनाले सत्व गुणको अभिवृद्धि विना मानिस रोगी, चञ्चल, अधैर्य, कपटपूर्ण व्यवहारमा लागी दुःख पाइरहने हुनाले सत्व गुण प्राप्त गर्न रज र तम गुणलाई निरस्त पारेर मात्र संभव हुने हुँदा सत्वगुणी वनी शान्ति र कैवल्य प्राप्त गर्न आयुर्वेदशास्त्रले निर्देशित गरेको पाइन्छ र यही नै मौलिक आधार र परमलक्ष्य पनि हो ।

वैदिक काल र पौराणीक काल हुँदै विभिन्न कालखण्डहरु पार गरी यस हिमवत् क्षेत्रमा अक्षुण्ण रुपमा रहँदै आएको आयुर्वेद चिकित्सा पद्धतिलाई ज्ञान र विज्ञानको भण्डार भन्नुमा अत्युक्ति हुने छैन किनभने यस भारतवर्षमा मात्र सीमित नभएर विश्वका अनेकन देशहरुमा कहीं परम्परागत चिकित्साको रुपमा, कहीं हर्वल मेडिसिनको रुपमा र ग्रीन मेडिसिनको रुपमा परिचित हुँदै आइरहेको छ । वर्तमान परिप्रेक्ष्यमा उक्त ज्ञान विज्ञानको भण्डार भएको आयुर्वेद चिकित्साशास्त्रलाई महेन्द्र संस्कृत विश्वविद्यालयले पनि पठन पाठन र अनुसन्धानमा अग्रसरता देखाई स्वस्थ समुन्नत समाजको सिर्जनामा टेवा पुऱ्याई थप योगदान दिनेछ भन्ने विश्वास लिन सकिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वर्ण-विवेचन

– प्रा. दत्तात्रेय शर्मा दाहाल

श्रोत्रेन्द्रिय (कान) ले ग्रहण गरिने वस्तुलाई शब्द भन्दछन् । शब्दको सबभन्दा सानो तथा महत्वपू टुक्रा अथवा एकाइ भाग वर्ण हो । वर्ण परमाणु जस्तै निरवयव हुन्छ । वर्णभन्दा अर्को अवयव हुँदैन "वर्णेष्ववय नच" (व्या.भू.सा) । यसलाई वर्ण भन्नाको तात्पर्य वर्णको अर्को अर्थ रंग पनि हुन्छ । रंगद्वारा स्पष्ट हुने हुँदा अक ादि सांकेतिक रेखाहरूलाई वर्ण भन्दछन्, अभेद मान्दा उच्चारण हुने अकारादिलाई पनि वर्ण भनियो । वर्णहरू समूह पद हुन्छ, पदहरूको समूह वाक्य हुन्छ । यही वाक्यसमूह गद्यपद्यादि साहित्यको रूपमा परिणत हुन्छ साहित्य मात्र के सारा विज्ञान, दर्शन आदि शास्त्र यसैमा आधारित छन् । अतः सबैको मूल वर्ण नै सि भयो ।

अब वर्णको अभिव्यक्तिबारेमा पाणिनिशिक्षानुसार आत्मा बुद्धिका साथ त्यही वस्तुमा पुग्दछ जु वस्तुलाई भन्न चाहन्छ । अनि मनलाई आदेश दिन्छ । त्यसपछि मन जठराग्निमा टक्कराउँछ । जठराग्नि प्राणवायुलाई प्रेरणा गर्दछ । जब प्राणवायु वक्षस्थलमा घुम्न थाल्दछ, भित्रभित्रै ज्यादै मसिनो शब्द हुन्छ त्यसपछि त्यो प्राणवायु जोडले हुत्तिँदै मूर्धामा बज्रन पुग्दछ । त्यहाँबाट फर्केर आइपुग्नासाथ मुखबाट वर्णह धमाधम निस्कन्छन् । यहाँ मुख भन्नाले ओठदेखि रुद्रघण्टीसम्मको भागलाई भनिन्छ । मुखको एक ठाउँबाट मा वर्णहरुको अभिव्यक्ति हुँदैन, कण्ठ, तालु, मूर्धा, दन्त, ओष्ठ, नासिका, कण्ठतालु, जिह्वामूल यी आठ ठाउँबा वर्णहरु निस्कन्छन्[1] । कण्ठ भन्नाले यहाँ गलाका भरीको टुप्पो लिइन्छ । मूर्धा भन्नाले दाँतका पछाडिको उ भागलाई भनिन्छ न कि मस्तकलाई । यस उच्च भागको पछाडिको भागलाई तालु भन्दछन् । दन्त भन्नाले दाँत नजीकको ठाउँलाई लिइन्छ, जसबाट दन्तहीनले पनि उच्चारण गर्न सकोस् । जिह्वा (जिब्रो) का चार भा हुन्छन्–मूल, मध्य, उपाग्र, अग्र । जिह्वामूलबाट निस्कने जिह्वामूलीय हुन्छ । कुनै कुनै अक्षरको जिह्वाका अ उपाग्र, मध्य, मूलको शिथिलताले लघु उच्चारण पनि हुन्छ । यसरी अभिव्यक्त हुने वर्णहरुको दुई स्वरुप हु अच् र हल् । यसैलाई स्वर र व्यञ्जन पनि भन्दछन् । "स्वयं राजन्ते इति स्वराः" व्यञ्जनको सहायता नलिईक स्वतन्त्र उच्चारण हुने स्वर । "विशेषेण अञ्जन्ति मिलन्ति इति व्यञ्जनानि" स्वरमा मिल्न जाने हुँदा या स्वर सहायताले मात्र उच्चारण गर्न सजिलो पर्ने हुँदा व्यञ्जन भन्दछन्– 'न पुनरन्तरेणाचं व्यञ्जनस्योच्चार

---

(१) अष्टौस्थानानि वर्णानामुरः कण्ठशिरस्तथा ।
जिह्वामूलञ्च दन्ताश्च नासिकोष्ठौ च तालु च ॥ (पा. शि.)

University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भवति' (व्या. शब्दरत्न) । अच्मा अ, इ, उ आदि पर्दछन्, हल्मा क, ख, ग, आदि पर्दछन् । अच् चाहिँ ह्रस्वदीर्घप्लुतमा विभाजन हुन्छ । कुखुराको आवाजबाट ह्रस्वदीर्घप्लुतको अनुमान गरिएको भनिन्छ । मात्रा कालविशेष हो । आँखाको परेला स्वाभाविक क्रमले तल झर्दा जति समय लाग्दछ त्यस काललाई मात्राकाल भन्दछन् । एक मात्राकालको ह्रस्व, दुई मात्राकालको दीर्घ, तीन मात्राकालको प्लुत हुन्छ । व्यञ्जन आधा मात्राको हुन्छ[1] । ह्रस्वलाई लघु र दीर्घलाई गुरु पनि भन्दछन् । परपट्टि संयोग छ भने ह्रस्व पनि गुरु मानिन्छ । अनुस्वार युक्त र विसर्गयुक्त पनि गुरु मानिन्छन् = संयुक्ताद्यं दीर्घं सानुस्वारो विसर्गपरश्च (छ.म.) । यसरी २१ स्वर, २५ व्यञ्जन, ८ यरलवादि अनुस्वार (ं) जिह्वामूलीय– =क=ख मा आधा विसर्ग जस्तो । =प =फ मा आधा विसर्ग जस्तो उपध्मानीय हुन्छ । दुःस्पृष्टलकार (दुई स्वरका बीचको) ४ यम-(अग्निमा पहिलो ग्) पलक्क्निमा पहिलो क् आदि समेत मिलाउँदा ६३ र प्लुतलृकारलाई पृथक वर्ण मान्दा ६४ वर्ण हुन्छन् । "त्रिषष्ठिश्चतुः षष्ठिर्वा वर्णा शम्भुमते मताः" (पा.शि.) । परन्तु यो संख्या व्यक्तिकृत हैन धर्मकृत हो नत्र संख्याको अन्त्य हुँदैन । स्वरमा पनि प्रत्येक ह्रस्व दीर्घ प्लुतका स्वरका उदात्त अनुदात्त स्वरित तीन भेद छन् ।

तत्तत्स्थानको उच्च भागबाट प्राणवायुको आघातले उच्चारण भएको उदात्त हुन्छ । तल्लो भागबाट उच्चारण भएको अनुदात्त, उदात्त र अनुदात्त मिसिएको स्वरित हुन्छ । उदात्तको उच्चारण हुँदा गात्र फैलिन्छ, कण्ठको प्वाल (गलाको नली) खुम्चिन्छ, प्राणवायु सुस्त सुस्त निस्कने हुँदा गलाको केही भाग सुक्छ जसबाट रुखो स्वर हुन्छ । अनुदात्तको उच्चारणमा गात्र शिथिल हुन्छ, कण्ठको प्वाल फैलिन्छ, प्राणवायु जोडले चाँडचाँडै निस्कने हुँदा गलाका भागहरु सुक्न पाउँदैनन् र स्वर मृदु हुन्छ । स्वरितमा चाहिँ आधा उदात्त र आधा अनुदात्त जस्तै रहन्छ । तेर्सो धर्का (–) अनुदात्तको चिन्ह र ठाडो धर्का (।) स्वरितको चिन्ह हो, उदात्तको भने चिन्ह हुँदैन । यी चिन्हहरू वेद ग्रन्थमा देखिन्छन् । ह्रस्व, दीर्घ, प्लुत, उदात्त, अनुदात्त, स्वरित, अनुनासिक, निरनुनासिक गरेर अ, इ, उ १८ किसिमका छन् । ऋ ३० किसिमको छ यस्तै लृ पनि । लृ ह्रस्व मात्रै हुन्छ भन्ने पनि मत छ । ए ओ ऐ औ १२ किसिमका छन् । अनुनासिक (–ँ) अर्ध चन्द्राकार जस्तो रेखामाझमा विन्दु रहेको हुन्छ । शिरविन्दुलाई अनुस्वार (–ं) र अगाडिका दुई विन्दुलाई विसर्ग (ः) भनिन्छ । यी सबै अच् (स्वर) का अगाडि रहन्छन् जस्तै – अँ, अं, अः आदि ।

वर्णहरुको उच्चारणमा दुई किसिमको प्रयत्न (परिश्रम या उद्योग) हुन्छ । वर्णोच्चारण हुनुभन्दा पूर्व मुटुभित्रबाट हुने प्रयत्नलाई वाह्य र मुखमा आइपुगे पछि हुने प्रयत्नलाई आभ्यन्तर प्रयत्न भनिन्छ । आभ्यन्तर प्रयत्नको अनुभव श्रोतालाई हुन्छ भने वाह्य प्रयत्नको अनुभव वक्तालाई हुन्छ, आभ्यन्तर प्रयत्नका ५ भेद छन्– स्पृष्ट, ईषत्स्पृष्ट, ईषद्विवृत, विवृत, संवृत । क देखि म सम्मका वर्ण स्पृष्ट हुन् । आफ्नो आफ्नो स्थान पूरै स्पर्श गर्ने हुनाले यिनलाई स्पर्श पनि भन्दछन् । "स्वस्थानानि स्पृशन्ति इति स्पर्शाः" स्पृष्टको पनि यही अर्थ हुन्छ । अलिकति मात्र आफ्नो स्थान स्पर्श गर्ने हुनाले य, व, र, ल ईषत्स्पृष्ट भए । यिनलाई स्पर्श र ऊष्माको वीचमा रहने हुनाले अन्तःस्थ पनि भन्दछन् "स्पर्शोष्माणामन्त (मध्ये) स्तिष्ठन्ति इति अन्तःस्थाः ।" श ष स ह लाई आफ्नो स्थानबाट टाढा रहने हुनाले इषद्विवृत भन्दछन् । ऊष्मा (तातो प्राणवायु) को प्रधानता रहने भएको हुनाले श ष स ह लाई ऊष्मा पनि भन्दछन् –"ऊष्मा वायुस्तत्प्रधाना ऊष्माणः" । स्वस्थानबाट टाढा रहंदा स्वर विवृत हुन्छ, स्वरमा पनि "अ" नजिकै रहँदा संवृत भनिन्छ । ए, ओ विवृततर ऐ औ चाहिँ विवृततम कहिन्छन् । वाह्य प्रयत्नका ११ भेद छन् । विवार (यसमा उच्चारण गर्दा गलाको प्वाल फैलिने हुन्छ), संवार (गलाको नली खुम्चने),

---

(१) एकमात्रो भवेद् ह्रस्वः द्विमात्रो दीर्घ उच्यते ।
त्रिमात्रस्तु प्लुतो ज्ञेयो व्यञ्जनं चार्धमात्रिकम् ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नाद (वर्ण निस्किसकेपछि रन्किने), श्वास (फुस्स आवाज भएको), घोष (गंभीर भएको), अघोष (गम्भीर नभएको), अल्पप्राण (थोरै सास लाग्ने), महाप्राण (धेरै सास लाग्ने), उदात्त, अनुदात्त, स्वरित । आधुनिकहरु ऋ, लृ स्वतन्त्र वर्ण हैनन्, र्+इ, ल्+र्+इ मिलेर बनेका हुन् भन्दछन्, त्यो होइन । ऋ, लृलाई यथावत् उच्चारण गर्न नसक्ने र कुनै वेदपाठीको ठीक उच्चारण नसुनेका स्वयंले पनि ऋ लाई रि जस्तो उच्चारण गर्नेहरुको भनाइ मात्र हो। ट उच्चारण गर्न नसक्नेले त मात्र छ ट वर्ण छैन भने जस्तो कुरा हो । ऋ नभएमा गुणसन्धि भएर देव+ऋषि=देवर्षि, राज+ऋषि=राजर्षि शब्दहरु कसरी बन्लान् । साथै ऋणको ऋ र हरिको रि मा कुनै अन्तर नपर्ला । त्यसकारण मात्रामा मिलाएर काम चल्दैन । कसै कसैको ड़, ड, य़, य, व़, व वर्णहरुमा उच्चारण भेदले भिन्ना भिन्नै हुने हुँदा वर्णहरु धेरै हुन्छन् त्यसैले वर्णहरुको संख्या निश्चित छैन भन्ने भनाइ छ तर त्यो होइन । वर्ण एउटै हो अपभ्रंशबाट अनेका थरी हुन्छन् जस्तै एउटा शब्दका अनेक अपभ्रंश शब्दहरु हुन्छन् ।

यो पनि आक्षेप छ यन्त्रबाट परीक्षण गर्दा स्थान प्रयत्नको निर्णय हुन नसकेकोले तत्तद्वर्णको तत्तत्स्थान प्रयत्न छ भन्नु कल्पना हो ।

देशभेदले उच्चारणमा पनि भेद हुने हुँदा अनेक किसिमले उच्चारण हुन्छ तदनुसारको नै यन्त्रले ग्रहण गर्दछ अतः तत्तद्वर्णको तत्तत्स्थान तत्तत्प्रयत्न हुँदैन भन्नु हास्यास्पद हो ।

ह्रस्व दीर्घ प्लुतका बारेमा पनि यन्त्रपरीक्षकहरु आधा ह्रस्व ईषद्दीर्घ समेत सामाान्यतः पाँच प्रकारको हुन्छ त्यस्तै व्यञ्जनमा पनि विभाग छ भन्दछन् । त्यो होइन, वर्ण उच्चारण गर्दा जति समय लाग्दछ त्यसलाई मात्रा भन्दछन् । एक मात्राको ह्रस्व द्विमात्राको दीर्घ तीन मात्राको प्लुत यो एउटा निश्चित सिद्धान्त हो । यसमा कम बेसी हुन आउँछ भने त्यो स्वरदोष हो । व्यञ्जन अर्धमात्राको नै हुन्छ त्यसमा फरक पर्नु निष्पीडित, ग्रस्त, अर्धक आदि दोषले हो । वर्णदोष अगाडि स्पष्ट गरिएको छ । जस्तो सङ्गीत शास्त्रमा मूलभूत सात स्वर छन् तिनका धेरै प्रकार अनुभूत हुन्छन् त्यस्तै वर्ण विषयमा पनि दोषले गर्दा अनेक थरी हुन आउँछन् ।

सावधानता

वर्ण उच्चारण गर्दा अत्यन्त सतर्क हुनुपर्दछ । जसरी व्याघ्रीले आफ्नो बच्चालाई खस्ने डरले राम्ररी दाँतले च्यापेर लग्छे बच्चालाई पीडा हुँदैन त्यसैगरी वर्णहरु पनि संभालेर उच्चारण गर्नु पर्दछ – "व्याघ्री यथा हरेत्पुत्रान्" (पा.शि.) । वर्णहरूको उच्चारण कुन समयमा कस्तो हुनु पर्दछ सो पनि विचार गरिएको छ । प्रातः कालमा सिंहध्वनि जस्तो हृदयबाट ध्वनि निकालेर उच्चारण गर्नु पर्दछ ।[1] मध्यान्हमा चखेवाको आवाज जस्तो कण्ठको आवाज हुनु पर्दछ । सायं कालमा मयूर, हंस वा कोइलीको बोली जस्तै शिरोगत ध्वनि हुनु पर्दछ जसबाट स्पष्ट र सुन्नमा पनि आनन्द आउँछ । यो तथ्य छ मानिसहरू पनि जसको राम्रो गला छ मीठो र सुरिलो आवाज छ उसैलाई मन पराउँछन् । राम्रो कण्ठले पाठ गरिएका कविता या गीतमा सबै मुग्ध हुन्छन् गधाको जस्तो स्वरमा सबैलाई झर्को लाग्छ । सरसता र मधुरता तब आउँछ जब वर्णहरु ठीक ठीक एक एक दाना स्पष्ट र नियमपूर्वक उच्चारण गरिन्छन् ।

वर्णदोष

ठीकसँग उच्चारण नभएका वर्णहरुलाई वर्णदोष मानिएको छ । ग्रस्तं निरस्तमवलम्बितमम्बुकृतम्.... पा. महाभाष्य । ग्रस्त =स्पष्ट नहुने, निरस्त=रुखो उच्चारण भएको, अम्बुकृत=मुखभित्रै रहेको, त्वरित=चाँडचाँडै

(१) प्रातः पठेन्नित्यमुरःस्थितेन (पा. शि.)

University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उच्चारण गरिने, विलम्बित=ढीलो, ध्मात=वर्णलाई चाहिने सासभन्दा बढ्ता सासले उच्चरित, विकम्पित=काँपेको, अर्धक=पूरा उच्चारण नभएको, एणीकृत=कुन वर्ण उच्चारण गरियो संदेह हुने, कल=जो ठाउँबाट हुनुपर्ने हो त्यो नभएर जिब्रो घुमाई अन्यत्रबाट उच्चारण भएको, रोमश=गहिरिएर उच्चारण गरिएको, विकीर्ण=छितरिएको, गद्‌गदित=गद्‌गतभएको, प्रगीत= गीतस्वरमा उच्चरित नहुनुपर्नेमा भएको, निष्पीडित=निचोरिएको, दीन=अनुत्साहले उच्चरित, सानुनासिक्य=नाकेबोलीले उच्चारण नहुनुपर्नेमा भएको इत्यादि वर्णहरु दोषयुक्त मानिएका छन्। यस्ता वर्णहरु सुन्दैमा नराम्रो लाग्नुका साथै खास अभिप्राय पनि प्रकट नहुने हुँदा दोषयुक्त मानिएको हुनुपर्छ।

वर्णैकत्व वा अनेकत्व

सर्वत्र पाइने उनै वर्णहरुको परस्परमा भिन्नता छ या एउटै हो ? यसमा मन्थन गरिएको छ। अनेकत्व मतमा उदाहरणको लागि "अ" लाई लिऊँ। अश्व, अनार, अशोक आदिको "अ" एउटै हो वा वेग्लावेग्लै हो। अकार एक मात्र हो भने अनेक व्यक्तिले एकै पल्ट उच्चारण गर्न सक्दैनन् त्यसो हुनाले अकार अनेक भए। पक्षी झैं वर्ण पनि वेगमार्ने (आशुगामी) हुँदा अनेक ठाउँमा उपलब्ध भए पनि वास्तवमा त्यो एक मात्र छ भन्नमा चलायमान हुने हुँदा नित्यता हराउँछ, किनभने वर्ण सनातन (नित्य) मान्ने पक्ष पनि छ। सूर्य समान एउटै र व्यापक माने पनि दृश्य सूर्यमा र श्रव्य अकारमा अन्तर पर्न आउँछ। शकुनिवत्स्यु आदित्यवत्स्युः इत्यादि (पा. महाभाष्य)। अत एव वर्णहरु परस्परमा भिन्ना भिन्नै छन्।

एकत्व मतमा यो त्यही साडी हो जो हामीले काठमाण्डूमा किनेका थियौं। यो त्यही रुपैयाँ जो तपाईंले मलाई दिनु भएको थियो इत्यादिमा भूतकालको वस्तु र वर्तमान कालको वस्तु भिन्न भए पनि रुपको समानताले यो त्यही वस्तु हो भन्ने व्यवहारमा भए झैं "सोऽयम् अकारः सोऽयम् ककार :" जहाँको भए पनि त्यै "अ" हो त्यै "क" हो भन्ने प्रत्यभिज्ञा हुन्छ। ह्रस्व दीर्घको भेद पनि ध्वनिको भेद हो यसैले मिल्दाजुल्दा वर्णहरुमा सजातीय हुनाले अथवा रुपको समानता हुनाले अभिन्न मानिन्छन् भिन्न भिन्न मानिदैनन् "रुप सामान्याद्वा" (पा. महाभाष्य) त्यसकारण सवै ठाउँको अ पनि एउटै हो।

वर्णलाई अक्षर पनि भन्दछन्। अक्षरको अर्थ हो नाश नहुने। स्फोट रुपमा रहेको वर्ण नित्य हुन्छ नाश हुँदैन त्यो ब्रह्मस्वरुप हो। अथवा "अशू व्याप्तौ" धातुबाट सरन् प्रत्यय भएर बनेको अक्षर व्यापक अर्थमा छ। अक्षर विना कार्य चल्दैन सारा ज्ञान सारा अनुभव अक्षरमा रहेको हुँदा व्यापकत्व सिद्ध हुन्छ। यसरी वर्ण र अक्षर पर्याय भए।

पदभित्रका वर्ण सार्थक वा निरर्थक ?

महाभाष्य अनुसार पदमा रहेका वर्णहरु अर्थवान् हुन्छन् भन्ने पक्ष र अर्थरहित हुन्छन् भन्ने पक्ष दुई पक्ष छन्। अर्थवादी पक्षमा पदभित्रका वर्णहरुको पनि अर्थ हुन्छ । अधीत (पढेको) पदमा अधि+इ+त छन् अधि उपसर्ग हो इ को अर्थ पढ्नु हो त् को अर्थ भूत काल अर्थ हो। पार्वती (पर्वतकी छोरी) पद, पर्वत्+अ+ई ले बनेको छ[1]। अ को सन्तान अर्थ र इ को स्वास्नीमानिस अर्थ हुन्छ। यसरी इ, त, अ, इ, वर्ण सार्थक भए।

अर्को कुरा वर्णको उलटफेर भएमा अर्थको पनि उलटफेर हुन्छ। जस्तै कूप पदको अर्थ कुवा हो तर कूपको क हटाएर स राखेमा सूप हुन्छ। सूपको अर्थ दाल भयो कुवा अर्थ भएन। त्यस्तै एक वर्ण घट्यो भने त्यस पदको पहिलो अर्थ रहँदैन। कृषिमा ककार रहँदा खेती अर्थ हुन्छ ककार घट्दा ऋषि अर्थ हुन्छ खेती अर्थ

(१) संस्कृत व्याकरण-तद्धित भाग

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

C-0. In Public Domain. Digitization by eGangotri.Funding: MID

हुँदैन । दृष्टान्तमा तिलको एक दानाबाट तेल आउँछ भने धेरै तिलबाट पनि तेल आउँछ । वर्ण अर्थवान् छन् भने वर्णसमुदाय (पद) अर्थवान् नै हुन्छ तर वर्ण अनर्थक छन् भने त्यस समुदाय (पद) बाट कुनै अर्थ बुझिँदैन । बालुवाको एक कणबाट तेल आउँदैन भने सहस्र बालुवा पेले पनि तेल आउँदैन त्यसकारण वर्ण सार्थक हुन्छन् ।

निरर्थकवादी पक्षमा = वर्णहरुको उलटफेर हुँदा पनि पदमा त्यही अर्थ रहेको हुन्छ । हिंसमा स को उलटफेरले सिंह भयो । हिंस र सिंहको अर्थ प्रायः एउटै हो । वर्ण अर्थवान् भएको भए वर्ण व्यत्यय हुँदा अर्थको व्यत्यय हुनुपर्ने त्यो भएन । हन्+क्त = हत (मारिएको) मा न् को लोप भएको छ[1] । वर्णलोप हुँदाअर्थको पनि लोप हुनुपर्ने अर्थ रहेकै छ, त्यसकारण वर्ण अनर्थक छन् ।

वर्ण सार्थक निरर्थक दुवै छन्

वर्ण सार्थक निरर्थक दुवै वादीका मतमा– कक्षामा गुरुले सवै शिष्यहरुलाई समान दृष्टिकोण राखे बुझाउँछन् परन्तु कसैले बुझ्दछ, कसैले बुझ्दैन । कुनै वर्ण अर्थवान् (अर्थयुक्त) हुन्छन् कुनै अनर्थक (अर्थरहित हुन्छन् । त्यस्तै वर्णहरु पनि केही सार्थक छन् भने केही अनर्थक छन् । अर्थवान् वर्णहरुको पद अर्थवान् हुने भयो । तर अनर्थक वर्णहरु मिलेको पद पनि अर्थवान् नै हुन्छ । किनभने अवयवमा नरहेको गुण अवयवी (समुदाय मा रहेको देखिन्छ । साइकल वा मोटरका प्रत्येक भाग दौडनमा समर्थ नभए पनि सिङ्गो साइकल वा मोटर दौड समर्थ हुन्छ ।

संयुक्त वर्ण

ए ओ आदि संयुक्त अक्षर भएको हुँदा ए भित्रका अ इ र ओ भित्रका अ उ आदि संयुक्त वर्णका अवय हुन् । यिनीहरुको अ इ उ आदि स्वतन्त्र वर्णहरुमा गणना हुन्छ हुँदैन यो विचारणीय विषय छ । नेपाली भाषाम लृ को प्रयोग हुँदैन भनेर लेखिएको देखिन्छ । तर कसैले स्वेच्छया लृतक नाम राख्न सक्छ अथवा उच्चारण गर्नु परेमा असमर्थतावश लृ को उच्चारण गऱ्यो भने यसले लृ उच्चारण गऱ्यो भनेर भन्नलाई लृ आवश्यकता पर्दछ आदि आदि ।

वर्णस्फोट

स्फोट गहिरो अन्वेषणको परिणाम हो । अर्थज्ञानको उपयोगी शक्तिशाली अति सूक्ष्मतम शब्दस्वर पदार्थविशेषलाई स्फोट भन्दछन् । स्फोटको माध्यमवाट नै अर्थज्ञान हुन्छ–स्फुटति अर्थो यस्मात् स स्फोट स्फोट आठ किसिमका छन् । वर्णस्फोट, पदस्फोट, वाक्यस्फोट जाति व्यक्ति भेदले ६ र अखण्ड प वाक्यस्फोटको भेदले जम्मा ८ किसिमका स्फोट हुन्छन् । वर्णको अर्थवोधोपयोगी स्फोटलाई वर्णस्फो भन्दछन् । वर्णस्फोट वर्णद्वारा अभिव्यक्त हुन्छ । अतः वर्णस्फोट वर्णभन्दा पृथक् वस्तु हो ।

परन्तु वर्णस्फोट वर्णदेखि अलग रहँदैन । पानीको थोपा पानीदेखि अलग रहँदैन । तर वर्णमा परस् भिन्नता रहन्छ, विजातीय रहन्छ स्फोटमा रहँदैन । यो महाकाश जस्तै व्यापक छ, नित्य छ । स्फटिकमा जस रंगको फूल राखिन्छ स्फटिक उस्तै रंगको देखिन्छ । त्यस्तै जस्तो वर्ण स्फोटमा पर्छ स्फोट पनि उस्तै आभासि हुन्छ ।

(१) संस्कृत व्याकरण

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्फोटरुप शब्द नित्य या प्राकृतिक हो । वर्णरुप शब्द अनित्य या वैकृत हो । घ् अ ड् आ यी चार अक्षरबाट घडा शब्द बन्दछ । यसमा केवल "घ" या "डा" ले घैंटो अर्थ प्रकाशित गर्न सक्दैन । घडा यो वर्ण समष्टिलाई पनि अर्थप्रकाशक भन्न मिल्दैन किनभने वर्ण प्रथम क्षणमा उत्पन्न हुन्छ द्वितीय क्षणमा रहन्छ तृतीय क्षणमा नाश हुन्छ । डा उच्चारण हुनुभन्दा पूर्व उच्चारण भएको घ नष्ट भइसकेको हुन्छ । उच्चारण क्रमिक रहन्छ, समूहगत या युगपद् उच्चारण संभव हुँदैन । यसवाट के निष्कर्ष निक्लन्छ भने वर्णहरू उत्पत्ति र विनाशशील हुन्छन् । नाश हुनेले कुनै अर्थ दिँदैन नत त्यसमा पूर्वापरी भाव रहन्छ । त्यसकारण घ प्रभृति वर्णद्वारा प्रथमतः स्फोट नामक पदार्थ अभिव्यक्त हुन्छ । यसको सहायताले घडा आदि शब्दवाट अर्थवोध हुन्छ । तर वर्ण समूह क्रमिक हुनुपर्दछ अनिमात्र अभीष्ट अर्थको वोध हुन्छ । क्रम (पूर्वापर) भंग भयो भने अर्थवोध हुँदैन । अन्यथा नव र वन शब्दको अर्थमा कुनै पार्थक्य नरहला ।

चैतन्यस्वरुप शब्दब्रह्म स्फोटको स्वीकार र समावेश नहुँदासम्म जडवायुकण वर्णवाट अर्थप्रतीति कदापि हुन सक्दैन । चैतन्य विना स्वयं जडले कार्य संपादन गरेको सुनिएको छैन । अतः स्फोट नै सर्वोपरि हो ।

उपसंहार

आजभोलि वर्ण लोप हुँदै जाँदै छन् । उच्चारणमा पनि ध्यान दिइन छाडिँदै छ । हाम्रो पारम्परिक मौलिक अध्ययन पद्धतिमा वडो सावधानी राखिन्थ्यो । यदि कुनै मन्त्रको स्वर अथवा वर्ण ठीकसंग उच्चारण भएन भने त्यो मन्त्र फलदायक नभएर उल्टो हानिकारक हुन्थ्यो । "सवाग्वज्रो यजमानं हिनस्ति" भन्ने उक्ति प्रचलित छ । आज पनि वर्ण राम्रोसंग उच्चारण भएन भने अर्थको अनर्थ हुन्छ या आशय वुझ्न सकिँदैन । तोप भनेको हो या टोप भनेको हो । पाथी हो या पाठी, डर हो या दर, पाडो हो या पारो, ढोका हो या धोका छुटयाउन र अर्थ्याउन पनि गाह्रो पर्दछ । मञ्च भनेर च उच्चारण गरिएको छ भने त्यसको अर्थ हुन्छ । ज उच्चारण (मञ्ज) गरियो भने त्यसको कुनै अर्थ वुझिंदैन । त्यस्तै मूर्खको अर्थ छ, मूर्पको अर्थ छैन । पलाश, पलाष, श ष स आदिमा अन्तर पर्दछ । त्यसकारण पहिलो शुद्ध उच्चारण अनि शुद्ध लेखन यी दुवै आवश्यक छन् । नत्र वर्णविकृति भएर अर्थ नलाग्ने हुन्छ । सुनेर या हेरेर मात्र ज्ञान गर्नुपर्छ भन्नु युक्तिसंगत देखिँदैन ।

❖❖
❖

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वातावरणको सन्दर्भमा पौरस्त्य चिन्तन

– स्थानेश्वर गौतम

क्रियाव्युपरमात्तेषां ततोऽगच्छाम संशयम् ॥ म.भा.शा.प. ।

तराई प्रदेशमा यस वर्ष आँप मौराएन आँपको संकट हुने भयो। भित्री मधेशमा बोटबिरुवा राम्रो थियो तापनि तोरी बाली बिग्रियो फल लागेन । अमुक देश अतिवृष्टिले गर्दा संकटमा परेको छ, अर्को देशमा अनावृष्टिले गर्दा भोकमरीको समस्या पर्नेछ । अम्लवर्षाले गर्दा वृक्ष वनस्पति सब सखाप । यस्तै यस्तै घटना दुर्घटनाहरू आजको विश्वमा विशेष चर्चाका विषय भइरहेका छन् ।

आजको युग विज्ञानको युग हो त्यसकारण भौतिक विज्ञानले अभौतिक मानवको समाजलाई (भौतिक भए भविष्यको चिन्तामा पिरोलिने थिएन) त्यस्तो ठाउँमा पुऱ्याएको छ, जहाँबाट फर्कन अब असंभव जस्तो भइसकेको छ । यस अवस्थामा या त मान्छे विशुद्ध भौतिकवादी भएर सास छँदासम्म बाँचिने विश्वासमा चिन्तामुक्त हुन सक्नुपर्दछ । अन्यथा मानव समाजलाई नित्य निरन्तर रुपमा बाँच्न दिने हो भने प्रकृतिसंग संझौता नगरी सुख छैन । संझौता गर्दा केही कुरा पाउनको लागि केही कुरा त्याग्नै पर्छ , बीउ छर्न नसक्ने लोभीले बालीको आशा गर्नु हुँदैन । कर्तव्यको अपेक्षा नगरी अधिकारको मात्र उपभोग गर्दा अर्काको हकमा बाधा पुग्नु स्वाभाविकै हुन्छ, जसको प्रतिक्रियास्वरुप हात लाग्यो विपत्ति – यही हो वर्तमानको कथा ।

आजका विज्ञ किंवा वैज्ञानिकहरुको भनाइअनुसार यो पृथ्वी ओजोन भनिने ग्याँसको आवरणले चारैतिरबाट बेरिएको छ । उक्त आवरण पृथ्वीमा उत्पादित विभिन्न प्रदूषणद्वारा प्वाल पर्न गएकोले सूर्यका तीक्ष्ण किरणहरू पृथ्वीमा प्रवेश गर्छन्, जसबाट गर्मी बढ्न जाँदा मौसम परिवर्तन भैरहेको छ । अनेक किसिमका नयाँ नयाँ रोगहरु फैलिएका छन् ।

यस सन्दर्भमा आजभोलि वैज्ञानिकहरु र भोगवादीहरू छटपटाएका देखिन्छन् । रियो सम्मेलन जस्ता विश्वसम्मेलनहरु वातावरण सुधार गर्नको लागि आयोजना गरिँदैछन् । प्रकृतिको दोहन गरी अपच हुँदासम्म भोग गर्नेहरूबाट खान नपाएकाहरूलाई समुचित उपयोग गर्न समेत नहुने गरी उपदेश दिन थालिएको छ । बाटामा काँडा विच्छ्याउनेहरू आफ्नो लागि चिल्लो बाटो सुरक्षित गर्न खोज्दैछन् । ओजोन पत्र टाल्ने र वातावरणको सुधार एवं सुरक्षा गर्ने सही उपाय भने अझसम्म भेट्टाउन सकेको पाइँदैन ।

यस सन्दर्भमा प्राच्य महर्षिहरुले के कस्तो विचार गरेका छन् ? के पृथ्वीको वनोटतर्फ ध्यान दिएका छन् ? के साँच्चै पृथ्वी ओजोन पत्रले ढाकिएको हो ? वातावरण प्रदूपण निराकण गर्नेतर्फ केही चिन्तन छ ?

...iversity, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यी विषयहरुको विवेचना गर्नको लागि पृथ्वीको उत्पत्ति र बनोटको ज्ञान गर्नु आवश्यक छ ।

सर्वप्रथम पुराणप्रसिद्ध एउटा कथा –

"उहिल्यै जुनवेला यो संसार जलमय मात्र थियो, त्यस अवस्थामा त्यस महासागरमा शेषनागको शैय्या बनाई भगवान् विष्णु र उहाँको साथमा भगवती महालक्ष्मी विराजमान हुनुहुन्थ्यो । उहाँहरुको लागि शेषनाग नै छाता बनेका थिए । त्यस परिस्थितिमा विष्णुको नाभिबाट कमल उत्पत्ति भयो र त्यस कमलमा भगवान् ब्रह्माजी उत्पन्न हुनुभयो । उहाँले चाहेर पनि सृष्टि गर्न सक्नुभएन किनभने त्यहाँ कतै सृष्टि गर्ने थलो थिएन । त्यस अवस्थामा विष्णुको कानबाट मधु र कैटभ नामका दुई दैत्य प्रकट भई ब्रह्माजीको पतन गराउन खोजे । भगवान् विष्णु जागा हुनुभयो र मधुकैटभसंग दिव्य पाँच हजार वर्षसम्म युद्ध गर्नुभयो । दिव्य पाँच हजार वर्षपछि तिनीहरुलाई मारेर तिनीहरुकै शरीरबाट पृथ्वी बन्यो, अनि मात्र ब्रह्माजीले सृष्टिक्रम प्रारम्भ गर्नुभयो । त्यस्तै यस पृथ्वीलाई शेषनागले धारण गरेका छन् ।" यो हो पौराणिक कथा ।

अब यही पृथ्वीको उत्पत्तिको कुरालाई वेदले यसरी बताएको छ – शून्यब्रह्म (चैतन्य), शून्य (आकाश) बाट वायु, वायुबाट अग्नि, अग्निबाट जल, जल पछि पृथ्वी । यहाँ प्रत्येक पहिलो तत्त्व पछिल्लो तत्त्वमा अनुस्यूत हुँदै (घुस्दै) आएका हुन्छन् । ब्रह्म पृथ्वीसम्म आएको हुन्छ । त्यसैले त आइन्स्टाइनले पृथ्वीका प्रत्येक अणुमा चैतन्य फेला पारे ।

उपर्युक्त वैदिक र पौराणिक बयानहरूलाई हेर्दा एक आपसमा पटक्कै सामञ्जस्य देखिँदैन भने झन् वैज्ञानिक विषयवस्तुसंग कसरी मेल खाला र सही विचार हुन सक्ला ? भन्ने शंका उत्पत्ति हुन सक्छ । तर त्यसो नभई अत्यन्त सामन्जस्ययुक्त छन् र अत्यन्त वास्तविक पनि छन् दुवै बयानहरू ।

वैदिक बयान ब्रह्माण्डको सृष्टिप्रलयप्रक्रिया बुझ्नेहरुको निमित्त अत्यन्त स्पष्ट छ । वेदवचन निष्कर्ष हो, विधिवचन हो संविधान जस्तै प्रक्रिया र व्याख्यारहित । स्मृति, पुराण र दर्शनहरु त्यही वैदिक विधिवचनका व्याख्या विस्तार हुन् कानूनहरु जस्तै । वैदिक बयान चिद्घन ब्रह्मबाट पृथ्वी सृष्टिसम्मको क्रमको सूत्रकथन हो भने उक्त पौराणिक बयान ब्रह्माण्ड सृष्टिको पछिल्लो सूत्र "अद्भ्यः पृथिनी" जलपछि पृथिवी भन्ने सूत्रको मात्र विस्तृत प्रक्रिया वर्णन हो ।

यसरी उक्त पृथ्वी उत्पत्तिको पौराणिक कथातर्फ विचार गर्दा कमलनाल, कान र मधु कैटभ, पाँच हजार वर्षको युद्ध, शेषनाग यी पक्षहरू विचारणीय छन् ।

१) कमलनाल :– आकाश, वायु, तेज र पानी तैयार भइसकेको पृथ्वी तयार नभएको अवस्थामा "सृजना शक्ति हुँदैन कैल्यै संसारमा विफल" भने मुताविक शेषशैय्यामा विराजमान लक्ष्मीनारायण स्त्रीपुंयोगको प्रतीक हो भने नारायण बीजतत्त्व चैतन्य हो । बीज पुरुषतत्वमा नै रहन्छ स्त्री तत्वको संपर्कबाट बीज चैतन्य जागृत हुन्छ, त्यसकारण नारायणकै नाभीबाट कमल उत्पत्ति भयो जसमा सन्तानको रुपमा ब्रह्माजी रहे । यो कुरा प्रत्येक आमाहरुलाई र प्रसूतिविशेषज्ञ डाक्टर नर्सहरुलाई संझाइरहनु नपर्ला, गर्भनालको टुप्पोमा कमलपुष्प जस्तो गर्भजालोमा नै शिशुको वास हुन्छ । गाई भैंसीको त सबैले देखेकै छौं । प्राणको संचार एक आपसमा नाभीकै माध्यमबाट हुन्छ किनकि प्राणवायु र अपानवायुको केन्द्र नाभीस्थल हो ।

२) कान र मधुकैटभ :– पृथ्वी बन्नुभन्दा पहिले नै ब्रह्माजीको सृष्टि देखाउनुको तात्पर्य हो पृथ्वी बन्नुभन्दा पहिले नै चैतन्य नित्य सनातन रुपमा रहेको छ । चैतन्यको इच्छानुकूल भौतिक विकास हुन्छ । यस

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अनुसार काल भनेको पूर्वीय दर्शनको मान्यता अनुसार आकाश हो जहाँ पृथ्वी निर्माणको लागि आवश्यक दुई प्रकारका मुख्य भौतिक पदार्थ छुट्टाछुट्टै अवस्थित थिए मधु र कैटभ ।

मधु भनेको जल परमाणु, कैटभ भनेको पृथ्वी परमाणु । अतिशय शुद्ध जल र अतिशय शुद्ध पृथ्वीमा कुनै वृक्ष वनस्पति झार लेउ समेत पैदा हुन सक्ने कुरा खरानी र गंगाजल हेरे छर्लङ्ग नै हुन्छ । अतः यी दुई तत्वको मिश्रणप्रक्रिया हो शुद्ध र मिश्रित संयुक्त रूप हो पृथ्वी । मधु र कैटभ कुनै यादृच्छिक नाम होइनन्, किट, किकट भनेर मरुभूमिलाई भनिन्छ भने जलको स्वाभाविक रस मधुर नै हो (मधु रस) । यसकारण यी जल र किट चैतन्य विकासको बाधक अनुपयोगी हुँदा दैत्य मानिए भने चैतन्य विकासमा साधक हुँदा भूमि माता, जननी, देवी मानिइन् ।

३) दिव्य पाँच हजार वर्षको युद्ध :– अब त यो कुरा स्पष्ट नै भइसक्यो कि यो पृथ्वी निर्माण प्रक्रियाको समयावधि हो । दिव्य पाँच हजार वर्ष भन्नाले १ मनुष्य वर्षको दिव्य १ दिन हुन्छ, यसरी १ दिव्य वर्ष=सामान्यतया ३६० मनुष्य वर्ष हुने भयो, यसप्रकार ५००० दिव्य वर्ष×३६० मुनष्य वर्ष=१८,०००० अठार लाख वर्ष पृथ्वीको संरचना भई प्राणीसृष्टिको लायक भएको समयावधि हो भन्ने बुझिन्छ । बाँकी रह्यो शेषनागको कुरा ।

४) शेषनाग :– पानीमा डुब्नबाट बचाउने आसन पनि शेष, घामबाट बचाउने छाता पनि शेष यसरी चैतन्य बीजरुप नारायणलाई शेषले घेरेको देखिन्छ । अब विचार गरौं प्राय देवतामध्ये नारायणको मात्र शेषच्छत्रको वर्णन पाइन्छ, नत ब्रह्मा, न रुद्र, न गणेश, न देवी न त कसैको मूर्तिमा शेषच्छत्र देखिंदैन सुनिंदैन किन्तु महाकालेश्वर महादेवको त शेषनागमाथि गलासम्म र तल कटिसम्म गहनाको रुपमा पाइन्छ ।

अब यसमा विचार गर्दा नारायण चैतन्य जीवतत्वका प्रतीक भनेर माथि भनिसकियो । यसप्रकार जहाँ जीव छ त्यहाँ शेषच्छत्र (सौर दाहबाट बचाउने) अवश्य नै रहन्छ । अब यसलाई परीक्षण गरी हेर्न मसंग कृत्रिम प्रयोगशाला छैन, छ त केवल प्राकृतिक प्रयोगशाला । त्यसैमा हेरौं :–

मान्छे र पशु जन्मदा पनि अत्यन्त पातलो पारदर्शी झिल्लीको रुपमा रहेको गर्भजालोमै बेरिएको हुन्छ । पक्षीको अण्डा हेरौं–बाहिरको कडा खोस्टोभित्र त्यस्तै पारदर्शी पातलो झिल्ली नै हुन्छ । वृक्षवनस्पतिमा हेरौं – लिचीको दानाको बाहिरको खस्रो बोक्राभित्र रसलाई बचाउने त्यस्तै पातलो पारदर्शी झिल्ली नै रहन्छ । फर्सीको बियाँ हेरौं त्यहाँ पनि खोस्टोभित्र अर्को पातलो झिल्ली नै रहन्छ । यसरी धानको गेडा, तोरीको गेडा सबैमा पारदर्शी पातलो आवरण सबै बीजमा पाइयो । आलुमा पनि बीज छ, आलु पनि उम्रन्छ तर पातलो झिल्ली छैन भन्न त झनै मिल्दैन । आलुका कृपकले देखेकै छन्– उम्रेर आफैमा निहित खाद्यपदार्थ भोग गरी हुर्की बढी फलिसक्ता पनि खोक्रो भइसकेको खोस्टो बाँकी रहेको हुन्छ । यसप्रकार जहाँ जीव चैतन्य त्यहाँ बाह्य शीततापबाट बचाउने सुरक्षा छत्र अनिवार्य रुपमा हुनुपर्ने भएपछि बिना शेष चेतनको सुरक्षा हुन सक्दैन । शेष यो नाम पनि मनगढन्ते होइन, जुन तत्त्वहरुबाट यो जीवधारी शरीर (वस्तु) बनेको हुन्छ त्यही पदार्थको अत्यन्त परिष्कृत भनौं कि अत्यन्त तुच्छ भनौं उपयोग भै बाँकी रहेको खार=शेष पदार्थ नै आवरण लेपको रुपमा परिणत हुने हुँदा शेष नै हो । (यसलाई नाग भन्नुको तात्पर्य पछि स्पष्ट हुने छ ।) यो हो पृथ्वी निर्माणको कथा । अब प्राच्य महर्षिहरुले निर्माण गरेका पुराणका कथाहरु मिथक, गल्प हुन् वा वास्तविक तत्त्वबोधक विज्ञ पाठकहरु स्वयं विवेकशील हुनुहुनेछ ।

अब उसो भए माथिको वैदिक सूत्रअनुसार पृथ्वीमा चेतन छ । मान्छे चेतन नै भयो । वृक्ष वनस्पतिमा

University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पनि चेतना छ। तर खैत त्यहाँ शेष छाता ? यस प्रश्नमा– रुखमा वाहिर हरियो वोक्रोभन्दा भित्र काठभन्दा वाहिर सेतो रङ्मै अत्तरछाला भनिने वोक्रो हुन्छ, वोक्रो ताछिए पनि चारैतिर अत्तरछाला नताछिएसम्म रुख सुक्दैन।

अव पृथ्वीको सिंगो स्वरुपतर्फ विचार गरौं –

माटो र पानीको संमिश्रण ठोस पृथ्वी हो भन्ने कुरा त वताइसकियो। साथै यसमा तेज, वायु र आकाश पनि प्रत्येकको १/८ भाग मिलेको हुन्छ। यो त आधार मात्र हो। वस्तुतः प्राणीको जीवन संचालनको लागि ठोस पृथ्वीभन्दा वाहिरपट्टि वायुका विविध आवरणहरु रहेका छन्, त्यही नै वातावरण हो भने वातावरण सहितको यो पृथ्वी नै समष्टिमा पृथ्वी हो।

आधुनिक वैज्ञानिकहरुको विश्लेषण अनुसार यस धरातलवाट १० देखि ५० कि.मी. परसम्म स्ट्रेटोस्फियर (ओजोन पत्र) रहन्छ जसमा विभिन्न ग्याँसका अणुहरु रहन्छन्। उक्त स्ट्रेटोस्फियरमा विद्यमान अणुमध्ये प्रत्येक दशलाख अणुमा आठ अणुमात्र ओजोन अणु हुन्छन्। ७८% नाइट्रोजन, २०% अक्सिजन, १% कार्वनडाइअक्साइड, १% अन्य। ओजोन अणु वास्तवमा अक्सिजन अणु नै हो। सामान्य अक्सिजन अणु सूर्यकिरणको तापले २ परमाणुमा टुक्रिन्छ। उक्त २ परमाणु र एक उत्प्रेरक सामान्य अणु मिलेर १ ओजोन अणु वन्दछ। यसरी ओजोन नै सूर्यकिरणवाट प्राणीलाई वचाउने वास्तविक तत्त्व हो। पृथ्वीको वाहिरी पत्र ओजोनमा प्वाल परेको छ र यसवाट सूर्यका परावैजनी किरणहरु पृथ्वीतलसम्म आइपुग्दा प्राणी जगतमा नोक्सानी पर्दछ भन्ने कुरा सन् १९७४ मा मात्र जानकारीमा आयो र मात्र विज्ञानवादी दुनियाँ अत्तालिएको छ।

प्राच्यवाङ्मयतर्फ विचार गर्दा सर्वप्रथम ऋग्वेदमा ओजस् शब्द र ओज्मन् शब्दको प्रयोग भएको पाइन्छ।

"दिवस्पृथिव्याः पर्योज उद्भृत वनस्पतिभ्यः पर्याभृतं सहः।
अपामोज्मानं परिगोभिरावृतमिन्द्रस्य वज्रं हविषा रथं यज॥"

पृथिव्याः पर्योजः=पृथ्वीको चारैतिर ओज छ। अपामोज्मानं परिगोभिरावृतम्=जलको ओज्मन्को चारैतिर सूर्य किरणले छाएको भन्ने उल्लेख छ।

आयुर्वेद शास्त्रमा ओजस्को परिभाषा भास्वर जीवनदायी चिल्लो शुक्लवर्णको (चम्किलो) शीत गुण भएको चिरस्थायी गतिशील=आफ्नो सतहमा फैलिएको हुन्छ भन्ने गरिएको छ।

" ओजः सोमात्मकं स्निग्धं शुक्लं शीतं स्थिरं सरम्॥"

जस्तो ओजस्वी पुरुष भन्नाले लावण्य कान्ति तथा वलवीर्य भएको भन्ने वुझिन्छ।

पृथ्वीको सन्दर्भमा त्यसको चारैतिरको ओज वा ओज्मन्को अवस्थितिको वारेमा महाभारतमा विस्तृत विवेचना गरेको पाइन्छ। जस अनुसार ठोस पृथ्वीको वाहिरपट्टि क्रमशः ७ वायवीय आवरण छन्, जसमध्ये पहिलो-प्रवह, दोस्रो-आवह, तेस्रो-उद्वह, चौथो-संवह, पाँचौं-विवह, छैठौं-परिवह र सातौं- परावह, जसलाई सप्त वायुस्कन्ध पनि भनिन्छ।

१) प्रवह :– पृथ्वीमा उत्पन्न धुवाँ र वाफ, धूलो आदिलाई आकाशमा मेघको रुपमा घुमाउने प्रवह नामक वायु हो।

२) आवह :– आकाशमा वाफ पानीमा रहेको चिल्लो पदार्थलाई विद्युतरुपमा परिणत गरी चम्किने र चड्कने आवहनामक वायु हो।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

३) उद्‌वह :- जसले समुद्रहरूवाट जल खिचेर जलवाही जीमूतनामक मेघमा पुऱ्याउँछ, जसले सोम आदि प्रकाशमान ग्रहनक्षत्रहरुको उदयादि निर्वाह गर्दछ (प्रकाशलाई चम्किलो वनाउँछ) त्यो उद्‌वहनामक तृतीय स्थानीय वायु हो ।

४) संवह :- आकाशमार्गमा विमानलाई वहन गर्न र एकत्रित बादललाई तितरवितर पार्ने अतिशय वेगशाली चतुर्थस्थानीय संवहनामक वायु हो ।

"योऽसौ वहति भूतानां विमानानि विहायसा ।
चतुर्थः संवहो नाम वायुः स गिरिमर्दनः ॥"

५) विवह :- जुन वायुवाट उल्कापात, प्रलयङ्कारी गर्जन, धूमकेतुको संचार गर्ने (जुन तारा खसेको देखिन्छ त्यसलाई तितरवितर पारिदिने) पाँचौ विवहनामक वायु हो ।

६) परिवह :- जुन वायुमा आकाशगङ्गाको दिव्य जल रोकिएर रहन्छ, जुन वायुले सूर्यका हजारौं तीखा-तीखा किरणहरुलाई रोकेर समप्रकाश मात्र पृथ्वीतर्फ पठाउँछ, जहाँवाट दिव्य जल र प्रकाश परावर्तन भएर चन्द्रमाको पोषण हुन्छ त्यो परिवहनामक छैठौं वायु हो (वास्तविक ओज ओज्मन् त्यही नै हो ।)

यस्मिन्पारिप्लवे दिव्या वहन्त्यापो विहायसा
पुण्यं चाकाशगङ्गायास्तोयं विष्टभ्य तिष्ठति ॥
यस्मादाप्यायते सोमो निधिर्दिव्याऽमृतस्य च ।
दूरात्प्रतिहतो यस्मिन्नेकरश्मिर्दिवाकर ।
योनिरंशुसहस्रस्य येन भाति वसुन्धरा ॥

७) परावह :- जुन वायुले सम्पूर्ण प्राणीको प्राण खिचेर लिन्छ, जहाँ मृत्युनामक यम रहन्छन् । जुन वायुपत्रलाई पार गर्न पनि कठिन छ र पार गरिसकेपछि पुनः फिर्ता हुन सकिदैन अर्थात् पृथ्वीको चुम्वकीय शक्ति पूर्णतः समाप्त हुन्छ त्यो हो सर्वश्रेष्ठ परावहनामक वायुस्कन्ध ।

यसप्रकार सातौं वायुस्कन्ध मृत्युपथ हो, त्यसपछि लोकान्तर गति मानिन्छ भने छैठौं वायुस्कन्धसम्म जीवलोक पृथ्वीमण्डल नै मान्नु पर्दछ । अब विचार पुऱ्याउनुपर्ने कुरा यहींनेर के छ भने जीवनको अन्तिम किनारा छैटौंस्कन्ध परिवह नै हो । त्यसले वाह्य आगन्तुक तत्त्वलाई रोक्न सकेको छ भने आन्तरिक वहिर्गमनशील पदार्थहरु पनि त्यहाँसम्म पुगेर नै रोकिन्छन् र पुनः पृथ्वीतर्फ नै फर्कन्छन् । यति धेरै वायुहरुको दवावमा परेर धरातलमा स्थूलरुपमा रहेका असल खराव जुनसुकै पदार्थ पनि सूक्ष्म नभई सजिलैसंग वायुस्कन्धहरुमा पुगेर छरिएर वर्षन सक्ने कुरै भएन, अतः आकाशवाट जे जति वर्षन्छन् ती हाम्रै कारणले वर्षन्छन् । समुद्रको पानी खिचेर वर्षाउने वायुले समुद्रको नून खिचेर वर्षाएको छैन तर हामी बुद्धिमान् मान्छेहरुले पृथ्वीभित्र र पृथ्वीतलमा रहेका विषालु र खराव पदार्थहरुलाई धूलो र वाफ वनाई अन्तरिक्षमा वायुस्कन्धमा पुऱ्याएर वर्षा गरायौं । अन्तरिक्षलाई शुद्ध गराउने अमृतमय पदार्थहरु यात केवल आफै भोग गऱ्यौं यात पृथ्वीमा नै सडायौं जसको फलस्वरुप आजको जीवन भयावह भएको छ, फलफूल र अन्नादिको पौष्टिकतामा कमी आएको छ । पृथ्वी हाम्री माता हुन् भने अन्तरिक्ष हाम्रा पिता हुन् । सन्तानले गरेको फोहोर जति आमा सहन सक्छिन् त्यति पिता कुनै हालतमा सहँदैनन् त्यसकारण खराव पदार्थ पृथ्वीको गर्भमै रहन दिनु कल्याणकारक हुन्छ ।

University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

समाधान

पृथ्वीमा यति ठूलो भयावह समस्या उपस्थित हुँदा संसारवाट विरक्त भएका परमहंस र निम्न वौद्धिकस्तरका श्रमजीवीहरु वाहेक सम्पूर्ण मानव समाज विचलित भएको छ, किंकर्तव्यविमूढ भएको छ। वैज्ञानिकहरु उपाय सोच्दैछन्–क्लोरोफोर कार्वन (सी.एफ.सी.) लाई आर्क्जेलेट पाउडरसाथ १२८० डिग्री सेल्सियस तापक्रममा प्रवाहित गरेपछि आर्क्जेलेटमा रहेका इलोक्ट्रोनले सी.एफ.सी. अणुलाई टुक्र्याइदिन्छ र समस्यावाट मुक्ति मिल्दछ। तर के यो उपाय चोर भगाउन डाँकाको सहारा लिए जस्तो नहोला र ?

वस्तुतः यो समस्याको उपस्थिति भोगवादी र साम्राज्यवादी प्रवृत्तिवाटै भएको हो। विश्वभ्रातृत्व र समन्वयको भावना भएको भए यो समस्या उपस्थित नै हुने थिएन। औद्योगीकरणले गर्दा उपयोगी पदार्थको उत्पादनमा भन्दा सर्वैश्वर्यशाली र सर्वशक्तिमान् वन्नुमा लक्ष्य केन्द्रित भयो, वैज्ञानिक उन्नति भयो, अन्तरिक्षयात्रासम्म पुगियो, स्टारवार जस्तो महाविनाशको ढिकमा पुगियो। अतिशय शारीरिक संभोगले मानव शरीरमा मात्र एड्स उत्पन्न भयो भने पृथ्वीमा रहेको उर्जा र स्निग्धताको असीमित उपभोगले गर्दा पृथ्वीमा नै एड्स लागेको छ। अझ सम्भव छ – पार्थिव उर्जाको समाप्तिपछि सौर उर्जाको दोहन हुँदैछ त्यसको लागि धनबहादुर र वलवहादुर मिलेर नेपाल जस्ता देशलाई घपक्कै ढाक्ने सोलार प्लेट आकाशमा राख्ने छन्। त्यसपछि त सौर उर्जा समेत नपाएपछि प्राणीको समग्र मृत्युका साथै सम्पूर्ण पृथ्वी नै धमिराको गोलो जस्तो खोस्टो हुनेछ। यस्तै भयावह परिस्थितिलाई ध्यानमा राखेर देवताहरुले उहिल्यै भनेका थिए–"क्रियाव्युपरमात्तेषां ततोऽगच्छाम संशयम्" (यस लेखको प्रारम्भमा उद्धृत अंश)।

अव विचार गरौं अन्तरिक्षमण्डलको शुद्धीकरणतर्फ– पृथ्वीको वातावरण (सप्तवायुस्कन्ध) पृथ्वीवाटै उत्पन्न धूलो, धुँवा, वाफ, वायु, उर्जा, चिल्लो पदार्थ र सूर्यको तापवाट वनेको रहेछ भन्ने कुरा त वुझिसकियो। जुन उपयुक्त प्रक्रियावाट सिर्जना हुन्छ त्यही प्रक्रिया अनुपयुक्त भयो भने विनाश पनि हुन्छ। क्लोरोफोरो कार्वनको अत्यधिक उत्पादनले ओजोन फाट्यो भन्ने कुरा वैज्ञानिकहरुले भनिसकेका छन्। ओजोन पत्रको स्वरुप र गुण वैज्ञानिकहरुले नवताए पनि आयुर्वेदमा उल्लेख भए अनुसार ओजोन (ओज्मन्) चिल्लो, चम्किलो, चिसो गुण भएको र तन्किने हुन्छ भने (वैज्ञानिकहरुले समेत माने अनुसार) सर्पको शरीर पनि तेलीय वस्तुबाट वनेकोले सधैं ओसिलो र चम्किलो हुन्छ शीतरक्तवाला समूहमा पर्दछ। धेरै महिनासम्म सुषुप्त (स्थिर) रहन सक्दछ र तन्किने खुम्चने पनि हुन्छ। गर्मी वढेपछि काँचुली फेरेर पनि नयाँ शरीर राखिरहन्छ। अतएव समान गुणरुप भएकोले पृथ्वीलाई धारण गर्ने ओजोन शेषनाग नै हो जलशायी बीजरुप लक्ष्मीनारायणको छाता (शेष) ओजोन नै हो।

गाउँघरमा सर्प आउँदा विज्ञहरुले मट्टितेल खन्याइदिंदा सर्पको शरीर फुस्रो भई टुक्रा टुक्रा भएको पनि देखेकै छौं भने धर्मभीरुहरुले पानी खन्याउने, शरीरमा घिउ चुहाइदिने र गुडको धूप हालिदिने गर्दा अझ चम्किलो भई सलल्ल वहेर भागेको पनि नदेखेका होइनौं। अतएव खनिज तेल विषालु पदार्थबाट उत्पन्न ग्याँस वायुमण्डलमा पठाउन रोक्नै पर्दछ। घिउ, तिल र वदामको तेल आदि अमृतपदार्थ वायुमण्डलमा पुर्‍याउने काम शुरु नगरी वायुमण्डल शुद्ध हुँदैन, ओजोन पत्र टालिदैन, पानीमा हुने स्नेह मधुरपदार्थ पनि सूर्य तापद्वारा वायुमण्डलमा पुगेर आजसम्म वाँच्दैछौं। पृथ्वीमण्डलमा पृथ्वी, वृक्षवनस्पति र सम्पूर्ण प्राणीको जीवन शृङ्खलापद्धति (**Chain system**) अनुसार एकअर्कामा अन्योन्याश्रित छ।

अन्नाद् भवन्ति भूतानि पर्जन्यादन्नसंभव :।
यज्ञाद् भवति पर्जन्यो यज्ञकर्मसमुद्भव : ॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यज्ञवाट वृष्टि, वृष्टिवाट अन्न, अन्नवाट प्राणी जीवित हुन्छ भने यज्ञ चाहिँ कर्मको भरमा छ। क
मानवाधीन छ भने यो जीवनश्रृङ्खलाको शक्तिस्रोत मान्छे नै हो। मान्छे भोगमाभन्दा वढी कर्ममा आवद्ध हुनु
पर्दछ, यज्ञ भनेको कर्म नै हो।

वहूनि यज्ञरूपाणि नानाकर्मफलानि च। (महाभारत शा.प.)

अनेक किसिमका यज्ञ छन्, अनेक फल छन्। विज्ञानले आगोको विकास त धेरै गऱ्यो तर पानीको भ
शून्य। यो जीवन र जगत् सोम-सूर्यको समन्वय हो (अग्नीषोमीय जगत्, अग्नीषोमीयः पशुः – उपनिषद्)। सो
र सूर्यको समन्वय भएर पृथ्वी तयार हुन १८ लाख वर्ष लागेको हो। भर्खर भर्खर मात्र पानीयज्ञ हुन थाले
छ –वृक्षरोपण, वृक्ष स्वयंमा वृक्ष मात्र होइन, अपितु वातावरण शुद्धिको लागि अन्तरिक्षमा पानी पुऱ्याउने क
पाखा, कन्दराव्यापी औजार वृक्ष नै हो। पानी भण्डारण गर्न वृक्षको हरियाली भन्दा सजिलो र व्यापक उपा
अर्को कुनै छँदै छैन। चिल्लो र चम्किलो तैजस पदार्थ अन्तरिक्षमा पुऱ्याउने उपाय अग्निमा हवन गर्नु बाहे
अर्को छँदै छैन।

अग्नौ प्रास्ताहुतिः सम्यगादित्यमुपतिष्ठते ॥
आदित्याज्जायते वृष्टिर्वृष्टेरन्नं ततः प्रजाः ॥
(महाभारत)

अब शुरुमा उद्धृत गरिएको श्लोक पनि पूरा गरौं

अधो हि वर्षमस्माकं मर्त्यास्तूर्ध्वप्रवर्षिणः ।
क्रिया व्युपरमात्तेषां ततोऽगच्छाम संशयम् ॥

तलपट्टि वर्षा गराउने हाम्रो काम हो, माथितिर वर्षा गराउने मान्छेको काम हो। उनीहरुले (मान्छे
आफ्नो काम छोडे हामी के गरौं ? भनी देवताहरुले उहिल्यै भनेका थिए, ठीक त्यही अवस्था अहिले देखिए
छ।

त्यसकारण दीर्घ र स्वस्थ जीवनको लागि स्थूल पदार्थ भन्दा सूक्ष्म पदार्थ वढी शक्तिशाली छन् भ
बुझेर क्षणिक जीवन भएको भोगवादलाई भन्दा दीर्घजीवन हुने कर्मवादलाई रोजौं। कुर्वन्नेवेह कर्मा
जिजीविषेच्छतं समाः ॥

University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आदर्श नारी

–डा. विष्णुप्रसाद शर्मा देवकोटा

हामी नेपालीहरू सनातन संस्कृतिका उपज र उपासक हौं । अत: केही अपवाद बाहेक हामी पूर्वीय संस्कृति, परम्परा र जीवन पद्धतिमा नै बाँचेका छौं र बाँच्ने पनि छौं । पूर्वीय संस्कृति र जीवन पद्धतिका नियमहरू अनुसार पुरुष (स्त्री समेत) ले संसारमा आएपछि चाहने वस्तुहरु हुन्–धर्म, अर्थ, काम र मोक्ष । अर्थ र काम प्रवृत्तिपरक हुन् भने धर्म र मोक्ष निवृत्तिपरक । धर्म र अर्थ सुखका साधन भएका हुँदा मनुष्य तिनलाई चाहन्छ र काम र मोक्ष पनि सुखरुप नै भएका हुँदा ती दुई मध्येमा पनि सातिशय (क्षणिक) सुख काम हो भने निरतिशय (सर्वश्रेष्ठ) सुख मोक्ष हो । धर्मसंग विरोध नखाने अर्थ र काम पनि सेव्य छन्– शास्त्रको आदेश छ । शास्त्रोक्त मानवीय कर्तव्यहरुको पालन गर्दै गएमा उक्त पुरुषार्थ चतुष्टय प्राप्त गर्दै जान्छन् भन्ने हाम्रो मान्यता छ ।

हाम्रो धर्म र दर्शन अनुसार पुरुषार्थ प्राप्तिमा पतिको पूर्णता पत्नीद्वारा र पत्नीको पूर्णता पतिद्वारा नै मानिएको छ–प्रत्येक कसैलाई पूर्णता प्राप्त छैन । पतिको अभावमा पत्नी "विधवा" भनिन्छिन् भने पत्नीको अभावमा पति "विधुर" । विधुरावस्था वा पत्नीको अभावावस्थामा पतिलाई यज्ञादि धार्मिक कृत्य गर्ने अधिकार छैन । यति मात्र नभएर पत्नी वा नारीको अभावमा पुरुष (नर) लौकिक वा व्यावहारिक उत्तरदायित्व वहन गर्न समेत असमर्थ हुन्छ– असफल हुन्छ । लौकिक र पारलौकिक दुवै दृष्टिले नारी नरको लागि अत्यावश्यक भएकी हुँदा नै हाम्रो गृहस्थाश्रममा नारीलाई "अर्द्धाङ्गिनी" मानिएको छ । अतएव वेद भन्दछ–"अर्धो ह वा एष आत्मनो यत्पत्नी" । मनुस्मृति भन्दछ– जहाँ नारीको पूजा हुन्छ, आदर सत्कार हुन्छ त्यहाँ देवताहरुको रमण हुन्छ र जहाँ नारीहरु पूजित, सत्कृत र आदृत हुँदैनन् त्यहाँ सबै उपायहरु र क्रियाकलापहरु निष्फल हुन्छन् (मनु ३/५७) । "स्त्रिय: समस्ता: सकला जगत्सु" भनेर दुर्गासप्तशतीमा नारीलाई देवीको कला=अंश मानिएको छ । यसप्रकार हाम्रो आश्रम व्यवस्था र परम्परामा नारी पूज्या र भगवतीस्वरुपा मानिएका हुँदा उनीहरुको निन्दा र हेयता कहाँ ? नारीहरुको अपमान, उत्पीडन र ताडन आदि हुनु हुँदैन । जहाँ त्यस्तो हुँदैछ , त्यो विकृति हो र विदेशको अन्धानुकरणको फल हो ।

पूर्वीय संस्कारमा हुर्केका नेपाली नारीहरुको स्वरुपज्ञानका लागि नारी शब्दको सिद्धि प्रकारतिर ध्यान दिनु अत्यावश्यक छ । शब्दको मूललाई संस्कृत व्याकरणमा धातु भन्दछन् । नारी शब्द नर शब्दबाट बनेको हो । नर शब्दको मूल हो नयनार्थक "नृ" धातु । पाणिनीय धातुपाठमा "नृ नये" पढिएको छ । यसबाट अच् प्रत्यय गरेपछि गुण (अर्) थपिंदा नर शब्द बन्दछ । जसको अर्थ हुन्छ–आफ्ना क्रियाकलापले आफूलाई र आफूसमेत भएको समाजलाई अगाडि बढाउने-उन्नत तुल्याउनेवाला । नारी शब्द नर शब्दबाट दुई तरिकाले बन्दछ – "नरस्य स्त्री" यस विग्रहमा "नृनरयो र्वृद्धिश्च" यस गणसूत्रद्वारा ङीन् (ई) प्रत्यय र वृद्धि (आर्) गरेर । यसप्रकार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वनेको नारी शब्द स्त्रीत्व जातिवाचक मात्र ठहर्छ। यसले पतिको लौकिक र पारलौकिक क्रियाकलापमा सहयो दिने अर्थको सूचना र संकेत गर्दैन।

यसै कारण उक्त रीतिले नारी शब्द वनिसकेपछि पनि भट्टोजि दीक्षित एक प्रक्रियाकारको हैसियत आफ्नो व्याकरण प्रक्रियाग्रन्थ सिद्धान्त–कौमुदीको तद्धित प्रकरणको "प्राग्वहतीय" प्रकरणमा "नरस्य धर्म्या" य विग्रहमा नारी शब्द सिद्ध गर्दछन्– नर+अञ्(अ)+ङीप् (ई)। धर्म्यशब्दका पनि दुई अर्थ छन् –"धर्मादनपेता (धर्मवाट अलग नभएको)" र "धर्मेण प्राप्यम् (धर्म=पुण्यद्वारा प्राप्तव्य)"। यसप्रकार ती स्त्री नारी हुन् जो न (आफ्नो पति) को उपर्युक्त समाज कल्याणकर्तृत्व धर्मबाट अलग नभएर सदा पतिकार्यमा सहायिका भइरहन्छिन्। "धर्मेण प्राप्या" यस विग्रहद्वारा धर्मले (पुण्यले) प्राप्त हुने नारी भन्ने बुझिन्छ। यसप्रकार हाम्रो पूर्वी मान्यता अनुसार नारी पुरुषको समाज कल्याणोपयोगी शुभकार्यमा नित्य सहायक स्त्री हुन् र त्यस्ती नारीक प्राप्ति नरलाई धर्म (पुण्य) ले नै हुन्छ, त्यसको अभावमा होइन। नारीको जन्ममा जति माता पिताको पुण्यले का गर्दछ त्योभन्दा वढी उनलाई पत्नीको रुपमा प्राप्त गर्ने पति (नर) को पुण्यले पनि। पुण्य वा भाग्य नभए नरले पतिव्रता, सहयोगिनी र सहधर्मचारिणी आदि गुणविशिष्ट पत्नी पाउन सक्दैन।

यसप्रकार नारी शब्दको वाच्यार्थ अनुसार हामी नारीलाई दुई भागमा बाँड्न सक्छौं–नरस्य स्त्री, य व्याख्याअनुसार बनेको नारीशब्दले आफ्नो कर्तव्य र अधिकार नजान्ने र त्यसमा उदासीन रहने रुढिग्रस्त र अनप स्त्रीहरुलाई बताउँछ, जसमा नारीत्व जाति मात्र हुन्छ।

"धर्मादनपेता" र "धर्मेण प्राप्या" अर्थवाला धर्म्या शब्द भएको "नरस्य धर्म्या" यस व्युत्पत्तिद्वारा वने नारी शब्दले ऊ नारी गुणविशिष्ट जातिवाचक भएको हुँदा पठित, पातिव्रत्य, वात्सल्य, सौशील्य, दया, क्षम सहिष्णुता र धर्मपरायणता आदि गुण भएकी स्त्रीलाई वोधन गर्दछ। वास्तवमा नारी शब्दको यही नै अर्थ सनातन धर्मावलम्बी हाम्रा लागि आवश्यक भएको हुँदा पाणिनि एवं भट्टोजि दीक्षित आदि वैयाकरणहरु र अ ऋषिमहर्षिहरु समेतले मानेका र लेखेका छन्। उक्त गुण प्राप्तिका लागि नारीहरु पूर्वीय शिक्षा प्राप्त गरेका हु पर्दछ।

नेपाली नारीहरुका लागि आदर्श नारी सीता र गार्गी आदि हुन्। सीता-विवाहको कन्यादानको समय राजर्षि जनक विवाह मण्डपमा वसेका भगवान् रामलाई भन्दछन्–

> इयं सीता मम सुता सहधर्मचरी तव।
> प्रतीक्षचैनां भद्रन्ते पाणिं गृह्णीष्व पाणिना॥
> पतिव्रता महाभागा छायेवानुगता सदा।
> इत्युक्त्वा प्राक्षिपद्राजा मन्त्रपूतजलन्तदा॥ (वा.रा. १/७३/२४/२५)

"यी (सीता) म द्वारा प्राप्त, पालित, पोषित र शिक्षित भएकी हुँदा कुलीनकी नै छोरी हुन्। यी तपाईं धर्माचरणमा नित्य सहायिका नै हुनेछिन्। यिनीबाट तपाईंको कल्याण नै हुनेछ। यिनको अख पातिव्रत्यद्वारा तपाई दुवैको भाग्य महान् बन्नेछ। अतः यिनको पाणिग्रहण हजुरले गर्नुपर्दछ।" यस श्लोक "मम सुता" भनेर धर्मेण प्राप्या अर्थवाला नारी शब्दको संकेत र "सहधर्मचरी तव" भनेर धर्मादनपेता भ अर्थवाली नारी शब्दको संकेत जनकजी गर्दछन्। यसप्रकार सीता सच्चरित्र पिताकी सच्चरित्रा छोरी पति धर्माचरणमा सहायिका, पतिव्रता र वैचारिक क्षेत्रमा पनि छाया झैं सदा पतिकै अनुयायिनी नेपाली नारी हुन उक्त श्लोकमा प्रयुक्त "सदा" शब्दले के पनि स्पष्ट पार्दछ भने सम्पन्नता र स्वस्थावस्थामा त पत्नी स्वाभावि रुपले पतिको अनुकूल हुन्छिन् नै, विपन्नावस्थामा पनि रत्तिभर फरक हुन सक्दैन। सीतालाई आदर्श मान्ने नेपा

University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

नारीहरुको विशेषता पनि यही हो ।

यसप्रकार "सहधर्मचरी" शब्दवाट के ज्ञात हुन्छ भने हाम्रो हिन्दू धर्ममा यस लोकका प्रत्येक व्यवहार र उत्तरदायित्वदेखि लिएर परलोक प्राप्तिसम्म स्वतन्त्र नारी र स्वतन्त्र नर (पति) को अधिकार छैन। दुवै लोकको दृष्टिले कुनै पनि पति पत्नीको मिलित अधिकार वा सहाधिकार (**Joint right**) छ। यसकारण हाम्रो सन्दर्भमा नारीको लागि समान अधिकार (**Equal right**) को दुहाई दिने नारी वर्ष र नारी दिवसले एवं छोरीलाई पिताले छोरासरह अंश दिनुपर्ने कुराको वकालत गर्नेहरुले विचार गर्नुपर्ने हुन्छ। छोरीलाई पनि छोरासरह अंश दिंदा हाम्रो नेपालको थोरै जमीन र खेतीयोग्य जमीन कति टुकडामा विभाजित होला ? र अंश नमिलेका दिदी भाइ र दाजु वहिनीका दिल कति टुकडामा विभाजित हुने छन् र सामाजिक र पारिवारिक सद्भावको कति कमी देखिएला ? अर्को कुरा समान अंश प्राप्त गर्ने भएकाले दिदी भाइ र दाजु वहिनीमा पूज्यपूजकभाव र श्रद्धेयश्रद्धातृभावको मधुर वन्धन शिथिल हुनेछ ।

स्त्रीपुरुषको समान अधिकार र नारी जागरणको नाममा विदेशको नक्कल गर्नु मात्र उपयुक्त छैन। उपयुक्त छ – नारी वर्ष र नारी दिवस आदिले चेलीवेटीको वेचविखनको रोकथाम, दाइजो प्रथाको सक्रिय र सफल विरोध, नारी निरक्षरताको समाप्ति र पियक्कड पतिहरुद्वारा पत्नीहरुको शोषण र उत्पीडनको समाप्ति आदि । अत: गार्गी, घोषा, अपाला आदि पूर्वीय विदुषीहरुको झैं हाम्रा नारीहरुको पनि अध्ययन विषय र क्षेत्र आवश्यकता र अनुरुपताको आधारमा तोकिनु उपयुक्त देखिन्छ। अनुरुपता र आवश्यकताको आधारमा नारीहरुले स्वास्थ्य विज्ञान, परिवार नियोजन र मातृ शिशु कल्याण, पाक शास्त्र, सिलाइ कटाइ र वुनाइ, सन्तति शास्त्र, प्राध्यापन, साहित्य, इतिहास, भूगोल र पत्रकारिता आदिमा विशिष्टीकरण गर्नु हाम्रो घरपरिवार समाज अनुकूल र नारीहरुको स्वानुकूल समेत हुनेछ । स्वानुरुप विषयहरुको अध्ययनको अभाव र आवश्यकताभन्दा वढी नारी स्वतन्त्रताको दुष्परिणामले नै अमेरिका जस्ता पाश्चात्य विकसित देशहरुमा दम्पतिहरुको संवन्धविच्छेद वढ्दैछ र त्यहाँका पुरुषहरु कम पढेका र आफ्नो अधीनमा रहन सक्ने नारीसंग मात्रै विवाह गर्न र प्रणय सूत्रमा वाँधिन थालेका छन् । हाम्रो जस्तो संयुक्त परिवारवाला देशमा त झन् त्यस्तो स्वतन्त्रता अत्यन्त प्रतिकूल र विश्रृङ्खल सावित हुनेछ ।

हामीकहाँ नारीलाई "गृहस्वामिनी" भनिन्छ । जो जीवनको एक महत्वपूर्ण क्षेत्र गृहकी स्वामिनी भइसकेकी छ, उसलाई घर वाहिरका हरक्षेत्रमा पनि समान अधिकारको के आवश्यकता ? के भित्र र वाहिर धान्ने शक्ति प्रकृतिले सवै नारीलाई दिएको छ ? वास्तवमा पुरुषको तुलनामा प्रकृतिले नारीलाई कोमलाङ्गी नै वनाएको छ जो घर वाहिर र जागिरका हरक्षेत्रमा असुरक्षित पनि हुन सक्दछिन्। जागिर र अन्य सन्दर्भमा सर्वथा घरवाहिर भएर घरको रेखदेख नगर्नुले हाम्रो घर घर हुँदैन । यसै कारण भनिन्छ –"न गृहं गृहमित्याहु र्गृहिणी गृहमुच्यते ।" ढुंगा, माटो, ईंट, सिमेन्ट आदिले वनेको घर घर होइन, यसमा त विधुर र जटाधारी जोगी पनि वस्दछन् । त्यो त कुटी भनिन्छ । घर त घरवालीको वसाइवाट हुन्छ । जसमा घरवाली छैनन्, त्यो के घर ?

जुन देशमा नारी आफ्नो त्यागले "महिमामयी" भनिन्छिन्, सेवाद्वारा "देवी" कहलाउँदछिन् र वात्सल्यको वलले "जगन्माता" भनिन्छिन्, त्यस देशमा नारीहरुको अनादर वास्तवमा छ र ? एउटा माछाले तलाउलाई गन्धा गरेजस्तै केही अपवाद अवश्य होलान् तर त्यस्तो हुनु हुँदैन र नारीहरुको आदर हुनै पर्दछ ।

हाम्रो समाज र परिवार समेतमा नारीको महत्व र आदर ठूलो भएको हुनाले नै वाग्व्यवहारमा नारीको नाम पहिले आउँदछ–सीताराम, लक्ष्मीनारायण, पार्वतीपरमेश्वर, उमामहेश्वर, आमा वावु, जायापति (वाइपोइ) आदि । नारीको यसै महत्तालाई वुझेर मनुस्मृतिकार भन्दछन्–सन्तान जन्माउने भएकी हुँदा स्त्रीहरु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

धेरै भाग्यशालिनी छन् । उनी घरकी दीप्ति हुन् । वस्त्र, आभूषण र सौभाग्य द्रव्यले उनीहरुको आदर गरिराख्नु पर्दछ । स्त्री र श्री मा कुनै प्रकारको भेद छैन (९/२६) । प्रचुर कल्याण चाहने पिता, पति, भ्राता, देवर र जेठाजु आदिलाई आवश्यक छ कि उनीहरु वस्त्राभूषण आदिद्वारा नारीहरुलाई अलङ्कृत र आदृत पारुन् (मनु ३) ।

प्राचीन समयमा नारी शिक्षाको प्रचुर व्यवस्था थियो । नत्र व्रह्मवादिनी गार्गी, विदुषी मैत्रेयी, अपाला र घोषा आदि नारीहरु कसरी यति प्रसिद्ध हुन्थे–जो संस्कृत वाङमयमा प्रसिद्ध छन् । कालिदासकी विद्योत्तमा र मण्डन मिश्रकी भारतीको गुणगान गरेर संस्कृत साहित्य थाकेको छैन । अर्वाचीन कालमा मात्रै वैदुष्यको दृष्टिले र सामाजिक दृष्टिले पनि नारीहरुको महत्व कम हुन थालेको हो ।

अन्त्यमा नारी शिक्षा, नारी जागरण र नारी अधिकार आवश्यक छ, त्यसलाई नारी वर्ष र नारी दिवस आदिले उजागर गर्नु नै पर्छ तर नारी स्वातन्त्र्य र जागरणको नाममा प्रणय स्वतन्त्रता, झण्डामुनि, विद्यालयभित्र र सिनेमा हेर्दा हेर्दै वर चुन्ने अधिकार नारीको शारीरिक वनोटको विपरीत छ र हाम्रो संस्कृति र परम्परामा उपयुक्त छैन । अभिभावकदेखि सरकारसम्म वसेकाहरुले तथा स्वयं नारीहरुले पनि यस कुरामा ध्यान दिनु नै पर्दछ । पाश्चात्य मुलुकको दाम्पत्य जीवन र पारिवारिक जीवनको स्थितिको समीक्षा गरेर पनि हामीकहाँ त्यस्तो हुन दिनु हुँदैन । ज्ञान र विज्ञानको पश्चिमी नारी-उत्कर्ष हामीकहाँ पनि आओस्, विकृति होइन । यस सन्दर्भमा "अकवर इलाहावादी" का निम्नलिखित शायरहरु मननीय छन्–

तालीम लडकियों की जरुरी तो है मगर
खातुने खाना (गृहस्वामिनी) हों, वे सभाकी परी न हों ।
तालीमे दुख्तराँ (नारी-शिक्षा) से ये उम्मीद है जरुर ।
नाचे दुल्हन खुशी से खुद अपनी वारात में ।

आधुनिक प्रगतिवादीहरु "इलाहावादी" का उक्त पङ्क्तिहरुलाई "दकियानूसी" र "रुढिग्रस्त" भन्न सक्लान् तर उनको वास्तविक वस्तुस्थितिको यस चित्रणलाई के भन्लान् ?–

उनसे वीवीने फगत "इस्कुल" की वात की ।
यह न वतलाया कहाँ रखी "रोटी" रातकी ॥

हामीले हाम्रो आफ्नो विशेषता नगुमाई विकास गर्नु आजको हाम्रो अनुभव र आवश्यकता हो । भौतिक विकासका साथसाथै आध्यात्मिक विकास पनि हाम्रो लक्ष्य र गन्तव्य हो । कठिन परिश्रम, स्वावलम्वन र आर्थिक समुन्नति आजको माग हो । यिनीहरुका साथै आफ्नो धर्म, संस्कृति र परम्पराको पालनामा नारीहरुको ठूलो हात भएको हुँदा उनीहरुलाई तत्सम्वन्धी शिक्षा दिनु, स्वालम्वन, आर्थिक समुन्नति र शास्त्रानुसन्धान आदि कार्यमा सहभागी गराई सनातन धर्मको संरक्षण, संवर्धन, धर्मपरिवर्तन गराउने विचारको विस्थापन र धर्म र संस्कृतिको प्रचार प्रसारमा सक्रिय र सचेत पार्नु आजको आवश्यकता हो । नारीहरुले गरीव र अपठित धर्मपरिवर्तनको मृगतृष्णामा परेकाहरुको आर्थिक स्थिति मजवुत गर्ने काम गर्नु पर्दछ, जसमा सरकारको पनि सहयोग अपेक्षित छ । नत्र हिन्दूराष्ट्र नेपाल क्रिश्चियन राष्ट्र वन्न के वेर ? यस्तै काम भएमा नै देशको वैशिष्ट्य कायम रहनेछ र नारीहरु र उनीहरुका अधिकारहरु विकसित र संरक्षित हुन सक्ने छन्, उनीहरुको महत्त्व वढ्नेछ । अरुले नारी अधिकारको वकालत गरिदिनुपर्ने छैन ।

☆

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

खैरावाङ् (भुवनेश्वरी) भगवती : एक चर्चा

–रत्नाकर देवकोटा

गोरखाका राजा नरभूपाल शाहका छोरा पृथ्वीनारायण शाहले वि.सं. १८२५ मा काठमाडौं विजय गरी नेपाल एकीकरणको अभियान चलाउनुभन्दा अघि नेपालको भूभाग मुख्य गरी कोशी, गण्डकी र कर्णाली प्रदेशमा बाँडिएको थियो। कोशी प्रदेशका किराँतहरुको संस्कृति, गण्डकी प्रदेशका मगरहरुको इतिहास र कर्णाली प्रदेशका खसहरुको भाषाले त्यस वेलाको राष्ट्रिय परिवेशमा अत्यन्त महत्वपूर्ण स्थान ओगटेको थियो।

गण्डकी प्रदेशका २४ वटा राज्यमध्ये पाल्पाका राजा मुकुन्दसेनको राज्यद्वारा गण्डकी प्रदेशका ती सबै राज्य नियन्त्रित थिए भने कर्णाली प्रदेशका २२ वटा राज्यमा जुम्लाको प्राचीन सिंजा राज्यका मल्ल राजाहरुको राज्यले यस प्रदेशका ती सबै राज्यहरुलाई आफ्नो अधीनस्थ गराएको थियो।

कर्णाली प्रदेशका ती २२ वटा राज्यमा यिनै थिए–पल्लो मुसीकोट, जाजर्कोट, सल्यान, जुम्ला, दाङ, अछाम, बझाङ्ग, वाजुरा, रुकुम, दैलेख, डोटी, बाँफी, मालनेटा, छिल्ली, दार्मा, जाहारी, मल्वारा, कालागाउँ, धुँधुरकोट (धुरकोट ?), दर्ना, थलारा र दुल्लु।

श्री ५ गीर्वाणयुद्धको पालामा भीमसेन थापाको प्रधानमन्त्रित्व कालमा वि.स. १८७२ मा भारतसंग नेपालको सुगौली सन्धि हुनुभन्दा पहिले नेपालमा १०० भन्दा वढी साना साना क्षेत्रहरु थिए।

वि.सं. १८७२ साल मार्ग १७ गते तदनुसार ई.सन् १८१५ डिसेम्वर २ का दिन दुवै देशको तर्फबाट सो सन्धिमा हस्ताक्षर भएपछि नेपालको तराइको आफ्नो केही भूभाग छोडेर बचेको भूभाग समेत गरी सम्पूर्ण नेपालको भूभाग ३२ जिल्लामा बाँडियो। त्यसपछि प्रधानमन्त्री चन्द्रसमशेर जबराको कार्यकालमा उक्त ३२ जिल्लाको भूभाग पुन: ३६ जिल्लामा विभाजित भयो। सो अनुसार हालको मध्यपश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चलको भूभागमा ती ३६ जिल्ला भित्र प्यूठान, दाङ, सल्यान, जुम्ला, दैलेख, नेपालगञ्ज (बाँके), डोटी, श्रीनगर (कैलाली), कञ्चनपुर, वैतडी र डँडेल्धुरा गरी यी ११ जिल्ला पनि थिए।

हिन्दू तथा बौद्ध मठ मन्दिर, देवालय, आश्रम तथा गुम्बा प्रशस्त भएका अधिराज्यका अन्य गाउँ ठाउँ तथा देवालयको तुलनामा यो सल्यान जिल्ला पछि परेको देखिंदैन। यस जिल्लाका मठ, मन्दिर तथा देवालयहरु राष्ट्रिय र अन्तर्राष्ट्रिय धार्मिक दृष्टिले महत्वपूर्ण स्थान ओगट्ने देखिए पनि प्रचार प्रसारको कमीले गर्दा अझै ओझेलमा परेका छन्।

यी पंक्तिका लेखकद्वारा लिखित "राप्ती अंचलका केही प्रमुख हिन्दू मठ-मन्दिर तथा देवालय" भन्ने लेख

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दाङ जिल्लाको तुलसीपुरवाट निस्कने "सीमारेखा (साप्ताहिक)" मा २०५२ साल भाद्र १५ र आश्विन ५ गतेका दिनमा प्रकाशित भएका छन् ।

उक्त पत्रिकामा प्रकाशित राप्ती अंचलका लगभग १०० ओटा नाम चलेका मन्दिरमध्ये सरदर २५ वटा शैव, वैष्णव र शाक्त मन्दिर यसै जिल्लामा छन् । यस जिल्लाका ४७ वटा गा.वि.स. मध्ये प्रत्येक गा.वि.स. मा २/४ वटा मन्दिर त अवश्य छन् । तर यस जिल्लाको सदरमुकामस्थित खलंगा गा.वि.स. मा अधिक मन्दिर छन् भने यस गा.वि.स. पछिका मठ मन्दिर र तथा देवालयहरु घनत्व भएका यहाँका अरु गा.वि.स. मध्ये छायाक्षेत्र र फलावाङ गा.वि.स. संभवत: दोस्रो पंक्तिमा पर्दछन् । यस पछि हिउँल्चा, रामपुर, कुभिण्डे दह र लक्ष्मीपुर गा.वि.स. तेस्रो स्थानमा पर्दछन् भने यहाँका अन्य गा.वि.स. संभवत: चौथो स्थानमा पर्दछन् ।

सतीदेवीको टाउको सहित वायाँ अंग पतन भएको कारणले कालिकोट, अछाम, वाजुरा र डोटी जिल्लाको संगम वडीमालिका, सतीदेवीको गला पतन भएको कारणले म्याग्दी जिल्लाको गलेश्वर शिव मन्दिर, सतीदेवीको गुह्य (गुदद्वार) पतन भएको कारणले काठमाडौंको गुहेश्वरी मन्दिर प्रसिद्ध भए जस्तै सतीदेवीको वायाँ करङ्ग पतन भएको कारणले सल्यान जिल्लाको लक्ष्मीपुर गा.वि.स., कण्ड्यौलो (ढाड) पतन भएको कारणले हिउँल्चा गा.वि.स.को खैरावाङ्ग गाउँदेखि पूर्वपट्टिको ठाउँ, अन्यत्र पतन भई वाँकी रहेका सतीदेवीका शेष अंग पतन भएको कारणले छायाँक्षेत्र गा.वि.स.को (डाँडा) शंखमूल र सतीदेवीको वाहु पतन भएको कारणले नेपालगञ्जको वागेश्वरी मन्दिरले ख्याति पाएका छन् ।

अधिराज्यका अरु केही भाग सतीदेवीका १-१ वटा अंग पतन भएका कारणले प्रसिद्ध छन् भने सल्यान जिल्लाका लक्ष्मीपुर, हिउँल्चा, छायाँक्षेत्र समेतका धेरै गा.वि.स. सतीदेवीकै अंग पतन भएकै कारणले प्रसिद्ध भएका छन् ।

यसै सन्दर्भमा मुगु जिल्लाको लगभग १४ हजार फिट अग्लो ठाकुरज्यू लेकमा अवस्थित प्रसिद्ध छायानाथ ठाकुरज्यूको मन्दिर र सल्यान जिल्लाको छायाँक्षेत्र गा.वि.स. का छायाँक्षेत्र र शंखमूल धार्मिक स्थलले समान महत्व वोकेको पाइन्छ ।

प्रस्तुत लेख यस सल्यान जिल्लाको प्रसिद्ध भुवनेश्वरी भगवती मन्दिरसंगै संवन्धित भएकोले अव संवन्धित विषयतर्फ लाग्नु नै प्रासंगिक होला ।

यस जिल्लाको सदरमुकाम खलंगा वजारदेखि दक्षिणतिरको हिउँल्चा गा.वि.स.अर्न्तगत पर्ने करिव ७ हजार फीट अग्लो खैरावाङ भन्ने गाउँमा यस जिल्लाको प्रसिद्ध "भुवनेश्वरी" भगवतीको मन्दिर छ ।

यस मन्दिरलाई धेरैजसो भुवनेश्वरी भगवती मन्दिर भन्ने गरेको पाइन्छ भने कसै कसैले "खैरावाङ" भगवती भन्ने पनि गरेका छन् । तर यस मन्दिरको ऐतिहासिक महत्व नवुझेर हल्काफुल्काढंगले वोल्ने र लेख्नेहरुले यस मन्दिरलाई "पाटेश्वरी" भगवती मन्दिर पनि भन्दा रहेछन् ।

राप्ती अंचलका पाँचै जिल्लामा दाङ्ग, वाङ्ग, वाङ्ग, हाङ्ग र माङ्ग जस्ता शव्द धेरै पाइन्छन् । मगर भाषामा दाङ्गलाई मैदान, वाङ्गलाई चौर र हाङ्गलाई पहाड भनिन्छ भन्ने कुरा सामान्य जानकारीमा आएको छ । यदि वाङ्ग शब्दको सही अर्थ चौर भनिने हो भने "खैरावाङ्ग" भन्ने ठाउँ मैदानी चौर परेको ठाउँ हुनु पर्ने हो । खैरावाङ्ग एउटा उत्तुङ्ग डांडामा छ । यसै डाँडामा मानिसको वस्ती छ । मानिसको वस्ती समेत भएको यस ठाउँमा एउटा मन्दिर हुँदैमा भगवतीको नाम पनि "खैरावाङ्ग" हो भन्न सकिदैन । यस गाउँ र ठाउँसंग मगर भाषामा वुझाउने "चौर" शब्दले मेल खायो भन्न सकिँदैन । यसैले यहाँकी यी भगवतीको नाम खैरावाङ्ग होइन, यस ठाउँको नाम "खैरावाङ्ग" हो । यहाँको यस मन्दिरलाई "पाटेश्वरी" भनी वोल्ने र लेख्नेहरुले यस शव्दको अर्थ खोलिदिनु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पर्दथ्यो । पाट, पाटा वा पाटन+ईश्वरी=पाटेश्वरी यस्तो शब्द बन्दछ । अर्थ नै नभएको कुनै शब्द हुँदैन । कुनै अर्थ नभएको शब्द यदि कोही उच्चारण गर्दछ भने त्यो व्यक्ति, समाज, परम्परा वा विषय असंस्कृत हो । त्यस्तो असंस्कृत विषयवस्तु वा शब्दलाई समाजले पच्छ्याइरहन आवश्यक हुँदैन ।

कहीं कतै अर्थ नखुलेका वा नपाइने ठेट नेपाली शब्दलाई वर्तमान नेपाली भाषाको मूल थलोको रुपमा रहेको जुम्ला जिल्लामा प्रचलित केन्द्रीय नेपाली भाषिका (वर्तमान नेपाली भाषाको पूर्वरुप) संग दाँजेर परीक्षा गर्नु पर्दछ । जसरी सुन असल हो कि होइन वा कुन श्रेणीको हो भनी जान्नुपर्दा बाँडाकहाँ गई कसीमा घोटेर परीक्षा हुन्छ, त्यस्तै गरी अन्यत्र प्रचलित शब्दको परीक्षा जुम्लाले गर्दछ ।

जुम्लामा पाटा शब्दको अर्थ गोप्य ठाउँ वा व्यक्तिगत घर गोठ भन्ने नभई बाहिरको खुला ठाउँ भन्ने बुझाउँछ । जुम्लातिर कसैले "वनभोज" खानु पऱ्यो भने "पाटाभात" खाने भन्दछन् । खुला, चौर, पानी, दाउरा, छहारी, झर्ना, पोखरी, नदी, पानी बग्ने खोला, नाकला, धारा, फलफूल र एकान्त ठाउँ आदिको सुविधा भएको ठाउँ नै "पाटाभात" खानको लागि उपयुक्त ठानिन्छ ।

संस्कृत भाषामा "पाट-पटम्बर" भन्ने शब्दको अर्थ मूल्यवान् रेशमी कपडा भन्ने बुझाउँछ । यस पाट-पटम्बर भन्ने शब्दको सही अर्थ के हो भन्ने कुरा जुम्लामा प्रचलित एउटा यस लोकोक्तिले स्पष्ट गरेको छ । –

"वी आल्लाको पाट पटुम्बर, वी आल्लाको बोल्लो उनै मान्ठका राजा-रजौटा, उनै मान्ठको धोल्लो" अर्थात् वन पाखामा पाइने आल्लाको धर्सा (रेशमी धागो) बाट उन्नत (नामूद) पाट-पटम्बर भन्ने कपडा बुन्दा उही आल्लाको भांग्रो बन्दछ भने उही मानिस हुन् कोही राजा रजौटा पनि हुन्छन्, उही मानिस हुन् कोही थोत्रा बेकम्मा झल्ला मानिस पनि हुन्छन् ।

यस्तै लोकोक्ति यहाँ एउटा अर्को पनि छ । त्यो यस प्रकार छ –

उनै मान्ठका राजा रजौटा
उनै मान्ठका दासा
उनै टालाका पाटपटुम्बर
उनै टालाका खासा ।

अर्थात् देशका राजा रजौटा भन्ने पनि उही मानिस हुन्, उही मानिस तिनै राजा रजौटाका नोकर भएर बस्दछन्, उही आल्लो कपास धागो र कपडा हो जुन पाटपटुम्बरको रुपमा मर्यादित हुन्छ तर उही आल्लो कपासबाट नै साधारण गजीनु र मार्कीन बन्दछ ।

जुम्लातिर "पाटन" भन्ने एउटा अर्को शब्द पनि निकै चलन चल्तीमा छ । साधारण लेक, पहाड, डाँडाकाँडादेखि माथि उच्च हिमाली भूभागभन्दा तल कुनै बोटबिरुवा नपाइने केवल बुकी र लेकाली फूल उम्रने ठूला ठूला चौर र ठूला ठूला पाखा पखेरा भएको खुला ठाउँलाई "पाटन" भन्ने गरिन्छ । त्यस्ता पाटनमा वर्षा याममा चौंरी, भेडा, बाखा तथा घोडी घोडा चढ्ने र वन्य पशुपंक्षी बस्ने गर्दछन् ।

कर्णाली अंचलमा प्रचलित निम्नलिखित यी लोकगीतहरुबाट पनि "पाटन" शब्दको अर्थ के हो ? सो कुरा स्पष्ट हुनेछ ।

१) पियाँल लुड्या बुकी फुल्यो, पाटेनेका डील
भोटान बाजु पड्यो भुन्ना, मेरा लेखी चील ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२)	पाटन मौल्यो कस्तुराले, घर मौल्यो जीराले
ऐले मेरा मुन्का जसो, बोल्यो लाल्हीराले ।

३)	चानी भया तौल्लै नतौल्, सुन भया तौलीहाल्
पाटन्को कस्तुरी भया, वासना मौलीहाल् ।

हालको भारतमा पर्ने तुलसीपुरमा "पाटनदेवी" भन्ने एउटा शक्तिपीठ छ । दाङको रतननाथ मन्दिर भारत तुलसीपुरको पाटनदेवी मन्दिरको ऐतिहासिक, धार्मिक र साँस्कृतिक संबन्ध रहँदै आएको छ। यो कुरा वेग्लै प्रसंगमा उल्लेख गरिएला ।

सल्यान जिल्लाको यस शक्तिपीठलाई खैरावाङ भगवती, पाटेश्वरी भगवती वा भुवनेश्वरी भगवती यी ३ थरी मन्दिरका नाममध्ये कुन नामको मन्दिरका प्रासंगिक र बलिया ऐतिहासिक प्रमाण रहेछन् भन्ने कुरामा विवेचना गरौं :–

सल्यान जिल्लाको सदरमुकाम खलंगा वजारका डाँडादेखि दक्षिणतिरको एउटा अर्को उत्तुङ्ग डाँडामा "खैरावाङ्ग" भन्ने एउटा सानो गाउँ छ । खलंगा वजारको डाँडादेखि यो खैरावाङ्गको डाँडो (लेक) स्पष्ट देखिन्छ भने यहाँको भवानी मन्दिरको टुप्पो अलि अलि देखिन्छ। खलंगा बजारका डाँडाभन्दा खैरावाङको डाँडाको उचाइ माथि नै छ । खैरावाङ्गस्थित यी भगवतीको विधिवत् पूजा गर्दा र यहाँ बलि चढाउँदाखेरि यहाँका पुजारीहरुले "भुवनेश्वरी भगवती" भनी संकल्प गरे गराएको कुरा यस मन्दिरका पुजारी श्रीनिवास पौडेलका पाँचौं पुस्ताका ३२ वर्षीय देवेन्द्र पौडेलले बताएका छन्। उनी भन्दछन्– "यहाँकी यी भगवतीको खास नाम भुवनेश्वरी हो। सल्यानको खैरावाङ भन्ने ठाउँमा यी भगवतीको मन्दिर भएको नाताले मात्र वाहिरबाट "खैरावाङ्ग भगवती" भन्ने गरिएको हो तर यी भगवती मन्दिरको खास नाम भुवनेश्वरी हो । यहाँकी यी देवीको नाम पाटेश्वरी भने हुँदै होइन । जसले यस मन्दिरको ऐतिहासिक पृष्ठभूमिसंग अपरिचित भएर भारतको तुलसीपुरस्थित पाटेश्वरी मन्दिरसंगजोडी आफूसंग केही नभएर अन्यत्रको ठाउँको इतिहास ठूलो संझी आफूलाई वाहिरिया संस्कृतिका संवाहक बनाउन खोज्नेहरुले मात्र यस मन्दिरलाई भारतको तुलसीपुरस्थित पाटनदेवीको नामसंग जोड्न खोजेका मात्र हुन्। यसमा कुनै सत्य तथ्य छैन।" यहाँको खास मन्दिरको नाम भुवनेश्वरी भनिरहनाको कारण दर्शाइएको एउटा रोचक कथा यस्तो पाइएको छ ।

वि.सं. १८२५ मा नेपालको आधुनिक इतिहास शुरु भएपछि सल्यानका साहेबजी भन्ने तात्कालिक कुनै राजाको दरवारमा उनका परिवारमा कुनै एउटाको मृत्यु भएको रहेछ। सो मृत्युको कारणले उक्त व्यक्तिको मृत्यु भएको १३ दिन पुगेर क्रियाकाजबाट अरु परिवार नशुद्धिंदासम्म खलंगा र त्यसको आसपासमा कुनै ठूलो हर्ष-बढाइँ, भोज भतेर र नाच गान नगर्ने र ठूला बाजा बजाई रमिता गर्न नपाइने प्रावधान भएको रहेछ। यसै मौकामा सो खैरावाङका डाँडामा ठूलो आवाज आउने गरी केही वाजा वजेछन्। यस शोकको वेलामा कतै हर्ष वढाईंको सिलसिलामा कुनै वाजा नवजाउने भनिएकोमा खैरावाङमा बाजा वजाउने को हो ? सो बाजा नवजाउनू भनी खैरावाङमा खवर पठाउँदा खैरावाङीहरुले हामीहरुले वाजा वजाएका होइनौं भनी सल्यानी राजाका दरवारमा खवर पठाए। खैरावाङमा राति फेरि वाजा बज्यो। त्यहाँ ती बाजा बजाउन फेरि रोक्न लगाइयो। खैरावाङमा ती बाजा बजाउने मानिसको पत्ता लाग्न सकेन। सल्यानी राजाका दरवारवाट खैरावाङीहरुलाई जति पटक बाजा बजाउन रोक लगाए पनि त्यहाँ राति राति बाजा वजिनै रहन लागे। यस कुराको तथ्य पत्ता लगाउन सल्यानका राजाको दरवारवाट एक जना मानिस खैरावाङको डाँडामा पठाइयो ।

त्यसैवेला खैरावाङको डाँडामा वस्ने गाउँलेहरुले वेला बखतमा त्यहाँको वन जंगलमा शंख, घण्ट र

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दमाहा आदि वजे वजाएको र वाघ गर्जेको आवाज सुन्ने गर्दथे भने त्यहाँको वन जंगलमा गोठ वनाएर वस्ने गोठालाहरुले पनि दिउँसै पनि पटकपटक एउटी सुन्दरी युवती जंगलमा एक्लै डुलिरहेको देख्दथे । खैरावाङकी एक जना महिला राति करिव २/३ वजेको समयमा खैरावाङकै मुन्तिरको एउटा नाउला (जरुवा) वा धारामा नुहाउन जाँदा उनले त्यहाँ एउटी सुन्दरी युवतीले नुहाइरहेको देखिन् । अनि ती सुन्दरीले ती महिलालाई भनिन्– "तिमी यस्तो मध्यरातमा यस ठाउँमा नुहाउन नआउनू, यो मध्यरातको समय हाम्रो लागि उपयुक्त हुन्छ ? आजलाई यस समयमा यहाँ आइहालिछौ, भैगो अव उपरान्त यस्तो मध्यरातमा नुहाउन यहाँ नआउनू र यस ठाउँमा मैले आज एउटी युवतीलाई देखें भनेर तिम्रा घरपरिवार वा अरु कसैलाई नभन्नू । त्यस ठाउँकी ती महिलाले त्यस राति त्यहाँ नुहाएर आफ्नो घरमा गइन् । ती युवतीले त्यहाँ आफूलाई देखेको कुरा अरु कसैलाई नसुनाउन भनेको कुरामा ती महिलाले कुनै ख्याल नगरी घरका मानिसलाई सुनाउँदा त्यस घरमा सोही दिनमा केही कुराको अनिष्ट भयो भन्ने कुरा पनि तिनै देवेन्द्र पौडेलले वताएका हुन् ।

त्यस खैराबाङ गाउँले र गोठालाहरुले आश्चर्य लाग्दा अनेक काम कुरा प्रत्यक्षरुपमा देख्ने, सुन्ने र भोग्ने गरेको हुँदा वास्तवमा यहाँ के रहेछ सो कुराको पत्ता लगाउनुपर्‍यो भन्ने विचारले त्यस वनमा गई वास्तविक कुराको पत्ता लगाउन थाले । ती गाउँले र गोठालाहरुले खैरावाङको वन जंगलमा अनौठो के कुरा भेटिन्छ भनी आँखा नियालेर हेर्दै खोज्दै जाँदा त्यसै खैरावाङको मानिसहरु वस्ने गरेको ठाउँभन्दा नगीचैको वन जंगलको एक ठाउँमा अरु केही नभेटिई निकै गहिरो र ठूलो एउटा प्वाल (भून) देखे । अनि तिनीहरुले त्यसै प्वालवाट नै वाजाको र वाघ गर्जेको आवाज आउँदो रहेछ भन्ने कुरामा निश्चिन्त र निश्चित भए । त्यसै ठाउँको वरिपरि कहिलेकाहीं एउटी सुन्दरी युवती देखिने गरेको, दमाहा र शंख घण्ट आदि वाजा वजेको एवं वाघ गर्जेको आवाज आउने गरेको कारणले ती सुन्दरी युवती पक्का कुनै देवी भगवती हुनुपर्छ भन्ने कुरामा ती गाउँले र गोठालाहरु निष्कर्षमा पुगे । यिनी साक्षात् भगवती भएकै कारणले यिनको वाहन वाघ गर्जने गरेको हो र कहीं कसैवाट यिनको पूजा आजा भएकै कारणले गर्दा विभिन्न वाजा बज्ने गरेका हुन् भन्ने कुरामा उनीहरुलाई विश्वास भएका कारणले त्यस गहिरो (भुवन-भून) लाई मुख्य आधार मानी त्यस भुवन (प्वाल) बाट उत्पत्ति भएकी देवीलाई "भुवनेश्वरी" भगवती भन्ने निर्णयमा पुगिसके पछि एक दिन राति उनीहरु सुतेको बेलामा उनीहरु मध्येको एक जनाले यस्तो सपना देख्यो–"सेतो लुगा लगाएकी अत्यन्तै सुन्दरी एउटी महिलाले "तिमीहरुले थाहा नपाएर आजसम्म मेरो यहाँ पूजा आजा, भजन कीर्तन आदि केही गरेनौ, तिमीहरु स्वयं जागा भएर मेरो बारेमा केही गरौला भन्ने ठानेकी थिएँ, तिमीहरुले केही नगरेकाले मैले स्वयं केही लीला र रुप देखाउनु परेको हो । म "भुवनेश्वरी" देवी हुं तिमीहरुले देखेको त्यस ठूलो प्वालमा विहान वेलुका नित्य पूजा गर्नु, गराउनु म सधैं यहीं बस्छु, त्रिपुराकोटमा मेरी दिदी वालात्रिपुरासुन्दरी भगवती छन्, धेरै वर्ष अघि म त्यहींवाट आई म यहाँ घुमिरहेकी छु, मलाई यही ठाउँ मन परेकोले तिमीहरुले मप्रति भक्तिभाव देखाउने गर, तिम्रो कल्याणै होला ।" आफूले राति त्यस्तो सपना देखेको कुरा त्यस व्यक्तिले आफ्ना गाउँलेहरुलाई वताइदियो ।

सल्यानका राजाले पठाएको मानिस खैरावाङका ती सम्पूर्ण गाउँले र गोठालाहरु जम्मा भई त्यो प्वाल भएको ठाउँमा गई यो प्वाल कति गहिरो रहेछ ठम्याउनु पर्‍यो भन्ने विचारले एउटा काम गर्न थाले । गाउँलेहरुले वनपाखावाट "वावियो"का धेरै भारी ल्याएर त्यहाँ डोरी वाट्न थाले । सल्यानवाट राजाले पठाएको मानिसले त्यस डोरीको टुप्पामा वलियोसंग एउटा सानो ढुंगा बाँधी त्यस प्वालभित्र खसाल्यो । अरु गाउँलेहरु धमाधम डोरी वाट्दै गए । त्यस मानिसले त्यो प्वालभित्र डोरी खसाल्दै गयो । डोरी वाट्दै खसाल्दै वाट्दै खसाल्दै गर्दा पनि त्यो प्वालभित्र डोरी गइनै रह्यो । आखिर वावियाका असंख्य भारी पनि सिद्धिँदै गए, डोरी वाट्ने र खसाल्ने

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सबैजना थकित भए। तर पनि त्यो प्वाल कतिसम्म गहिरो रहेछ भन्ने कुराको टुंगो लाग्न सकेन। आखिरमा उनीहरुले हार खाएर त्यो डोरी माथितिर ताने। त्यस डोरीको टुप्पामा बाँधेको ढुंगामा अलिकति रगत लागेको रहेछ। त्यसबाट उनीहरुले के विचार गरे भने "यो ठाउँमा देवी भगवतीको ठूलो शक्तिपीठ रहेछ, यी भगवतीलाई बलि चढाउनु पर्दछ। "

त्यति भइसकेपछि सर्वप्रथम ती राजाले पठाएका मानिसको दुवै आँखा बन्द भए। त्यसपछि त्यो डोरी बाट्ने गाउँलेका आँखा बन्द भए। त्यसपछि वनपाखाबाट बाबियो ल्याउने गाउँलेका आँखा बन्द भए। आफूले पठाएको मानिस धेरै दिनसम्म पनि खैरावाङ्गबाट दरबारमा नफर्केकाले राजाले फेरि अर्को मानिस खैरावाङ्गमा पठाए।

गाउँलेहरुलाई ती भगवतीले फेरि राति सपना देखाएर सपनामा भनिन्–"तिमीहरुले मेरो परीक्षा गर्ने उद्देश्यले मेरो त्यस प्वालमा डोरी बाटेर खसाली दिएकाले आफ्नो अपमान भएको संझेर मैले तिमीहरुका आँखा बन्द गरिदिएकी हुँ। अज्ञानताको कारणले तिमीहरुले डोरी हालेर नाप्ने गऱ्यौ तापनि अब उपरान्त त्यस्तो काम नगर्नू र प्वाल हेर्ने काम पनि नगर्नू, त्यस प्वाललाई ठूलै ढुंगो वा तामाका पाताले छोपिदिनू। आजैदेखि मेरो पूजा पाठ, भजन कीर्तन नित्य गर्न लगाउनू, यसो गरेमा तिमीहरुका आँखा खोलिदिनेछु। आँखा देख्नबाट वंचित ती गाउँलेहरुले भगवतीको पूजाआजा तुरुन्तै गर्ने प्रतिज्ञा गरे अनुसार उनीहरुका आँखा खुले। सोही प्रतिज्ञा र भाकल अनुसार सोही दिनदेखि गच्छे अनुसार भगवतीको सानोतिनो पूजा गर्न थाले। सल्यान डाँडाबाट गएको त्यस मानिसको पनि आँखा खुल्दा सो मानिस त्यहाँबाट आफ्ना राजाको दरबारमा गई खैरावाङ्गमा भएको सम्पूर्ण घटनाको यथार्थ विवरण सल्यानी राजा समक्ष वतायो। अनि ती राजाले पनि त्यस खैरावाङ्ग भन्ने ठाउँमा ती भुवनेश्वरी भगवतीको दैनिक पूजा आजा चलाउनमा सहयोग पुऱ्याउन थाले।

बोका, भेंडा, हाँस, कुखुरा र राँगाको पंच बलि चढाइने यस मन्दिरमा प्रायः प्रतिदिन कुनै वलि खाली हुँदैन। तर आश्विन शुक्लप्रतिपदादेखि दशमीसम्म र चैत्र शुक्ल नवमी (वडा दशैं र चैते दशैं) मा राप्ती अंचलका विभिन्न जिल्ला र भेरी अंचलको जाजर्कोट जिल्लावाट समेत यहाँ आई भगवतीको पूजा अर्चना गर्ने गर्दछन्।

यस खैराबाङ डाँडाबाट सल्यान खलंगामा रातो माटोले पोतिएका घर, पसल, कार्यालय देखिनुको साथै सिस्ने हिमाल, शारदा नदीद्वारा सिंचित उर्वर भूमि सजिलैसित हेर्न सकिन्छ। अझ वसन्त ऋतुमा जाने हो भने गुँरासको फूलले सजिएको डाँडो देख्न पाइन्छ।

*

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सनातन हिन्दूधर्मको स्वरूप र मूर्तिपूजाको महत्त्व

– चतुर्भुज शर्मा पौडेल

अगजानन पद्मार्कं गजाननमहर्निशम्
अनेकदन्तं भक्तानामेकदन्तमुपास्महे ।

"शाश्वतस्तु ध्रुवो नित्य सदातन सनातना:" अर्थात् जो अविनाशी, अचल, नित्य एक रस छ त्यो सनातन वस्तु हो । यस्तो सनातन वस्तु आत्मा नै हो, आत्मावाहेक अरु केही होइन । सनातन धर्म आत्मालाई नै केन्द्रविन्दु बनाएर प्रवृत्त हुन्छ । सनातन धर्म आत्माको धर्म हो । कुनै एक वर्ग, जाति, सम्प्रदाय या मतको धर्म होइन । सनातन धर्म अनुसार यस विश्व ब्रह्माण्डमा जो कुछ देख्नमा आइरहेको छ त्यो सबै अरु केही पनि होइन, केवल सनातन आत्मतत्त्वको आनन्दमय प्रकाश हो र अनन्त ब्रह्माण्डमा त्यही सनातन वस्तु व्याप्त छ । यसमा कुनै शंका राख्न हुँदैन कि हाल विश्वमा जति पनि समस्या छन्, ती राजनैतिक, सामाजिक, आर्थिक, रंगभेदी या साम्प्रदायिक जो कुछ छन् ती सबै सनातन धर्मको अवलम्वनवाट नै समाधान हुन सक्दछन् किनकि यो सनातन धर्मले मनुष्य मात्रमा नभएर प्राणी मात्रमा समत्व र एकत्व वुद्धि जाग्रत् गराउँछ ।

व्यावहारिक अनेकतामा पनि तात्विक एकता र प्रकृतिजन्य जगत्को विषमता, आत्माको एकता या समता हुनु नै सनातनको विशेषता हो । सनातन धर्ममा श्रुति, स्मृति, नीति र पुराणादि शास्त्रहरुमा धर्म, अर्थ, काम र मोक्ष यी चार पुरुषार्थमध्ये जो परम पुरुषार्थ मोक्ष हो त्यसको प्राप्तितर्फ बढ्ने राजमार्ग बताइएको छ ।

सनातन धर्म अन्तर्गत जो वर्णाश्रम व्यवस्था हो त्यो लोक व्यवहार सुव्यवस्थित गरेर चित्तशुद्धिपूर्वक परमार्थरुप मोक्षको लागि व्यवस्था हो । आआफ्नो कर्तव्य निष्कामभावले पूरा गर्नु पनि ईश्वरको नै पूजा मानिएको छ । ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्रमा कुनै तात्विक भेद छैन र केवल आ-आफ्नो जन्मजन्मार्जित संस्कारद्वारा कल्पित भेद हुन गएको हो र यसबाट केवल आ-आफ्नो कर्तव्यपालनरुप व्यवहार चल्दछ । व्यवहार राम्रो भए संस्कार राम्रो बन्दछ, विवेक र वैराग्यको वलले सच्चा उपासक बन्दछ, चित्त एकाग्र हुन्छ अन्त्यमा आफ्नो सनातन आत्मस्वरुपलाई जान्दछ । यस्तो भएमा (आफ्नो सनातन स्वरुपको बोध भएमा) जीवनमुक्त जगद्गुरु बन्न सकिन्छ । यस मार्गवाट नै आफ्नो सनातन स्वरुपमा पुग्न सकिन्छ । यो सनातन स्वरुप कुनै जात जाति वर्ग सम्प्रदाय र मतको स्वरुप होइन वरन् अद्वितीय परम सत्यको आनन्दमय प्रकाश हो ।

सनातन धर्मलाई हिन्दू धर्म भनिएको छ, यसमा हिन्दू माने के त भन्दा–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आसिन्धोः सिन्धुपर्यन्ता यस्य भारतभूमिका ।
पितृभूः पुण्यभूश्चैव स वै हिन्दुरिति स्मृत : ॥

अर्थात् उत्तर समुद्रदेखि दक्षिण समुद्रसम्म विस्तृत जो पुण्यभूमि भारत छ त्यसमा निवास गर्ने हिन्दु हो । यो लक्षण स्थान विशेषलाई इङ्गित गर्दछ भने भावना विशेषलाई बुझाउने अर्को लक्षण पनि छ–

गोषु भक्तिर्भवेद्यस्य प्रणवे च दृढा मति :।
पुनर्जन्मनि विश्वास स वै हिन्दुरिति स्मृत : ॥

गाईमा भक्ति, ओङ्कारमा दृढ आस्था, पुनर्जन्ममा विश्वास भएको मानिस हिन्दु हो । यस्तै आचार्य विनोवाभावेको हिन्दु लक्षण पनि छ–

यो वर्णाश्रम निष्ठावान् गोभक्तश्रुतिमातृक : ।
मूर्तिश्च नावजानाति सर्वधर्म समादर : ॥
उत्प्रेक्षते पुनर्जन्म तस्मान्मोक्षणमीहते ।
भूतानुकूल्यं भजते स वै हिन्दुरितिस्मृत : ॥

अर्थात् वर्णाश्रम धर्ममा निष्ठा, गाईमा आदर, श्रुतिमा मान्यभाव, सवै धर्ममा समादर, भगवान्को मूर्ति (प्रतिमा) मा पूज्यभाव, पुनर्जन्ममा विश्वास, मोक्षको चाहना, सवै जीवमा आनुकूल्य दयाभाव छ भने त्यो हिन्दु हो ।

हिंसया दूयते चित्तं तेन हिन्दुरिति स्मृतः ।
जो अर्काको दुःख कष्ट देखेर दुःखी हुन्छ त्यो हिन्दु हो ।
ॐकार मूलमन्त्राढ्यः पुनर्जन्म दृढाशय : ।
गोभक्तो भारतगुरुहिन्दू र्हिंसनदूषक : ॥

अर्थात् ओङ्कारलाई मूल मन्त्र मान्ने, पुनर्जन्ममा पक्का विश्वास राख्ने, गोभक्त भारतवर्षको गौरवलाई आत्मसात् गर्ने, परहिंसाबाट टाढै रहने जो छन् ती हिन्दु हुन् ।

आर्यसमाजी, सिख, जैन, बौद्ध र सामान्य सनातनी सवैले ॐ लाई स्वीकारेका छन् अतः ठेट हिन्दु हुन् । यिनीहरुले श्रुतिमूलक जो धर्म स्वीकारेका छन् त्यो हिन्दु धर्म हो । वैदिक हिन्दु धर्म, आर्य धर्म, सनातन धर्म आदि जे नाम दिए पनि सामान्य व्यवहारदेखि लिएर परमपुरुषार्थरुप मोक्षसम्म यस धर्मका विषय छन् । साधनाको मार्गभेदले यसमा परमप्रयोजनमा कुनै प्रकारको भेद हुन सक्दैन । परमतात्पर्य एक भएकोले कुनै पनि साधनलाई अपनाएर शुभेच्छापूर्वक साधनामा अग्रसर हुनु पर्दछ ।

रुचीनां वैचित्र्यादृजुकुटिलनाना पथजुपाम्
नृणामेको गम्यस्त्वमसि पयसामर्णव इव ॥

अर्थात् नदीहरु जताबाट वग्दै गए पनि समुद्रमा पुगे झैं उपासकहरु पनि आ-आफ्नो रुचि अनुकूलको शास्त्रीय उपासना पद्धतिलाई अवलम्वन गरेर परम कल्याण मोक्षावस्थालाई प्राप्त गर्दछन् ।

आयातरमणीय परिणाम दुःखद छ भने त्यो हो प्रेयमार्ग तर प्रारम्भमा कष्ट भए तापनि परिणाम सुखद भए त्यो हो श्रेय मार्ग, सनातन हिन्दू धर्मले परिणाम सुखद कल्याण मार्गमा अग्रसर गराउँदछ भने इतर धर्मले भौतिक मार्गमा आकर्षण गर्दछ । सनातन हिन्दू धर्मले अन्तर्मुख गराउँदछ भने इतर धर्मले वहिर्मुख गराउँदछ । इतर धर्म दृश्यमा रमाउँदछ परन्तु सनातन धर्म द्रष्टाको खोजमा लाग्दछ । सनातन धर्म त्यागमय छ भने इतर धर्म रागमय छ । सनातन धर्मले समस्त ब्रह्माण्डलाई चिन्मय देख्दछ भने अन्य धर्मको दृष्टि मृण्मय हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

"सुरमुनिदेखि भुसुनासम्म प्रभुनै सबका घटमा टम्म।" धन्य हो आफूमा सबै र सबैमा आफू देख्ने चिन्मय सनातन हिन्दू धर्म जसले आर्य जाति र ऋषिमुनिहरुलाई विश्व गुरुको पदमा प्रतिष्ठित गरायो। यो हो सनातन धर्म। "यतोऽभ्युदयनिः श्रेयससिद्धिःस धर्मः" जसबाट पूर्ण उदय र परम कल्याण हुन्छ त्यो धर्म हो।

सनातन हिन्दु धर्ममा चित्तशुद्धिको लागि निष्काम शास्त्रविहित कर्म गर्ने विधान छ। यस्तै चित्त विशुद्धिको लागि अर्थात् एकाग्रताको निम्ति उपासनाको विधान गरिएको छ। सगुण र निर्गुणका भेदले त्यो उपासना दुई प्रकारको छ। प्रतीक र अहंग्रहका नामले पनि यो उपासना लिन सकिन्छ। साधारण साधकका निम्ति निर्गुण निराकारको उपासना हुन सक्दैन। यस्ता साधकले सगुणसाकार भक्ति गर्नु पर्दछ। यो प्रतीकको उपासना हो र शालिग्राम आदिमा या विष्णु आदिको मूर्तिमा चित्त लगाएर श्रवण आदि नवधा भक्ति गर्न सकिन्छ।

पातञ्जल अष्टाङ्ग योगमा पनि प्रथम पाँच यम, नियम, आसन, प्राणायाम र प्रत्याहार यी पाँच उपासकका निम्ति वहिरङ्ग साधन हुन्। यिनीहरुले चित्त शुद्ध गर्दछन् बाँकी धारणा, ध्यान र समाधि भने चित्तलाई विशुद्ध गर्ने अन्तरङ्ग साधन हुन्। यी तीन तत्वमा पनि जो मध्यवर्ती ध्यान हो त्यसले पूर्ववर्ती धारणालाई र परवर्ती समाधिलाई पनि "देहली दीपकः" न्यायले परिष्कार गर्दछ। यस ध्यानको आलम्वन सगुणसाकार मूर्ति नै हुन्छ। वास्तवमा परमेश्वर निर्गुण निराकार नै हुनुहुन्छ तर साधकहरुको कल्याण र उपासना सौकर्म हेतु सगुण साकारस्वरुपको परिकल्पना गरिएको हो। शास्त्रानुकूल संवादी परिकल्पना अवश्य नै फलदायी हुन्छ। वैदिक विधिपूर्वक मूर्ति आदिको प्राणप्रतिष्ठापूर्वक पूजाको आर्षपद्धतिको रहस्य यही नै हो।

निर्गुण निराकार परमात्मावाट यत्रो कल्पनातीत अनन्त ब्रह्माण्डले युक्त भएको संसार खडा भएको छ। नाम रुपले रहित परमेश्वरवाट नाम रुपात्मक जगत् वनेको छ। नाम रुपात्मक मूर्तिको अवलम्बनबाट साधक परिणाममा उही अनामरुप परमात्मामा पर्यवसित हुन सक्दछ। यो पर्यवसान नै मुक्ति हो।

निपुण चित्रकारले जसरी आफ्नो भित्र कल्पित मनोमय रुपलाई वाह्य चित्ररुपमा प्रतिफलित गरी देखाउँछ त्यस्तै श्रद्धालु भक्तका हृदयमा आफ्ना इष्टदेवको असामान्य सौन्दर्यको आभा प्रस्फुटित हुन्छ, त्यसैलाई उसले वाहिर स्थापना गरी पूजा गर्दछ। भित्री ध्यान र वाह्य पूजनवाट मूर्तिपूजाको पूर्णता हुन्छ यही त मूर्ति पूजाको रहस्य हो।

"मनोजूति" आदि वैदिक मन्त्रले विधिपूर्वक प्राणप्रतिष्ठा गरिएको मूर्तिमा पूजन र ध्यानको विधि छ। "ध्यान" एउटा मानसिक कर्म हो र यसले विक्षेपदोषलाई निराकरण गर्दछ। निष्काम कर्मभैं निष्काम ध्यान र पूजन पनि परमेश्वरको प्रीत्यर्थ हुनु पर्दछ।

श्रीमद्भागवतमा मुर्तिपूजाको र ध्यानको विधि उल्लेख भएको छ जस्तै –

तत्रैकावयवं ध्यायेदव्युच्छिन्नेन चेतसा।
मनो निर्विषयं युक्त्वा ततः किञ्चन न स्मरेत्।
पदं तत्परमं विष्णो मनो यत्र प्रसीदति॥

अर्थात्, भगवान्का मूर्तिका एक एक अवयवको पूजन र ध्यान गरी दृढतापूर्वक समस्त मूर्तिमा चित्त स्थिर गर्नु पर्दछ। श्रद्धा-भक्ति दृढ भएमा र अनन्य भक्तिभाव भएमा मृण्मय मूर्ति पनि चिन्मय हुन्छ। सम्पूर्ण जगत् ईश्वरको विराट् रूप वन्दछ।

हरिरेवजगज्जगदेव हरि र्हरितो जगतो न हि भिन्न तनुः।
इति यस्य मतिः परमार्थ गतिः स नरो भवसागरमुद्धरति॥

अनन्त ब्रह्माण्ड नै परमात्माको विराट् मूर्ति हो र मनबुद्धिको अगोचर परमात्माको सूक्ष्मातिसूक्ष्म मूर्ति

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मान्न सकिन्छ। स्थूल होस् अथवा सूक्ष्म होस् सबै परात्परमात्माको महिमा हो भनी उपनिषद्हरुमा निरुपित भएको छ, जस्तै –

अणो रणीयान् महतो महीयान्
आत्मास्य जन्तो र्निहितोगुहायाम्
यत् परं ब्रह्म सर्वात्मा विश्वास्यायतनं महत्।
सूक्ष्मात्सूक्ष्मतरं नित्यं तत्वमेव त्वमेवतत् ॥

सूक्ष्मातिसूक्ष्म वस्तु मन वाणीको विषय हुन नसक्ने भएकोले मन र वाणीको अवलम्वन स्वरुप मूर्तिको परिकल्पना शास्त्रमा भएको हो र यो एक सम्वादी कल्पना हो। यस्तो कल्पनालाई नरुचाउनेहरुप्रति वार्तिककारको भनाइ छ कि –

अक्षमा भवत : केयं साधकत्व प्रकल्पने।
किं नपश्यसि संसारं तत्रैवाऽज्ञान कल्पितम् ॥

अज्ञानकल्पित संसारबाट यत्रो व्यवहार चलेको छ भने मूर्तिपूजावाट चित्त विशुद्ध किन नहुने ?

अमरकोश आदि ग्रन्थमा मूर्ति आदि निर्माण गर्ने विधिलाई विज्ञानको संज्ञा दिइएको छ। नेपाल, भारत र विश्वका विभिन्न भागमा मूर्तिकलाको उपयोग भएको छ। मूर्तिकलाको साथ साथ शिल्पशास्त्रको आधारमा घर, मन्दिर र दरवार, कुवा, पोखरी र बगैंचा आदि निर्माण गर्ने, यिनीहरुको जीर्णोद्धार गर्ने प्रवृत्ति पनि आउँछ।

हाम्रो नेपालमा शिल्पशास्त्रको आधारमा योगण्डकलाले निर्मित मन्दिर, मठ, भवन, मूर्ति आदि छन् र पाश्चात्य जगत् यसबाट प्रभावित भएको छ। तर हामीहरु नै त्यस कलाको महिमावाट अनभिज्ञ छौं। कलाको संरक्षण र संवर्धन पनि पूजा नै हो जसमा हामीहरुले तत्परता देखाउनु परेको छ।

कहिले कहिले उपदेशकहरुले जुक्तिले आफ्ना शिष्य र अनुयायीहरुलाई निषेधमुखले इष्टदेवको उपासनामा प्रवृत गराउँछन्। शिष्यलाई ध्यानमा दृढ गर्नको लागि गुरुले जुक्ति गरेर ध्यान गर्दा वानरको संझना गर्न नहुने कुरा भने। अब के थियो त्यो चेलो त ध्यान गर्दा वानरलाई सम्झिन्छ कि भन्ने भयले राम्रोसंग ननिदाउने भयो, जाग्दा पनि व्याकुल भयो। हरसमयमा संझिएको त्यो वानर ध्यानको वेलामा न आउने त प्रश्न नै छैन। कति नै प्रयास गरे पनि त्यो ध्यान गर्न नहुने वानर त मनमस्तिष्कवाट वाहिर हुँदै भएन। त्यो लाचार शिष्यका लागि गुरुले त्यो वानरलाई परमवीर, रामभक्त, पवनपुत्र अवतारी हनुमानको संज्ञा दिएर श्रद्धा विश्वासको आवरण चढाउनु भयो र शिष्यको कल्याण गर्नु भयो।

हामी जड मूर्तिका पूजक होइनौं भनेर अभिमान गरी अरुलाई तुच्छ र जड भनी तिरस्कार गर्ने आर्य समाजी बन्धुहरुको पोल पनि खुलेको छ। केही वर्ष पूर्वको हरिद्वारमा घटेको घटना हो– स्वामी श्रद्धानन्द महाराजको शतवार्षिकी शुभ जन्मजयन्तीको अवसरमा पचासौं हजार आर्यसमाजीहरुको माझमा श्रद्धानन्दको फोटो देखाएर एक व्यक्तिले उनका अनुयायीहरुमा श्रद्धाको अदम्य प्रवाह ल्याइदियो, श्रद्धानन्दको जयजयकार भयो। तर पछि साथमा लुकाई राखेको थोत्रो चप्पल निकालेर त्यही मूर्तिलाई हान्न लाग्दा आर्यसमाजी वन्धुहरुको कोपभाजन भएर प्राण रक्षा हेतु त्यहाँबाट भाग्नु परेको थियो। अत: आलम्वन पाए पछि उद्दीपन स्वत: हुन्छ हुन्छ, यस शाश्वत नियममा अभिमान गर्न अरुलाई होच्याउनु हुँदैन।

श्रद्धा-विश्वासपूर्ण भावनाको महिमा अपार छ। यसवाट पाषाण आदि पनि प्राणप्रतिष्ठा पाएर परमात्मा वन्दछन्। साक्षात् ईश्वरै भए पनि भावना विना केही लाभ हुँदैन। "निगमतत्त्व चिन्तनिका" मा हेरौं, विचार

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गरौं –

प्राणप्रतिष्ठया याति पाषाणश्च परात्मताम् ॥
आसीत् काष्ठमयी मूर्तिः मुक्तिदा भावितात्मनाम् ।
अथ स्वर्णमयी सैव सीदति भावनां विना ॥
ईश्वरेण निजात्मैव नामरुपेण वृंहितः ।
नामरुप सहायोऽयं पुनरेति सरुपताम् ॥

भक्तिशास्त्रमा पनि ध्यान दिऊँ :–

आदौ श्रद्धा ततः सङ्गःसङ्गोऽथ भजन क्रिया ।
ततोऽनर्थनिवृत्तिः स्यात्ततो निष्ठा रुचि स्ततः ।
यथा सन्तिस्ततो भाव स्ततः प्रेम प्रजायते ॥

यो मूर्तिपूजा पनि श्रद्धावाट प्रारम्भ हुन्छ र प्रेमभावमा पुगेर तादात्म्य हुन्छ । यो हो मूर्तिपूजाको रहस्य, भनिएको पनि छ –

अग्निर्यथैको भुवनं प्रविष्टो
रूपं रूपं प्रतिरूपो वभूव ।
एकस्तथा सर्वभूतान्तरात्मा
रूपं रूपं प्रतिरूपो वहिश्च ॥ (कठोपनिषद् २।२।९)

एको वशी सर्वभूतान्तरात्मा
एकं रूपं बहुधा यः करोति ।
तमात्मस्थं येऽनुपश्यन्ति धीरा
स्तेषां शान्तिः शाश्वती नेतरेषाम् ॥ (कठ. २।२।१२)

एक शाश्वत् वस्तु परमात्मा नै विभिन्न नाम-रुपादि भावमा अभिव्यक्त भएको छ । रुपादिको पूजा र नामादीको समुच्चारणमा शास्त्रीय विधि भएकोले यसमा कुनै पनि प्रकारको ऊहापोह केवल वाग्विलास मात्र हो । सनातन हिन्दु धर्मको स्वरुप र मूर्तिपूजा यी दुवै एक अर्काका पूरक हुन् । यो नै संशय, विपर्यय र तर्करहित निश्चय हो । अस्तु ।

सत्यं ब्रूयात् प्रियं ब्रूयान्न ब्रूयात् सत्यमप्रियम् ।
प्रियं च नानृतं ब्रूयादेष धर्मः सनातन : ॥

☆

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पैतृक संपत्तिमा छोरीको हक

– देवमणि भट्टराई

छोरीले हक पाउनुपर्छ भन्ने कुरामा कसैको दुई मत नहोला तर वर्तमान सामाजिक संरचनालाई हेर्दा यसले समाजमा चुनौतीको सामना गर्नु पर्ने देखिन्छ। हालसम्म चलेको समाजले छोरीको शतप्रतिशत संरक्षण गर्दै पूजनीयाको रुपमा सर्वदा हेरेको पाइन्छ। छोरीको नाताले नै दिदीवहिनीहरु पनि पूजनीया रहेका छन्। यस अर्थमा मात्र आज छोरी टाढा मानिएका छन् कि "छोरा सरह छोरीले अंश पाउँदैनन्।" यसै प्रसंगलाई केलाउँदै जाँदा प्राचीन वैदिककालदेखि आजसम्मको सामाजिक संरचना यसप्रकार रहेको पाइन्छ। अथर्ववेदमा महिलाको विषयमा भनिएको छ –

गृभ्णामि ते सौभगत्वाय हस्तं मया पत्या जरदष्टिर्यथा सः।
भगो अर्यमा सविता पुरन्धिर्मह्यं त्वाऽदुर्गार्हपत्याय देवा : ॥ (१४।१।५० अथर्ववेद)
ममेयमस्तु पोष्या मह्यं त्वादाद् बृहस्पति :।
मया पत्या प्रजावति संजीव शरदः शतम् ॥ (अथर्ववेद)

अर्थात्, हे सुन्दरी ! हाम्रो जीवनको ऐश्वर्य वृद्धि गरी सर्वसम्पन्न गर्नका लागि म तिम्रो हात ग्रहण गरिरहेको छु। तिमी मसंग वृद्धावस्थासम्म सुखपूर्वक वस्नेछौ। भग, सूर्य, अर्यमा, बृहस्पति, इन्द्रादि देवताहरुले तिम्रो हात मलाई दिएर गृहस्थ धर्ममा प्रवृत्त गराएका छन्। साथै तिमीलाई मैले राम्ररी पालन पोषण गर्नु पर्दछ। तिमी मसंग सुखदुःखका साथ कल्याणपूर्वक सयवर्षसम्म वस्नेछौ।

यसै प्रसंगमा नारीपुरुषका बीच समानताको विषयलाई केलाउंदा स्मृति ग्रन्थहरुमा पनि त्यत्तिकै ध्यानपूर्वक समानता कायम गरेको पाइन्छ। जस्तो कि विवाह संस्कारद्वारा आवद्ध पति पत्नीमा ऐक्य रहने प्रण र उनीहरुको मन, वचन र कर्म पनि एकै हुने कुरा प्रष्ट छ। जस्तै–

अस्थैरस्थीनि मांसैर्मांसानि त्वचा त्वचम्। इति। (दायभागवाट उद्धृत)

यसरी प्रतिज्ञापूर्वक विवाहिताले पनि पतिसंग भन्छिन् कि "म सदा हाम्रा कुटुम्वहरुको प्रयत्नपूर्वक रक्षा गर्दै जानेछु। रेख, देख, पालनपोषण आदि गर्नेछु। सदा मीठो वोल्नेछु। दुःखमा धैर्यका साथ वस्दै सुखमा सुख मान्दै साथ दिनेछु। जस्तै –

कुटुम्वं रक्षयिष्यामि सदा ते मञ्जुभाषिणी।
दुःखे धीरा सुखे हृष्टा द्वितीये साऽव्रवीद्वचः॥

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

यसरी प्रतिज्ञापूर्वक आदान-प्रदानका साथ विवाहित पति-पत्नीको यज्ञ यज्ञादि गर्दा पनि समान हक रहेको पाइन्छ। यज्ञादि धार्मिक कृत्यमा पत्नीलाई कता राखेर कार्य सम्पादन गर्ने भन्ने कुरामा पनि गहन विचार गरेको र पत्नी विनाको यज्ञ सम्पन्न नहुने पनि प्रष्ट छ। जस्तै–

आशीर्वादाभिषेके च द्विजपादार्चने तथा।
शयने भोजने चैव पत्नी वामार्हती सदा॥
अयज्ञो वाऽपत्नीकः।

प्रत्येक कृत्यमा समान अवसर पाएकी नारीलाई पुरुषले अपहेलना गर्ने त प्रश्नै आउँदैन। त्यसरी नै जिम्मेवारीको कुरामा नारीहरुलाई केही मात्रामा घरायसी (भित्री) कार्यमा बढी जिम्मेवारी दिएको छ भने त्यसरी नै वाहिरी कठिन–कठिन कार्यमा पुरुषलाई जिम्मा दिइएको पाइन्छ। महिलाहरुले बच्चा पाउने कुरामा समेत समानताको प्रश्न आउन सक्दछ। यो त प्रकृति प्रदत्त नियम हो र यसमा समानताको कुरै आउन सक्दैन।

नारीहरुलाई पुरुषले अपहेलना गर्नु हुँदैन। यदि प्रमादवश गर्दछ भने त्यसको सम्पूर्ण ऐश्वर्य नाश हुन जान्छ। नारी जातिलाई सदैव पूज्या, आदरणीयाको रुपमा हेरिन्छ। जहाँ नारीहरुको उचित सत्कार हुन्छ त्यहाँ तिनीहरुको मन प्रसन्न रहन्छ र तिनीहरुले घरायसी कृत्य प्रसन्तापूर्वक गर्दछन्। यिनै कुराहरुलाई मध्यनजर राख्दै मनुस्मृति आदि ग्रन्थहरुमा भनिएको छ कि–

यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवताः।
यत्रैतास्तु न पूज्यन्ते सर्वास्तत्राऽफलाः क्रियाः॥ ३।५६ मनु.

अर्थात् प्रसन्नचित्त नारीका हातले गरेका प्रत्येक कृत्यहरु सफल हुन्छन् र घर पनि अत्यन्त पवित्र हुन्छ। त्यस्ता पवित्र घरमा देवताहरुको पनि वास हुन्छ र स्वच्छ प्रसन्न चित्तकी स्त्रीका कार्यले प्रसन्न भई देवताहरु पनि स्त्रीको शरीरमा आई बसेका हुन्छन्। यस्ती पवित्र तथा देववास्तव्या नारीलाई अपहेलना गर्दा पुरुषको के गति होला ? सबै देवताहरूको वास स्त्रीशरीरमा हुने भएकाले नारीहरु स्वाभावतः दयालु, कारुणिक र शारीरिक बनावटमा पनि त्यत्तिकै मात्रामा सुन्दर र कोमल हुन्छन्। देववास्तव्या नारीको स्वरुप, विवेक र कर्तव्य आदिमा पनि त्यत्तिकै विचारेको पाइन्छ। यस्ती नारीसंग विवाहित पुरुषले पनि विवाहको मर्म बुझ्न आवश्यक छ र नारीले पनि पूर्णत्व पाउने क्रममा रहेका विवाह आदि संस्कारलाई बुझ्न अत्यावश्यक देखिन्छ। अतः विवाहको स्वरुपको विषयमा विचार गर्दा दुवै समान मात्रामा नभई एक अर्कालाई पूरकको रुपमा हेरेको पाइन्छ। जस्तै –

स्त्रीपुंसो मेलनं यत्र देवद्विजाग्निसन्निधौ।
विवाह इति विख्यात हीनाङ्गपरिपूर्तये॥

अर्थात् जहाँ देवता, ब्राह्मण, समाज र अग्निलाई साक्षी राखेर स्त्री र पुरुषको कर्मपूर्ति गरिन्छ त्यसैलाई विवाह भनिन्छ। त्यस्ती विवाहिता धर्मपत्नीको घरको व्यावहारिक संरचना बनाउनमा अहं भूमिका हुन्छ र जुन घरमा स्त्रीहरु हुँदैनन्, त्यो घर घर मानिदैन। त्यस्तै पाटी नै भए पनि स्त्री भएको स्थानलाई घरको रुपमा मानिन्छ। अतः "न गृहं गृहमित्याहु गृहिणी गृहमुच्यते।"

घरको स्वरुप वनाउनमा र देवीका रुपमा छोरीहरुलाई माता पिता दाजुभाइहरुले आदरपूर्वक ढोग्ने, पूजा गर्ने जस्ता प्रचलनहरु आज पनि रहेका छन्। यस्ता सुपूजिता देवीहरु जुन घरमा अप्रसन्नताले आफ्नो घर परिवारवाट रुष्ट भएर जान्छन् वा रिसाउँछन् र श्रापसम्म पनि दिने अवस्थामा पुग्दछन् भने त्यस्तो अवस्थामा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

त्यो घरमा स्वाभाविकरुपमा अलक्ष्मीको बास, वंशको अवनति, वंशविच्छेद जस्ता कुराहरु भई अप्रिय घटनाहरु पनि घट्न सक्छन् र हामीले कतिपय देख्दै भोग्दै पनि आइरहेका छौं। नारीहरु छोरीको रुपमा मात्र पूज्य नभएर भाउजु, बुहारी, श्रीमती, आमा, सासु आदिको रुपमा पनि त्यत्तिकै मात्रामा पूजनीया, आदरणीया मानिन्छन्। अतः यिनीहरुको मर्यादा राख्नु पुरुषहरुको महान् कर्तव्य हो भनी हाम्रा धर्मग्रन्थहरुले स्पष्ट भनेका छन्। जस्तैं–

शोचन्ति जामयो यत्र विनाश्यन्त्याशु तत्कुलम्।
न शोचन्ति तु यत्रैता वर्द्धते तद्धि सर्वदा ॥ मनुस्मृति : ३।५७
जामयो यानि गेहानि शपन्त्यप्रतिपूजिता :। ३।५८ मनु.
तस्मादेता : सदा पूज्या भूषणाच्छादनाशनै :।
भूतिकामैर्नरैर्नित्यं सत्कारेषूत्सवेषु च ॥३।५९ मनु.
स्त्रियां तु रोचमानायां सर्वं तद्रोचते कुलम्।
तस्यां त्वरोचमानायां सर्वमेव न रोचते ॥ ३।६२ मनु.

यस्ता धार्मिक ग्रन्थहरुको अपव्याख्या भएकाले आज हाम्रा प्राचीन धरोहरका रुपमा रहेका ग्रन्थहरुको अपहेलना एकातिर भइरहेको छ भने अर्कोतिर सामाजिक विकृति विसंगति जस्ता रोगले समाज विश्रृंखल हुँदै गइरहेको छ। फलतः हामीहरु आज घरका न घाटका भएका छौं। अतः हामीले चारैतिरबाट विचार गरेर हेर्दा नारी र पुरुषका वीचको सम्बन्धलाई संवर्द्धन गरी लैजानाले सिङ्गो समाजको नै भलाइ हुनुका साथै प्राणी मात्रकै कल्याण हुन जाने कुरालाई प्राचीन वैदिक र स्मृति ग्रन्थहरुले पनि पूर्णरुपेण जोड दिएकाले यी कुरालाई लागू गर्नमा आजको समाज सचेत हुनु अत्यन्त जरुरी देखिन्छ।

वैदिक र स्मृति ग्रन्थहरुमा नारीलाई अंश दिएर उनीहरुको जीवनयापन हुन सक्ने वा नसक्ने भन्ने कुरालाई विशेष विचार गरेर नै पैतृक संपत्तिमा भन्दा मातृसंपत्तिमा उनीहरुको अधिकार सुरक्षित राखेको पाइन्छ। आफ्नो आमाको पेवा (स्त्रीधन) मा छोरीको अधिकार पूर्णरुपेण राखेको छ। आमाले आफ्नो विवाहपूर्वदेखिको सारा संपत्ति छोरीलाई यथेष्ट दिन सक्ने व्यवस्था देखिन्छ। जस्तै :

स्त्रीधनं दुहितॄणामप्रत्तानामप्रतिष्ठितानाम्। गौतम धर्मसूत्र २८॥२२

यसरी नै साझा संपत्तिबाट दाजुभाइहरू छुट्टिंदा अविवाहिता दिदी–वहिनीलाई एक चौथाइ भाग (¼) दिनै पर्दछ। जस्तै :

स्वभ्योंऽशेभ्योस्तु कन्याभ्यः प्रदद्यु : भ्रातरपृथक्।
स्वात् स्वादंशाच्चतुर्भागं पतिता स्युरदित्सव : ॥मनु :९।१८

माथि उल्लेखित धनहरूभन्दा छुट्टै खालका ६ प्रकारका धनहरू मन्वादि स्मृतिहरुले स्त्रीलाई व्यवस्था गरेको पाइन्छ र यी सबै धनमा कसैको पनि अधिकार लाग्दैन र नै चेलीवेटीको धन भोग चलन गरेको खण्डमा पाप लाग्दछ भन्ने चलनका साथै त्यो संपत्ति तृण बराबर पनि नचलाउने प्रथा अद्यावधि छँदैछ। माथि उल्लेखित र विवाह आदिमा दिइने ६ प्रकारका संपत्ति गरी यी ८, ९ प्रकारका धनहरू मात्र नारीका हुन् भनेर ग्रन्थकारहरुले किटान गरेको पाइन्छ।

बाँकी ६ प्रकारका धनहरू यी हुन्।

जस्तै : अध्यग्न्याध्यावाहनिकं दत्तं च प्रीतिकर्मणि।
भ्रातृमातृ–पितृदत्तं षड्विधं स्त्रीधनं स्मृतम् ॥९॥१९४ मनु.

अर्थात्–

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१– विवाहकालमा दिएको सारा संपत्ति ।

२– छोरीलाई घर पठाउँदा दिइने दाइजो आदि संपत्ति ।

३– प्रेमपूर्वक सासु, ससुरा, देवर, मामा, इष्टमित्र र पति आदिले दिएको संपत्ति ।

४– विवाहिता वा अविवाहिता छोरीलाई पिताले स्वेच्छाले दिएको संपत्ति ।

५– त्यसरी नै आमाले दिएको संपत्ति ।

६– दाजुभाइले पनि त्यसरी नै दिएको संपत्ति ।

माथि उल्लेखित बुँदाहरुको आधारमा नारीहरुले लगभग ८,९ स्थानबाट संपत्ति पाउने निश्चित छ र ती ती ठाउँबाट पाएको संपत्तिलाई मनन गर्दा आर्थिक दृष्टिले नारीहरु पछि परेका देखिँदैनन् । किनकि जहाँबाट पाउनु पर्ने हो त्यो ठाउँमा उनीहरुले आवश्यकतानुसार ल्याउने चलन र पाउने अधिकार पनि त्यत्तिकै सुरक्षित रहेको देखिन्छ । केलाएर हेर्ने हो भने आज अर्थात् वर्तमान् सामाजिक संरचनामा छोरीले छोरा सरह मात्र संपत्ति पाएको नभएर कतै कतै त केही बढी नै पाएको पनि हुनुपर्दछ । आजको सन्दर्भमा छोरीलाई अंशले ठगिएका वा अंश दिएमा छोरीको विकास हुन्छ भन्नुभन्दा ती पाइआएका संपत्तिहरुको जगेर्ना के कति हदसम्म गर्न सकेका छन् विचारणीय पक्ष त यो हो ।

महिलाहरुले प्रेमपूर्वक, रीस आदिका कारण या जँड्याहा लोग्ने आदिका कारण आफ्नो पाए भएको दाइजो या जायजेथा भनौं त्यो सबै पुरुषलाई दिने गर्दछन् अथवा छोराछोरी पढाउनमा खर्च गरिरहेका हुन्छन् र त्यो गएको संपत्ति चाहेर पनि फिर्ता लिन सक्दैनन् वा लिंदैनन् । फलस्वरुप उनीहरु निर्धन हुँदै जान्छन् । यसका लागि उनीहरु सचेत हुनु जरुरी छ भने बैंक आदिमा संपत्ति सुरक्षित राख्नका लागि पनि प्रत्येक नारी शिक्षित हुनु त्यत्तिकै आवश्यक छ । जुन नारीले आज पैसामा लेखेको अंकसम्म पनि चिन्दिन भने त्यो नारीबाट प्राप्त संपत्तिमा कति हदसम्म संरक्षण हुन सक्ला ? अंश माग्नु या दिनु भन्दा पहिले शोचनीय कुरा यो देखिन्छ ।

हाम्रा धार्मिक परम्पराका वेद, स्मृति, पुराण आदि ग्रन्थहरुका व्यवस्थालाई एक पक्षबाट हेर्दा र वर्तमान सन्दर्भलाई केलाउँदा छोरीले पैतृक संपत्तिमा समान हक पाउनु पर्छ भन्न सकिन्छ । किनकि सामाजिक जीवन संचालनमा छोरा छोरीको या महिला पुरुषको समान दायित्व भएकाले संपत्तिमा पनि बराबर हक लाग्नु स्वभाविक देखिन्छ । संपत्ति पाएपछि आज भइरहेका महिला उत्पीडन, दमन, शोषण जस्ता कुरीतिहरुको अन्त्य हुन सक्दछ । "समान संपत्ति समान श्रम विभाजन" जस्ता नाराले महत्वपूर्ण कार्यहरुको पनि विभाजन भई प्रत्येक सानातिना कामदेखि लिएर विशाल विशाल कार्यमा पनि महिलाहरुको उत्तिकै सहभागिता रहन्छ । बुँदागतरुपमा भन्नुपर्दा महिलालाई समान अंश दिंदा फाइदा हुने कुराहरु निम्न बमोजिम देखिन्छन् –

– महिलाहरुको आत्मबल बढ्छ ।
– इच्छानुसारको विवाह गर्न पाउँछन् ।
– पराश्रित जीवनबाट उन्मुक्त हुन्छन् ।
– उत्तरदायित्व बहन गर्ने क्षमतामा वृद्धि हुन सक्दछ ।
– आकांक्षानुसारको सन्ततिलाई शिक्षा दिन सक्दछन् ।
– महिला हक, हित, इज्जत जस्ता कुराहरुमा स्वयं सरिक हुन सक्दछन् ।
– केटीको संपत्ति हेरेर मात्र विवाह हुने हुनाले दाइजो प्रथाले आजको जस्तो घरमूलीलाई पिरोल्दैन ।
– केटाकेटीमा स्वयं विवाहका प्रस्तावक र समर्थक हुने हुनाले घरमूलीलाई केटो खोज्ने झन्झट हुँदैन ।
– महिलाले आफ्नो संपत्ति र रुचि अनुसारको पेशा अपनाउन पाउँछन् ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

१०– महिलावाटै महिला शोषित पीडित हुने जस्ता कुराको अन्त्य हुन सक्दछ ।

११– महिलाहरुको वर्तमान भीरु अवस्था हटी केही गर्नुपर्छ भन्ने भावना जागृत हुन सक्दछ ।

१२– लोग्नेलाई भित्र्याउने जस्तो नयाँ प्रथाको थालनी हुन सक्दछ ।

१३– वाहिरी र भित्री दुवै कार्यमा नारी पुरुष सरिक हुन्छन् ।

यी उल्लेखित वाहेक अन्य फाइदा पनि हुन सक्लान् ।

यसरी एकातिर फाइदाका कुराहरु हुने अनुमान गरिन्छ भने अर्कोतिर त्यत्तिकै मात्रामा हानि पुर्‍याउन सक्ने अवस्था पनि देखिन्छ । महिलालाई संपत्ति दिँदैमा तिनीहरु सुरक्षित, शिक्षित, रोजगारीपूर्ण जीवन–यापन जस्ता कुराहरुमा पूर्ण हुन सक्छन् भन्ने अवस्था समाजमा छैन । यिनै कुरालाई मुख्य मुख्य वुँदाको रुपमा यसरी भन्न सकिन्छ ।

१– शदियौंदेखि चल्दै आएको परम्परा खल्वलिन्छ ।

२– दाजुभाइ, दिदीवहिनी, वावु आमा र छोराछोरीवीच अमैत्रीपूर्ण व्यवहार हुन सक्दछ ।

३– मामा भाञ्जा, भाञ्जी र मावली, हजूरवा, हजूरआमा जस्ता नजीकको सम्वन्ध पनि टाढिन सक्दछ ।

४– संपत्तिसहित महिलाहरु भगाई लैजाने र संपत्तिहीन बनाई विभिन्न दु:ख दिई वाध्यतावश महिलाहरुलाई स्वदेश फर्काउने वा आत्महत्या गर्ने अवस्था सिर्जना हुन सक्दछ ।

५– जग्गा जमीन विखण्डित भई कृषि आयमा ठूलो कमी आउँछ ।

६– अंश पाउनका लागि मुद्दा मामिलाको झन्झट पनि व्यहोर्नु पर्दछ ।

७– वृद्ध अवस्थाका वावुआमाको सेवा सुसार गर्नमा दाजु भाइ र दिदीवहिनीहरुवीच वादविवाद खडा भई वावुआमा असुरक्षित हुन्छन् ।

८– छोरा र छोरीको विवाह खर्च अंशमा नै गणना हुन्छ ।

९– छोरीचेलीको मान मर्यादा घट्छ ।

१०– क्रमश: वावुआमाले नै संपत्ति संरक्षण गर्न छोडिदिन्छन् ।

११– पति पत्नीवीचको सुमधुर सम्वन्धमा संपत्तिका कारण अहंताको जरो गाडिनाले दाम्पत्य जीवन खल्लो हुन गई अप्रिय घटनाहरू पनि घट्न सक्दछन् ।

१२– संपत्ति तथा सन्ततिको रेखदेख एक्लै पनि गर्नुपर्ने अवस्था आउन सक्दछ ।

१३– महिलाको एक्लो जीवन र उच्छृङ्खल तत्वहरुको वृद्धिले समाजमा अत्याचार र वलात्कार जस्ता घटनाहरु अत्यधिक मात्रामा बृद्धि हुन्छन् ।

१४– कम संपत्ति भएका छोरीको विवाह हुन नसक्ने हुँदा नारी वेचबिखन तीव्ररुपमा बढ्न सक्दछ ।

१५– आज महिलाहरुको संपत्ति पति वा पुत्रले उपभोग गरिरहेको छ भने भोलि तेस्रो व्यक्तिको हातमा पनि पर्न सक्दछ ।

१६– महिला दुईतिर अंशियार हुने हुँदा असमानता स्पष्ट देखिन्छ ।

यस्ता विविध प्रकारका अन्य पनि समस्याहरु वेफाइदाका रुपमा हुन सक्ने हुनाले यो समस्या चुनौतिपूर्ण रहेको कुरा स्पष्ट छ । माथि देखाएभन्दा फाइदाको तुलनामा वेफाइदाहरु धेरै र सामाजिक खलल पुर्‍याउने खालका भएकाले प्रश्न यथावतै रहन्छ । यसै कारणले होला कि पाश्चात्य तथा पूर्वीय देशहरुमा पनि यस विषयलाई लिएर हालसम्म थालनी नभएको या लागू नै हुन नसकेको हो । अन्य कुरामा तिनीहरुलाई हामी सभ्य विवेकी, अनुकरणीय मान्ने तर यस विषयमा हालसम्म त्यहाँ त्यतातिर कतै पनि यो प्रयोग किन सिद्ध हु

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सकेन ? अतः समाजले मुलुकको वस्तुस्थिति विचार गर्नुका साथै एकोहोरो दृष्टिवाट निर्णय गर्नुभन्दा विवेकी दृष्टिले विविध पक्षवाट समस्यामाथि समाधानको मार्ग अन्वेषण गर्नु आवश्यक देखिन्छ ।

छोरी भनौं, नारी भनौं या महिला भनौं यिनीहरुको अवस्थालाई विविध पक्षवाट केलाउँदा र वर्तमान समाजको संरचनालाई हेर्दा यिनीहरुप्रति अन्याय अत्याचार भएको छैन भन्ने अवस्था नरहेकोले र केही हदसम्म संपत्ति दिएर समाधान हुने देखिए पनि विशेष गरेर उनीहरुलाई मानवीय अधिकारहरुको ज्ञान हुनुका साथै सामाजिक, आर्थिक तथा राजनैतिक कुराहरुमा कानून प्रदत्त अधिकारहरुको विशेष ज्ञान हुन नितान्त आवश्यक देखिन्छ । अन्यथा "कौडीमा पनि मिल्किन्छ भिल्लका देशमा मणि" भन्ने उखान सार्थक हुन सक्दछ । विना विचार गरेका प्रयोगहरु घातक सिद्ध हुन सक्छन् भने विचारपूर्वक गरेका प्रयोगहरूले समाज तथा राष्ट्रलाई दृढ समाज संरचनाको भूमिकामा ठूला ठूला योगदान पुर्‍याउने खालका खुराकहरु दिइरहेका हुन्छन् । विश्वका धेरैजसो देशहरुमा यसको प्रचलन नहुनुले छोरीलाई अंशको कुरा एउटा प्रयास सफल विफलको विषयमा पनि त्यत्तिकै महत्वपूर्ण प्रयोगको रुपमा देखिएको हुनाले यसका विविध क्षेत्रहरु जस्तै : महिला–महिलावीच, पुरुष–पुरुषवीच र पुरुप–महिलावीच कानूनी तराजुमा, सामाजिक तराजुमा तथा आर्थिक संरचनाको तराजुमा तौलिनुका साथै पूर्वतः चलिआएको परम्परालाई पनि त्यत्तिकै मात्रामा विचार गरी निर्णय गर्नुपर्ने देखिन्छ ।

यी कुराहरुलाई मनन गर्दा परिष्कृत व्यक्ति–व्यक्तिवाट बनेको समाज भएको खण्डमा तथा कानूनी शिक्षा को क्षेत्रमा पनि त्यत्तिकै विज्ञ समाज भएको अवस्थामा मुलुकको वौद्धिक विकासले गर्दा शैक्षिक तथा आर्थिक क्षेत्रवाट जनताको स्तर त्यत्तिकै मात्रामा उठ्न सक्ने हुनाले जनजीवन अत्यन्त विकसित अवस्थामा पुगेको हुन्छ । फलस्वरुप प्रत्येक व्यक्तिवाट व्यक्तिको कदर, समाजको कदर र राष्ट्रको कदर हुनुका साथै विश्वका प्रत्येक वस्तुलाई कदरपूर्वक हेरिएको हुन्छ । त्यहाँ कुनै व्यक्तिले व्यक्तिमाथि भेदभाव दृष्टिले नहेर्ने हुँदा पैतृक संपत्तिमा पनि छोराछोरीको अंश संवन्धी भेदभाव समाप्त भई "सुन्दर जीवन स्वच्छ विचार" जस्ता महान् गुणहरुको उदय अवश्य हुन्छ ।

हाम्रो शैक्षिक तथ्याङ्कानुसार धेरै महिलाहरु निरक्षर र अशिक्षित भएकाले तिनीहरुलाई समाजका विविध क्षेत्रमा उतार्न सक्ने किसिमको उचित शिक्षादीक्षा दिनु प्रथम कर्तव्य हुन जान्छ । अतः वर्तमान अवस्थामा छोर ालाई अंशभन्दा शिक्षा दीक्षा दिने कुरामा जोड दिनु समाजका सचेत व्यक्तिहरुको प्रमुख दायित्व हुन आउँछ । यसले महिलाको समान हक, अधिकारको सुरक्षा र चेतना वृद्धि हुनुका साथै समाज तथा राष्ट्रलाई आवश्यक योगदान पनि दिन सक्दछ । अतः हाम्रो जस्तो विकासोन्मुख राज्यले नारीहरुलाई उच्च शिक्षासम्म निःशुल्क व्यवस्था गर्नुका साथै व्यक्तित्व विकास गर्नका लागि विविध अवसरहरु प्रदान गर्न उपयुक्त देखिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मगर जातिबारे केही जानकारी

– लालमणि लामिछाने

मगर जात नेपालभर छरिएका भए पनि वाग्लुङ आदि धेरै ठाउँमा धेरै मगर गाउँ छन् । अझै पनि सुँगुर, जाँडरक्सी नखाने र जनै समेत लाउने मगरहरु छन् । मगर जातमा पनि राजा थिए, राज्य संचालन गर्थे । मगर जातलाई अझै पनि कहींकहीं महर भन्ने गरेकोले महाराजिक नामका गणदेवता अमरकोशमा लेखेकोले त्यसैको अपभ्रंश मगर हो इत्यादि कुरा धर्मप्रसाद श्रीशज्यूले लेख्नु भएको "मगराती संस्कृति" नामको पुस्तकबाट स्पष्ट छ । जनै लगाउने र नलाउने दुई प्रकारका मगर छन् । जनै लाउने मगरहरु जुम्ला, डोटी, महाकाली अञ्चलमा र भारतको कुमाउमा पाइन्छन् । मगरहरुको प्राचीन इतिहास अनुसार, सामरिक नीति सफल पार्न विशेष कारण र परिस्थितिवश सुँगुर पाल्ने र मासु खाने गरेका थिए । ज–जसले सुँगुर खाए, उनले जनै छोडे (मगराती संस्कृति–२८) । महामारीलाई कावू पार्न वराहदेवी कुलदेवतालाई सुँगुरको वलि दिनु पर्दछ भन्ने कुरा धामी झाँक्री पुरोहितले भन्दा त्यतिखेरसम्म मगरले सुँगुर छुँदैनथे । आफूलाई शुद्ध क्षत्रिय मानी जनै लाउने चलन थियो । आखिरमा केही उपाय नलागेर प्रजालाई त्यस महामारीवाट वचाउन राजाका कान्छा छोराले जनै छोडी सुँगुरको वलिपूजा गरी मासु खाए । त्यसपछि पाल्पादेखि पूर्वका मगरहरुले जनै छोडी सुँगुर पाल्न र मासु खान थाले । यिनमा चन्द्रवंशी र सूर्यवंशी पनि हुन्छन् । परम्परागत र हिन्दू चाडपर्व पनि मान्दछन् । मृत्युमा १० दिनमा ढिकुरो फुटाउने गर्दछन्, १२ दिनमा तर्पण गर्दछन् । वालक जन्मेको ११ दिनमा नामकरण गर्दछन् । लाश जलाउने चलन छ । जाँड रक्सी खाने पुरानो चलन हो । अचेल मगर समाज सुधार संगठनले शिक्षा प्रचार र जाँडरक्सी छुटाउने वा घटाउने आदि सुधारका काम गर्दैछन् । "दशै दर्शन" मा लक्ष्मी आचार्यले र यस अघि योगीराज नरहरिनाथज्यूले संस्कृत पद्यरचना नै गर्नुभएको छ । इत्यादिवाट मगर जाति हिन्दू एवं आर्य हुन् । मगरहरुमध्ये वौद्धमार्गी छन् तापनि ती आर्य वा हिन्दू हुन् । मगरहरु कुलायन पूजा तीन वर्षमा गर्दछन् । दुई वर्षमा देवाली गर्ने चलन त बाहुनहरुमा पनि देखिन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्तर्वार्ता

विभिन्न जात–जातिको सांस्कृतिक रीतिरिवाज, चालचलन आदिको बारेमा एक आपसमा परिचित हुँदै, समाजमा पिछडिएका जनजातिहरुको रीतिरिवाजको प्रसार प्रचार हुँदै जाओस् भन्ने उद्देश्य लिई दाङ विजौरी गाउँ विकास समिति वडा नं. ६ विजौरी निवासी करिब ६५ वर्षीय चन्द्रबहादुर सार्कीसंग र विजौरी गाउँ विकास समिति वडा नं. ८ वाँसगढी निवासी श्री भीमवहादुर घर्तीमगरसंग मर्यादा पत्रिकाका प्रतिनिधि धनेश्वर रेग्मीले गर्नुभएको कुराकानीको सारसंक्षेप–

(क) चन्द्रबहादुर सार्की

प्रश्न : तपाईंको जातमा थर गोत्र हुन्छ कि हुँदैन, हुन्छ भने तपाईंको गोत्र के होला ?

उत्तर : हुन्छ, म निपाय गोत्रको हुँ ।

प्रश्न : वच्चा जन्मँदा के कसो गर्ने गरिन्छ र नाम राख्ता अथवा सुत्केरी चोख्याउँदा केही विधिविधान गर्ने चलन छ कि ?

उत्तर : वच्चा जन्मेपछि खुर्पीले नाल काट्ने गरिन्छ । सूतक नौ दिनसम्म रहन्छ । नौ दिन पुगेपछि भान्जा या जुवाइँलाई वोलाएर दुवो, गउँत, जौ–तिल, कुश, तामाको पैसा मिलाएर खोलामा लगी वगाउन पठाइन्छ र पुन: अर्को भाँडामा त्यस्तै सवै वस्तु मिसाएको गउँत वनाई दुवोले घरमा छर्ने, सुत्केरीलाई खान दिने चलन छ । सोही दिन बावु र बच्चालाई पहेंलो धागो बाँधिदिने समेत काम गरेपछि सुत्केरो शुद्ध हुन्छ, त्यसै दिन वच्चाको नाम पनि राखिन्छ ।

प्रश्न : अनि पहिलो पटक बच्चाको कपाल फाल्ने काममा पनि विशेष चलन छ कि ?

उत्तर : छ, क्षौर गर्दा मावलीलाई बोलाइन्छ । मावलीले वच्चालाई नयाँ कपडा लगाइदिने र मावलीका हातबाटै कपाल फालिदिने गरिन्छ । क्षौर गर्दा बच्चाको बावुका तर्फबाट भोज गराउनु पर्दछ ।

प्रश्न : वच्चाको भातख्वाइ (पास्नी) कुन वेला कसरी गरिन्छ बताइदिनु हुन्छ कि ?

उत्तर : छोराछोरी जे भए पनि वच्चा ८ महिनाको भएपछि सकेसम्म गोतियार इष्टमित्रहरुलाई बोलाई धूमधामसंग भातख्वाइ गर्ने चलन छ ।

प्रश्न : विवाह गर्दा केटाकेटी आफूखुशी गर्छन् कि बावु आमाले मागेर गरिदिन्छन् ?

उत्तर : केटाकेटी मिलेर पनि गर्दछन् र पछि मञ्जुरी गरिन्छ । परम्परा अनुसार धेरैजसो मगौनी विवाह नै गरिन्छ । केटी माग्नजाँदा खसी, रक्सी र रोटी लिएर केटीको घरमा गई कुराकानी गरेपछि यदि कुरा मिल्यो भने लगेको कोसेली केटी पक्षकाले लिन्छन्, केटा पक्षलाई एकमाना चामल र एक रुपियाँ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दिन्छन् । त्यो एक रुपियाँ र चामल केटा पक्षको मानिसले कुर्ताको फेरामा थापेर लिन्छन् । यसलाई पोल्टोथापी भन्दछन् र तोकिएको दिनमा जन्ती लगी विहा गरिन्छ ।

प्रश्न : जन्ती जाँदा, दुलही ल्याउँदा कसरी गरिन्छ ? वताइदिनुहुन्छ कि ?

उत्तर : जन्ती जाँदा सिंगारिएको दुलाहालाई भाञ्जा या जुवाइँले टीका लगाइदिएपछि २० ओटा रोटी, रक्सी, खसी,पाहुर लगेर जन्ती जान्छन्, दुलहीको घरमा जन्तीले भात खाइसके पछि लगेको पाहुर बुझाउँछन् । अनिमात्र दुलाहा दुलहीको गोडाधोइ हुन्छ, दुलाहाले दुलहीलाई लुगा गहना र जुठोख्वाइवापत औंठी दिन्छन् । दुलही पक्षकाले दुलाहालाई फेटा र गाग्री ताउलो अन्य भाँडा पनि दिन्छन् । दुलाहाको बावुलाई ३ हातको फेटा बाँधिदिन्छन् । सम्धीमेलो गर्दा सराहँ खेल्दै रक्सी खुवाउने गर्दछन् । अर्को दिन दुलही लिएर घर जान्छन् । विवाहको पाँच दिनभित्र दुलही फर्काउनु पर्दछ । यसलाई तारा फर्काउने भन्दछन् । यति गरेपछि विवाहको रसम पूरा हुन्छ ।

प्रश्न : तपाईंको जातमा मान्छे मर्दा के गर्नुहुन्छ ?

उत्तर : जातीय मानिस मर्ने बेलामा मुखमा सुनपानी दिन्छन् । मरेपछि मृतकको लागि एक माना चामल छातिमा राखेर गाडिदिने वा दाह गर्ने चलन छ ।

प्रश्न : अनि त्यसपछि ?

उत्तर : सोही दिनदेखि १० दिनसम्म छोराहरु कसैसंग नछोइएर नूनतेल नखाई एक छाक मात्र खाएर बस्छन् । मृतकले प्राण छोडेको ठाउँमा १० दिनसम्म नै अखण्ड वत्ती वालिदिन्छन् । दशौं दिनमा ५ ओटा खोप्चा बनाई रौं, धानको भुस, कपासका गेडा, फाटेका कपडा खरानीमा मोलेर ५ ओटा खोप्चामा राखी दोबाटोमा लगेर मसान फाल्ने गर्नुपर्दछ । अलिपर चौबाटोमा गाईको गोवरले लिपेर त्यस ठाउँमा मृतकको नाउँमा दालभात राखिदिनु पर्दछ । अनि सुकेको लौकाभित्र सुकेका पात राखी क्रियापुत्रीले फोड्नु पर्दछ ।

११ औं दिनमा जौ–तिल, कुश, गउँत मिसिएको जल पानीले लिपेको घरमा छर्ने र जुठो फाल्नको लागि क्रियापुत्रीले नुहाएर जौको पीठोका १६ ओटा पिण्ड बनाई खोलामा लगी बगाउँछन् । ३ ओटी कन्यालाई टीका लगाई दक्षिणा दिन्छन् । क्रियापुत्रीले पनि गउँत खान्छन् र खोलाबाट फर्कन्छन् । जुवाइँ भाञ्जाले क्रियापुत्रीलाई टोपी लगाइदिन्छन् र जुठो शुद्ध हुन्छ ।

प्रश्न : श्राद्ध पनि गर्ने चलन छ कि ?

उत्तर : छ । सोह्र श्राद्धको औंसीका दिन जौको पीठोका १६ पिण्ड बनाई केराको पातमा पिण्ड दिनु पर्दछ ।

प्रश्न : चाडपर्व के के मान्नुहुन्छ ?

उत्तर : दशैं, तिहार, साउने संक्रान्ति, माघे संक्रान्ति यही त हो । जनै पूर्णिमामा बाहुनले धागो दिएमा बाँध्छौं ।

प्रश्न : झारफुक पनि गर्नुहुन्छ कि ?

उत्तर : झारफुक पनि गर्छौं, डाक्टर, वैद्य पनि जँचाउँछौं ।

प्रश्न : झारफुकवारे केही वताइदिनुस् न ?

उत्तर : लागुभागु बोक्सी थाहा पाउन अक्षता हेरिन्छ । अक्षता फुकेपछि १२ ओटा अक्षता वेरामीलाई खान दिइन्छ । उहिले ९ बैनी वोक्सी थिए रे, वोक्सीका २२ विद्या झाँक्रीका १८ विद्या भन्छन् । यसमा धेरै कुरा के गर्ने भो छोडिदिऊँ वावु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

(ख) भीमबहादुर घर्तीमगर

प्रश्न : तपाईं कति वर्षको हुनुभयो ?

उत्तर : म लगभग ७२ वर्षको भएँ हुँला ।

प्रश्न : तपाईंहरु कहिलेदेखि दाङमा बसोवास गर्न थाल्नु भएको हो ?

उत्तर : एकीन साल गते त थाह छैन । तर मेरा जिज्यू वुवाका पालादेखि हामी हालको रोल्पा जिल्लावाट वसाइँ सरी स्थायीरुपले यहाँ वस्न थालेका हौं ।

प्रश्न : तपाईंहरुको कुल वा गोत्र के हो ? गोत्र हुन्छ वा हुँदैन वताइदिनुहुन्छ कि ?

उत्तर : हिन्दुधर्म मान्ने सवैको एउटा न एउटा गोत्र त हुन्छ नै, त्यस्तै हाम्रो गोत्र "कौशिल्य" र कुलदेवता "कैलो वराह" हुन् । हामीहरुले कुलको पूजा गर्छौं र भेंडाको वलि दिने गर्दछौं ।

प्रश्न : तपाईंहरुको धार्मिक सांस्कृतिक चलनका वारेमा छोटकरीमा वताइदिनुहुन्थ्यो कि ?

उत्तर : हेर्नुस् हाम्रो चालचलन जम्मै हिन्दु धर्मले भने वमोजिम नै गर्ने गर्छौं । त्यसमा हामी पढे लेखेका नभएकाले विधिपूर्वक मन्त्रको प्रयोग त हुन सक्ने कुरा भएन तर सूक्ष्मरुपमा हस्तक्रियामा वताइएका कुराहरु केही न केही रुपमा अनुकरण गर्ने गर्दछौं, त्यसो त "पुरेत वाजे" लाई डाकी ल्याई न्वारन, सत्यनारायण पूजा आदि पनि गराउने गर्छौं । मुख्यतया आमरुपमा वालकको जन्मदेखि मानिसको मृत्युपर्यन्तका सवै कामहरु गर्छौं, त्यसमा बालक जन्मेको छैठौं दिनमा छैंटी र एघारौं दिनमा न्वारन गर्छौं । गाईको गउँत, सुनपानी छिटी सुत्केरी नवजात बालक र घरका अन्य जनहरुलाई पनि यसै तरिकाले शुद्धयाउने चलन छ, आहुति दिने पनि स्वयं गर्छौं । पहेंलो धागो वच्चा, आमा, वावु समेतलाई रक्षा हुन्छ भनी बाँधिदिने चलन छ ।

त्यसपछि छोरो वा छोरी जस्को पनि पाँचै महिनामा भातख्वाइ (पास्नी) गर्ने चलन छ । यसमा अरुमा जो चलन छ त्यस्तै कर्म गरिन्छ । विशेप गरी मामा मावलीको खोजी हुन्छ । एवं रीतले वालक सातवर्षको भएपछि क्षौर गर्ने चलन छ । कपाल फाल्दा केटाका अगाडितिर कलम–कापी, लठ्ठी आदि राखिदिन्छन् । वालकको रुचि अनुसार वालकले जुन वस्तु पक्रन्छ, त्यसै अनुरुप उसको जीवन यात्रा वित्छ भन्ने मान्यता छ ।

विवाहको प्रसंगमा केटाकेटीको मिलोमतोवाट घरका मान्यजनको सहमति वा असहमतिमै पनि भगाई लगी घर भित्र्याउने किसिमको विवाह पनि गर्छन् । त्यसको कुनै विधि हुने कुरै भएन । तर पुरानो चलनमा मागी विवाह गर्दा राम्री लायक कन्या ठम्याइसकेपछि वर पक्षका २–४ जना नातेदार भलाद्मी जाँड रक्सी र औकातले भ्याए खसी, नभ्याए कुखुराको भाले भए पनि लिई कन्यापक्षका घर जाने र कन्याका बावु आमा वा अभिभावकसंग विवाहको कुरो छिन्ने, कुरो मिलेपछि कन्यापक्ष र वर पक्षका मिली लगिएको जाँडरक्सी, मासु आदि वस्तु आपसमा बाँडी खाने र त्यसै समयमा विवाहको दिन पनि निश्चित हुन्छ, निश्चित दिनमा जन्ती लिई कन्याका घर जानुपर्छ । जाँदा वेहुलीलाई सके गहना र कपडा, नभए लगाउने कपडा र दुलहीकी आमालाई एकजोर लगाउने कपडा लिई जानु पर्छ, जन्ती दुलहीका घर आंगनमा पुगेपछि अक्षता छिटी पर्छने चलन छ, त्यसपछि कन्यादान गर्‍यौं भनी गोडा ढोगी छोरी ज्वाइँलाई सुम्पने र कन्यापक्षका अभिभावकहरुले नव वरवधूलाई टीका दक्षिणा गरी आशीर्वाद दिन्छन् अनि त्यहाँ दुलाहाले दुलहीलाई सिन्दूर निधारमा लगाइदिन्छन् सम्धीमेलो गर्ने पनि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

चलन छ, यसरी ख्वाइप्याइ गरी जन्ती विदा गरिन्छ। उता वरका घरमा दुलही पुग्दा दुलहीलाई सासूले घरमा भित्र्याउँछिन्। अनि वाटो छेक्ने काम गरिन्छ। त्यसपछि सासूले छोरा वुहारीलाई टीका लगाइदिइं आशीर्वाद दिन्छिन् र नववधूलाई सासूले दक्षिणास्वरुप भेटी दिन्छिन् र मुख हेर्छिन्। अनि वुहारीले सासूको दुवै गोडामा ढोग्दछिन्। विवाह भएको ५–७ दिनभित्र नव वरवधू वधूका माइतीमा जान्छन्। यसलाई दैलो फर्काउने वा देली फर्काउने भन्ने चलन छ। अनि विवाहको विधि पूरा भएको मानिन्छ।

प्रश्न : मृत्यु संस्कारका बारेमा पनि केही बताइदिनुहुन्थ्यो कि ?

उत्तर : मृत्यु हुने अवस्थामा सुनपानी मुखमा हालिदिन्छन्। मृतकका छातिमा एक मानो चामल हिरन राखी सेतो कफनले मुर्दा वेरी अन्त्येष्टि गर्न गाउँ वाहिर खोला वा एकान्त स्थलमा लगिन्छ, सामर्थ्य अनुसार मुर्दा गाड्ने वा जलाउने दुवै प्रचलन छ। मृतकका छोराले एक छाक खाने र कसैसंग नछोएर भात, तेल, नून नखाई फलाहारी भई १३ दिनसम्म नै किरिया वस्ने गर्दछौं। किरिया वस्दा घरभित्र शुद्ध ठाउँमा वसी अखण्ड वत्ती वाल्ने चलन छ।

मृतकलाई पहिलो दिनदेखि माटोको डिग्रो (ढिस्को) वनाई त्यसमै ९ दिनसम्म मृतकको आत्मशान्तिका लागि पूजा गर्ने र दशौं दिनमा सो डिग्रो फोडी घरमा लिपपोत गरी सुनपानी छिट्ने र जौ, तिल पनि छिट्ने चलन छ। तेह्रौं दिनमा संभव भए वाहुन वोलाई वाहुनवाट गउँत लिई मृतकका घरपरिवार र गोतियार बन्धुहरुले खाने गर्छौं। मृतकको नाममा गच्छे अनुसार दान दक्षिणा गरिन्छ। अगाडि त १ वर्षसम्म वरखी वार्ने चलन थियो रे, अहिले बरखी वार्ने चलन भने छैन।

प्रश्न : तपाईंहरुमा अन्य व्रत पूजा पर्व मान्ने चलन पनि त होला नि ?

उत्तर : अवश्य पनि छ, दशैं तिहार त धूमधामले मनाउँछौं। जमरा राख्ने, गच्छे र भाकल अनुसार बलि दिने पनि गर्दछौं। माघे संक्रान्ति, साउने संक्रान्ति आदि पनि खूव मनाउने गर्छौं। यसका अतिरिक्त समय समयमा सत्यनारायणको पूजा लगाउँछौं। चौरासी पूजा पनि मगर समाजमा गर्ने प्रचलन छ। त्यस्तै वावुआमाको तिथिमा सक्नेले वाहुन वोलाई वा नसक्ने वा अनुकूल नपर्नेले स्वयं श्राद्ध गर्ने गर्दछौं।

प्रश्न : तपाईंहरुले भूत, वोक्सी, धामी, झाँक्री मान्ने गर्नुहुन्छ ?

उत्तर : घरका साना ठूला परिवारका सदस्यहरु वेरामी पर्दा भूत वोक्सी लाग्यो भनी धामी झाँक्री गराउने प्रचलन अझै हाम्रो समाजमा छ तर मानिसहरु लेखापढी गरी देश विदेश हिंड्ने र रोग र औषधिका वारेमा वुझ्ने परिपाटी वस्दै गएकोले यस मान्यतामा केही कमी आएको छ, पहिले त धामी, झाँक्री गराउनु वाहेक अर्को उपाय थिएन तर आजकल गाउँघरमै अस्पताल खुली औषधिको सुलभता भएको र समाजमा शिक्षाको प्रचार प्रसार भएवाट रुढी र अन्धविश्वासमा विजय पाउँदैछौं। तर त्यसो भन्दैमा आफ्नो मौलिकपन र परम्परागतरुपमा चल्दै आएका विधिव्यवहारलाई पनि छोडिहाल्नु हुँदैन। गुणदोष हेरी छुट्याउने गर्नु पर्छ भन्ने मलाई लाग्दछ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सन्देह निर्णय समितिका निर्णयहरु

विभिन्न विषयमा उठेका प्रश्नका सम्बन्धमा सन्देह निर्णय समितिको निर्क्योल यसप्रकार छ :-

प्रश्न नं. १– क्षणिक वैराग्यद्वारा शिखा, सूत्र, गृहत्याग गरिसकेको तर सन्यास विधिअनुसार विरजाहोम नगरेको कुनै सन्यासी केही समय पश्चात् पुनः आफ्नो गृहस्थाश्रममा पूर्ववत् गृहस्थी हुन सक्छ या सक्दैन ?

उत्तर : सनातन शास्त्रहरुले कसैलाई तलतिर झर्ने उपदेश दिँदैनन् । प्रश्नानुसार सन्यासी भनिएको व्यक्ति सन्की जस्तो देखिन्छ र यो प्रश्न पनि अवनतिपरक छ । गृहस्थाश्रमवाट वानप्रस्थ हुँदै सन्यासतिर जाने शास्त्रीय विधि पाइन्छ तर सन्यासवाट गृहस्थ हुने विधि पाइँदैन र उचित पनि होइन । वरु सन्यास लिंदा के कस्ता अवस्थ पार गरेर मात्र सन्यास लिने भन्ने कुरामा वृहद् छलफल गरी निर्णय लिने भन्ने पाइन्छ । अतः गृहस्थले सन्यास हुँदा आफ्नो जिम्मेवारीको पूरा पूरा वहन गरेको हुनु पर्दछ भन्ने कुरामा शास्त्रले जोड दिएको छ । जस्तै :

विहाय वृद्धौ पितरौ शिशुं भार्यां पतिव्रताम् ।
त्यक्त्वाऽसमर्थान् बन्धूँश्च प्रव्रजन्नारकी भवेत् ॥
सम्पाद्य गृह्यकर्माणि परितोष्यागमानपि ।
निर्गमो निलयाद्गच्छेन्निष्कामो विजितेन्द्रिय : ॥ इत्यादि ॥

वस्तुतः उपर्युक्त व्यक्तिले शिखासूत्र तथा गृहत्याग अविधिपूर्वक नै गरेको देखिन्छ ।

अगत्या कोही व्यक्ति सन्यासवाट झर्दछ भने उसको अवस्था हेरेर वानप्रस्थी हुनु राम्रो हो र यदि गृहस्थी भएर नै वसेमा गिरी पुरीका थरले समाजमा चिनिन्छ । गृहस्थी गिरी पुरी हुनलाई पूर्व सन्यासी व्यक्तिले विधिपूर्वक घृतकुम्भादि विधिअनुसार जन्म लिनु पर्दछ र सवै संस्कार गर्नुपर्दछ । कारण उसले गृहस्थधर्म, माता–पिता, वन्धु वान्धव सवै त्यागिसक्यो । पुनः संस्कार भए पनि सपिण्डादिलाई तीन दिन मात्र आशौच लाग्दछ । उ पंक्तिपावनादि स्वजातीयत्वमा पनि पूर्ववत् रहँदैन ।

गृहस्थाश्रममा लालायित सन्यासीलाई घृतकुम्भादिवाट जन्म गराई गृहस्थी वनाउनु भनेको अनन्यगतिक अवस्थाको मात्र संकेत हो ।

प्रश्न नं. २– कुनै व्यक्ति खोलामा बगेछ, खोज्दा भेट्न सकिएन । बगेको व्यक्ति मर्‍यो भन्ने ठानी पुत्तलदाह गरी और्ध्वदेहिक क्रिया विधिवत् गरिसकेको तर संयोगवश त्यो व्यक्ति वाँचेको रहेछ र केही महिना या वर्षपछि आयो भने के गर्नु पर्ला ?

उत्तर : कुनै व्यक्तिलाई खोलाले वगाएको देख्दैमा मरेको निश्चय गर्नु हुँदैन । वैज्ञानिक दृष्टिले पनि लास सड्ने समय (लगभग १ महिना) सम्म खोज्नु पर्दछ । कथञ्चित् एक महिनासम्म खोज्दा पनि लास भेटिएन भने वगाएको अर्को महिनाको तिथि मितिलाई लिएर विधिपूर्वक पुत्तलदाह गरी काजक्रिया सुरु गर्नु पर्दछ । यसरी

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

काजक्रिया गरिसकेको व्यक्ति महिनौं या वर्षौंपछि आयो भने घृतकुम्भाादि विधिअनुसार पुनर्जन्म गराई जातकर्मादि पूर्ववत् संस्कार गरिदिने । जीवित व्यक्ति विवाहित रहेछ भने पूर्व पत्नी पनि जीवितै भए उससंग विवाह गरिदिने । पत्नी मरेकी तर ऊ विवाहेच्छु भएमा अन्य कन्यासंग विवाह गरिदिने ।

पुरुषार्थ चिन्तामणिको ५२७ पेजमा जातुकर्ण्यको वचन यसप्रकार छ –

(१) जीवन्यदि स आगच्छेद् घृतकुम्भे नियोजयेत् ।
उद्धृत्य स्नापयित्वाऽस्य जातकर्मादि कारयेत् ॥
द्वादशाहं व्रतचर्या त्रिरात्रमथवास्य तु ।
स्नात्वोद्वहेत तां भार्यामन्यां वा तदभावत : ॥
अग्नीनाधाय विधिवद्व्रात्यस्तोमेन वा यजेत् । इति ।

(२) अथवा अग्निग्रहण गरेर व्रात्यस्तोमयज्ञद्वारा पनि गृहस्थी बन्न सक्दछ ।

प्रश्न नं. ३– कुनै उच्च जातीय व्यक्तिले विजातीया स्त्री ल्याएछ भने त्यस्ता विजातीया स्त्रीबाट जन्मेका छोराले पितादिको और्ध्वदेहिक, सापिण्ड्यादि क्रिया गर्न बन्छ कि बन्दैन ?

कसैले विजातीया स्त्री (जस्तै ब्राह्मणले क्षत्रिया र वैश्या, क्षत्रियले वैश्या) ल्याएमा त्यस्तावाट जन्मिएका सन्तानले पिता, पितामहादिको और्ध्वदेहिक गर्नुभन्दा सापिण्ड्यले गर्ने । त्यो नपाएमा अन्य ब्राह्मणद्वारा भए पनि सुरुदेखि वार्षिक श्राद्धपर्यन्तका पिण्डदानादि कर्म गराउनु उत्तम हुन्छ । पछि पनि ब्राह्मणद्वारा भएमा राम्रो हो ।

ब्राह्मण नपाएमा विजातीयाका पुत्रले पनि क्रिया गर्न चाहिँ पाउँछ । तर प्रारम्भिक अवस्थादेखि नै जौका पीठाको पिण्ड दिने वा गाईका दूधको कुराउनी (खुवा) को पिण्डदान गर्नु पर्दछ । पाक्य शुद्ध मानिदैन । अस्पृश्य जातिकी स्त्री ल्याएमा पत्नीत्व जाति प्राप्त हुने हुनाले और्ध्वदेहिक कर्म गर्ने अधिकार रहँदैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

शास्त्रानुसन्धान परिषद्का सदस्यहरुको नामावली

(१)	प्राचार्य श्री स्थानेश्वर गौतम	अध्यक्ष
(२)	माननीय श्री महेश चौधरी	सदस्य
(३)	श्री अमरराज शर्मा	सदस्य
(४)	आयुर्वेद चिकित्सालय प्रमुख, विजौरी	सदस्य
(५)	प्रा. श्री तीर्थराज शर्मा सुवेदी	सदस्य
(६)	सहप्रा. श्री लोकमणि देवकोटा	सदस्य
(७)	प्रि. श्री घनश्याम डाँगी	सदस्य
(८)	प्रि. श्री राजेन्द्र चौधरी	सदस्य
(९)	उपप्रा. श्री गदाधर पौडेल	सदस्य
(१०)	उपप्रा. श्री स्थानेश्वर पौडेल	सदस्य
(११)	श्री लालमणि लामिछाने	सदस्य

सन्देह निर्णय समितिका सदस्यहरुको नामावली

(१)	सहप्रा. श्री स्थानेश्वर गौतम	अध्यक्ष
(२)	प्रा. श्री तीर्थराज शर्मा सुवेदी	सदस्य
(३)	उपप्रा. श्री स्थानेश्वर पौडेल	सदस्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDI

मर्याद
१८
जद्दी
गी

मुद्रक : राप्ती अफसेट प्रेस, त्रिभुवननगर घोराही दाङ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu